◆ **सम्पादकीय**
प्रमुख लक्ष्य संविधानसभा २
◆ **राष्ट्रिय राजनीति**
संविधानसभाको चुनाव र नीति तथा कार्यक्रम - **रघु पन्त** ३
◆ **आवरण**
संविधानसभाको निर्वाचनमा ध्यान केन्द्रित गरौं - **माधवकुमार नेपाल** ५
पन्ध्रौं बैठकबाट पारित प्रस्तावहरू ८
पन्ध्रौं बैठकका निष्कर्षहरू- **प्रदीप ज्ञवाली** ९
◆ **मजदुर**
ट्रेड युनियन आन्दोलनको स्वरुप – **मुकुन्द न्यौपाने** ११
◆ **अर्थतन्त्र**
बजेटको चिरफार गर्दा – **डा. गोविन्दबहादुर थापा** १५
◆ **पार्टी जीवन**
पार्टी निर्माणबारे केही कुरा – **पुरुषोत्तम पौडेल** १७
◆ **विश्लेषण**
अन्तरिम संसद्मा माओवादीको भूमिका – **प्रकाश ज्वाला** १९
◆ **बहस**
जनताको बहुदलीय जनवाद र पार्टीको लोकतान्त्रीकरण- **भानुभक्त ढकाल** २१
नयाँ नेपाल निर्माणका लागि राज्यको पुन:संरचना – **कृष्ण न्यौपाने** २४
संविधानसभाबारे ध्यान दिनुपर्ने कुरा - **नुरराज बस्याल** २५
◆ **टिप्पणी**
गणतन्त्रका लागि गद्दी त्याग ! – **सूर्य थापा** २७
◆ **सरोकार**
बेलायती गोर्खा सेनाको आन्दोलन – **हेमराज राई** २९
◆ **स्मृति**
हामी पुष्पलालाई किन सम्झन्छौं ? – **गोविन्द ज्ञवाली** ३२
◆ **दलित**
सङ्क्रमणकाल र दलितको दायित्व – **ईश्वरी रिजाल** ३४
◆ **अभियान**
चौतारीको अधिवेशन र प्रेस स्वतन्त्रता – **गणेश बस्नेत** ३५
◆ **चिनारी**
सङ्घर्षशील कमरेड ओजराज – **भद्र शर्मा** ३६
◆ **द्वन्द्वपीडित**
माओवादीद्वारा बेपत्ता पारिएका परिवारका सम्बन्धमा ३८
◆ **पुस्तक**
राजतन्त्रको अर्थराजनीति – **रघु पन्त** ४०

# प्रमुख लक्ष्य संविधानसभा

*दुई हप्तासम्म चलेको नेकपा (एमाले) केन्द्रीय कमिटीको पन्ध्रौं बैठक आफ्नो सम्पूर्ण ध्यान आगामी मङ्सिर ६ गते हुने संविधानसभाको निर्वाचनमा केन्द्रित गर्ने निर्णय गर्दै समाप्त भएको छ। राजनीतिक क्षेत्रमा निकै चासोका साथ हेरिएको बैठकमा देशभरि नेकपा (एमाले) को स्थिति कस्तो छ भन्नेबारेमा विस्तृत रूपले जानकारी गराइएको थियो। केन्द्रीय सदस्यहरूले प्रस्तुत गरेको विश्लेषणका आधारमा भन्ने हो भने नेकपा (एमाले) जनताको बीचमा प्रमुख शक्तिका रूपमा रहेको छ, जनताको विश्वासप्राप्त राजनीतिक दलका रूपमा रहेको छ र देशलाई हाँक्ने क्षमता राख्दछ। नेकपा ( एमाले) का कार्यकर्ताहरू गाउँ-गाउँमा आफ्नो राजनीतिक अडानका साथ क्रियाशील छन्। आवश्यकता उनीहरूको क्रियाशीलतालाई अझ बढाउने, गाउँ-गाउँमा राजनीतिक गतिविधि पुऱ्याउने र पार्टीलाई जनताको बीचमा अझ राम्रोसँग स्थापित गर्ने रहेको छ।*

*यो बैठकबाट नेकपा (एमाले) ले आफ्नो तत्कालको कामको केन्द्रविन्दु संविधानसभाको निर्वाचनलाई बनाएको छ र सम्पूर्ण पार्टी पङ्क्तिलाई संविधानसभाको निर्वाचनको तयारीमा जुट्न आह्वान गरेको छ। महासचिव माधवकुमार नेपालको संयोजकत्वमा संविधानसभा निर्वाचन केन्द्रीय परिचालन कमिटी गठन गरेर नेकपा (एमाले) ले संविधानसभा निर्वाचनको 'महायज्ञ' सफल पार्न अघि बढेको सन्देश दिएको छ।*

*निर्वाचनको काममा ध्यान केन्द्रित गर्नुपर्ने हुँदा आठौँ महाधिवेशन संविधानसभाको निर्वाचनपछि गर्ने भन्ने विषयमा बैठकमा सबैको सहमति थियो। पार्टीलाई अझ एकताबद्ध, सुदृढ र गतिशील बनाउने उद्देश्यका साथ आठौँ महाधिवेशन गर्नुपर्छ भन्नेमा सबैको एकमत थियो।*

*नेकपा (एमाले) को काँधमा देशलाई लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्याउने, महान् र ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतन्त्रलाई संस्थागत रूपमा सुदृढ पार्ने, राष्ट्रियताको संरक्षण गर्दै जनताका अपेक्षाहरूलाई पूरा गर्ने अभिभारा रहेको छ। यो अभिभारा पूरा गर्न नेकपा (एमाले) एकताबद्ध हुनुपर्छ, यसको नेतृत्वपङ्क्तिले सानातिना स्वार्थलाई पन्छाएर आपसी समझदारी र विश्वासलाई अझ बढाएर सिङ्गो मुलुकलाई नेतृत्व दिन अघि बढ्नुपर्छ।*

*नेकपा (एमाले) लाई लाञ्छित गर्ने र कमजोर तुल्याउने, अफवाह फैलाएर जनताको मनमा एमालेप्रति भ्रम उत्पन्न गर्ने र आगामी संविधानसभाको निर्वाचनमा एमालेलाई प्रमुख शक्तिका रूपमा आउन नदिने षड्यन्त्रको तानाबाना बुन्न घोर दक्षिणपन्थीहरू त लागेकै छन्, साथसाथै लोकतान्त्रिक खेमाभित्र रहेका सुधारवादीहरू र उग्रवामपन्थी भड्काउ बोकेका राजनीतिक दलहरू पनि लागिरहेका छन्।*

*नेकपा (एमाले) आठ दलभित्रको एउटा प्रमुख शक्ति हो। संयुक्त मोर्चा भनेर भन्ने नगरिए पनि आठ दल संयुक्त मोर्चाको एउटा रूप नै हो। यो मोर्चामा रहेका दलहरूबीच एकता पनि छ र मतभिन्नता पनि छ। यस्तो हुनु स्वाभाविक पनि छ।*

*आठ दलभित्रका दलहरू कतिपय विषयमा साझा निष्कर्षमा पुग्नु आवश्यक छ। खास गरेर गणतन्त्रका बारेमा नेपाली काङ्ग्रेसले आफ्नो स्पष्ट धारणा बनाउनुपर्ने देखिन्छ। नेपाली काङ्ग्रेसले राजतन्त्र चाहिँदैन भनेर निर्णय गरेको खण्डमा आठ दलभित्र तत्काल लोकतान्त्रिक गणतन्त्रका बारेमा सहमति हुने अवस्था छ। पार्टी केन्द्रीय कमिटीको पन्ध्रौँ बैठकले आठ दलकै साझा लक्ष्य लोकतान्त्रिक गणतन्त्र हुनुपर्ने कुरामा जोड दिँदै आठ दलको एकतालाई अझ बलियो बनाउनुपर्छ भनेको छ।*

*केन्द्रीय कमिटीको यो बैठकका बारेमा विभिन्न पत्रपत्रिकामा अनेकौँ प्रकारका टीका-टिप्पणी भए। देशको एउटा महत्त्वपूर्ण र ठूलो राजनीतिक दलको बैठकप्रति राजनीतिमा रुचि राख्नेहरूका साथसाथै सञ्चारमाध्यमहरूले चासो देखाउनु स्वाभाविकै हो। यत्रो ठूलो दलको बैठकमा अनेकौँ विचारहरू व्यक्त हुनु, छलफल र बहस हुनु र विभिन्न कोणबाट तर्कहरू अभिव्यक्त हुनु एउटा स्वाभाविक प्रक्रिया हो। यस्तो कुरा हाम्रो पार्टीको विगतदेखि नै चल्दै आएको परम्परा पनि हो। छलफल गर्ने, बहस गर्ने र अन्तमा निष्कर्षमा पुगेपछि सबैले त्यसलाई कार्यान्वयन गर्ने हाम्रो आफ्नै कार्यशैली पनि हो।*

*केन्द्रीय कमिटीको यो बैठक समग्र राष्ट्रको वस्तुस्थितिका बारेमा समीक्षा गर्न, आफ्नै सङ्गठनको तत्कालको अवस्था बोध गर्न र भावी दिनमा गर्नुपर्ने कामहरूलाई प्रस्ट ढङ्गले खुट्याउन सफल भएको छ।*

*संविधानसभालाई प्रमुख लक्ष्य बनाएर अघि बढ्न र त्यसैका लागि पार्टीको सम्पूर्ण शक्ति लगाउन पन्ध्रौँ बैठकले दिएका निष्कर्षहरूलाई मनन गरौँ र कार्यान्वयन गरौँ।*

# संविधानसभाको चुनाव र नीति तथा कार्यक्रम

## ' रघु पन्त

आठ दलको गठबन्धन सरकारले यही असार २० गते व्यवस्थापिका-संसद्‌को बैठकमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम यही २७ गते पारित पनि भइसकेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रस्तुत उक्त नीति तथा कार्यक्रममा सरकारमा सामेल नेकपा (माओवादी) का थुप्रै सांसदहरूले समेत संशोधन प्रस्ताव दर्ता गराएका थिए। सरकारको प्रमुख घटक रहेको दलका सांसदहरूले नै संशोधन प्रस्ताव दर्ता गराएको नेपालको संसदीय इतिहासमा यो पहिलो, नौलो र उदेकलाग्दो उदाहरण हो। सरकारमा प्रतिनिधित्व गर्ने नेकपा

(माओवादी) का मन्त्रीहरूका टोलीनेता कृष्णबहादुर महरासमेत सामेल भएर बनाइएको टोलीले अन्तिम रूप दिएको नीति तथा कार्यक्रममा माओवादीकै थुप्रै सांसदहरूले यसरी संशोधन प्रस्ताव दर्ता गर्नु संसदीय मर्मविपरीत मानिन्छ ।

आफैं सामेल सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रमविरुद्ध दर्ता गराइएका संशोधनहरू नीति तथा कार्यक्रममा मतदान गर्ने बेलामा नेकपा (माओवादी) का सांसदहरूले एक-एक गर्दै फिर्ता लिए र अन्ततः नीति तथा कार्यक्रमको पक्षमा मतदान गरे । संसद्मा पहिलोचोटि आएर सरकारमा पनि पहिलोपल्ट सामेल भएको, उग्रवामपन्थी चिन्तन एवम् व्यवहार अझै बाँकी रहेको र संसदीय अभ्यासमा भर्खरै सामेल भएको कारणले गर्दा पनि नेकपा (माओवादी) बाट कतिपय कमजोरीहरू हुनुलाई अरू दलहरूले अन्यथा लिएका छैनन् । यस्तो मर्मविपरीतको काम जनमोर्चाका उपाध्यक्ष लीलामणि पोखरेलले समेत संशोधन दर्ता गराएका छन् ।

प्रधानमन्त्रीद्वारा प्रस्तुत नीति तथा कार्यक्रमको तेस्रो बुँदामा 'महत्त्वपूर्ण राष्ट्रिय सवालहरूमा सहमति कायम गरी अघि बढ्ने सरकारको प्रतिबद्धतासमेत व्यक्त गर्दछु' भनेर लेखिएको छ । यो कुरो सैद्धान्तिक रूपमा ठिकै छ । तर, यसको व्यावहारिक कार्यान्वयनमा भने स्वयम् प्रधानमन्त्रीका चिन्तन र व्यवहारहरू बाधक देखिएका छन् । लिखितम र वकितममा मान्ने तर भएका सहमतिहरूलाई व्यवहारमा कार्यान्वयन गर्न पटक्कै जाँगर नदेखाउने प्रधानमन्त्रीको चालाले सरकार गतिहीन बनेको छ । सरकारमा सामेल विभिन्न दलका मन्त्रीहरूले मन्त्रालय राम्ररी चलाउने काममा समेत प्रधानमन्त्रीको हस्तक्षेपले बाधा पुऱ्याएको छ ।

शान्ति-सुरक्षाको स्थितिमा सुधार गर्ने बचनबद्धता व्यक्त गरिए पनि सरकारको ताल यही रहिरहने हो भने सुधार हुने सम्भावना कम छ ।

'पूर्व-पश्चिम राजमार्गलगायत मुलुकका अन्य राष्ट्रिय राजमार्गहरूमा निर्वाध रूपमा यातायात सञ्चालन हुने व्यवस्था गर्न र ती राजमार्गहरूमा कुनै पनि किसिमको अवरोध सिर्जना हुन नदिन आवश्यक कानुनी व्यवस्था गरिनेछ' भन्नेजस्तो कुरा नीति तथा कार्यक्रममा उल्लेख गरेर सरकारले आफ्नो कमजोरी र शान्तिसुरक्षाको स्थितिमा रहेको दयनीय हालतलाई छर्लङ्ग पारेको छ । कुनै नयाँ राजमार्ग बनाउने कुरा पो नीति तथा कार्यक्रमको विषय हुनसक्छ । बनिरहेको राजमार्गमा वर्षौंदेखि चल्दै आएको यातायात सुचारु गराउने कुरा पनि नीति तथा कार्यक्रमको अंश हुनसक्छ ? यो त पूर्ण रूपमा शान्ति-सुरक्षा दिन नसकेर सरकार निरीह बनेको कुराको उदाहरण मात्र होइन । नीति तथा कार्यक्रम बनाउनेहरूको होस्ल्याडेपनाको नमुनासमेत हो ।

निश्चय नै देशमा शान्तिसुरक्षा, अमनचैन र पूर्ण रूपमा कानुनको शासन स्थापना गर्नु सरकारको पहिलो दायित्व हो । संविधानसभा निर्वाचनको तयारीका लागि अहिले शान्तिसुरक्षाकै स्थितिले बाधा पुऱ्याइरहेछ । तराईमा व्याप्त हिंसात्मक गतिविधिले राजनीतिक दलहरूलाई सक्रिय रूपमा जनताको बीचमा जान दिएको छैन भने हत्याको बढ्दो लहरले आमजनमानस त्रस्त छ । यस्तो त्रस्त मानसिकताका कारणले निर्वाचनको वातावरण बनाउने काममा बाधा पुऱ्याइरहेको छ ।

सरकारले नीति तथा कार्यक्रममा संविधानसभाको निर्वाचन गर्ने कुरालाई प्राथमिकता दिएर ठिकै गरेको छ । तर, निर्वाचन हुने महिना र दिन पहिल्यै तोकिसकेको कुरालाई समेत विश्वस्त भएर नीति तथा कार्यक्रममा उल्लेख गर्न बिर्सिएजस्तो छ । मङ्सिर ६ गते निर्वाचन गर्ने भनेर आम रूपमा सार्वजनिक भइसकेको कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख गर्दा महिना मङ्सिर भनिए पनि दिन भने उल्लेख गरिएको छैन । किन होला ?

सरकारले नीति तथा कार्यक्रममा ६ गते भनेर उल्लेख गर्न बिर्सिए पनि अब व्यवहारमा भने मङ्सिर ६ गते नै निर्वाचन पक्कै हुनेछ भन्ने ढङ्गले जनतालाई विश्वस्त पार्नु आवश्यक छ ।

सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरिएका कतिपय कुराहरूले स्वयम् सरकारको विश्वसनीयतामा नै प्रश्न लगाएको छ । नीति तथा कार्यक्रमको ३३ नम्बरमा 'मुलुकलाई भ्रष्टाचारबाट मुक्त राखी सुशासनको अनुभूति दिलाउन दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गरिनेछन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोग एवम् महालेखा परीक्षकको कार्यालयको कार्यदक्षतामा वृद्धि गरिनेछ' भनिएको छ । तर, यो भनाइ अनुसार हेर्ने हो भने सरकारको काम ठीक उल्टो छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्रमुख आयुक्तलगायत आयुक्तहरूको पद खाली रहेको निकै समय बितिसक्यो । आयोगमा अहिले जम्मा दुई जना आयुक्तहरू छन् । तर, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पूर्णता दिने काम स्वयम् प्रधानमन्त्रीबाटै रोकिएको छ । उहाँ स्वयम् आफैं चाहिँ आयोगलाई पूर्णता दिने कामलाई रोकेर बस्ने अनि 'आयोगको दक्षतामा बृद्धि गरिनेछ' भन्दैमा कसैले पत्याउँछ ? त्यस्तै महालेखा परीक्षक नियुक्त गर्ने काम पनि स्वयम् प्रधानमन्त्रीकै कारणले भएको छैन ।

मानव अधिकार आयोगलाई क्रियाशील बनाउने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ तर सरकार स्वयम्ले त्यसलाई रोकिरहेको छ । त्यहाँ पनि प्रमुख र आयोगका सदस्यहरूको नियुक्ति हुनसकेको छैन । त्यसैले मानव अधिकार आयोग निष्क्रिय हुन बाध्य भएको छ ।

निजामती सेवा ऐन नभएर कर्मचारीतन्त्र दिशाहीन भएको छ । कामु सचिवहरूबाट काम चलाउन परिरहेको छ । लामो समयदेखि निजामती कर्मचारीसम्बन्धी ऐन त्यत्तिकै थन्केर रहेको छ । तर, सरकार स्वयम् त्यो ऐनलाई संसद्बाट छिटो पारित गराएर लागू गराउन क्रियाशील भएको छैन । यदि सरकारले जाँगर चलाएर उक्त ऐन छिटो पास गराउन चाहने हो भने संसद्ले राष्ट्रको आवश्यकता बुझेर त्यसलाई यथाशीघ्र छलफल गरेर पारित गर्नेछ । तर, प्रधानमन्त्री र मन्त्रीहरू स्वयम्ले चासो नदिएपछि संसद्ले के गर्ने ?

संसद्बाट ऐन बनाउनतिर नलाग्ने, विधेयक थन्काएर रोक्ने अनि निजामती ऐनमा समयानुकूल संशोधन गरिनेछ भन्दैमा सरकारलाई कसरी विश्वास गर्ने ?

सरकारको नीति तथा कार्यक्रममा 'राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको सम्पत्तिलाई ट्रस्ट बनाई राष्ट्रहितमा प्रयोग गर्ने प्रक्रिया थालनी गरिनेछ' भनेर उल्लेख गरिएको छ । यो कुरा यसभन्दा अघि पनि सरकारले पटक-पटक भनिसकेको कुरा हो । पटक-पटक भनिरहने तर व्यवहारमा कार्यान्वयन नगर्ने सरकारको तौर-तरिकाले गर्दा यस विषयमा गरिने कुनै पनि सरकारी भनाइलाई जनताले पत्याउन छोडेका छन् ।

राजा वीरेन्द्रको सम्पत्ति कति छ ? कहाँ-कहाँ छ ? कुन अवस्थामा छ ? भन्ने प्रश्नको उत्तरसमेत खोज्न सरकारले ठोस ढङ्गले प्रयत्न गरेको छैन । सरकारले यो विषयलाई दोहोऱ्याइरहेछ तर काम भने गरेको देखिँदैन ।

नीति तथा कार्यक्रममा 'मुलुकको शान्तिसुरक्षालाई सुनिश्चितता प्रदान गर्न तथा प्रहरी सङ्गठनलाई सक्षम एवम् सबल बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई आधुनिकीकरण गरी साधन सम्पन्न तुल्याइनेछ' भनिएको छ ।

यतिबेला मुलुकमा शान्तिसुरक्षाको स्थिति बिग्रनुको एउटा प्रमुख कारण सुरक्षा संयन्त्रहरूको अव्यवस्था हो । प्रहरी र प्रशासनको मनोबल गिरेको छ, राष्ट्रिय अनुसन्धान विभागलाई सुदृढ र दक्ष बनाउन सकिएको छैन र काङ्ग्रेसीकरणको कारणले इमानदार प्रहरी अधिकारीहरू निरुत्साहित बनेका छन् । प्रशासन र प्रहरीका दैनिक काममा नचाहिँदो राजनीतिक हस्तक्षेप बढ्दो छ । तर, नीति तथा कार्यक्रममा यी विषयहरूलाई सच्याउने कुनै सङ्केत देखिँदैन । प्रहरीलगायत सुरक्षा संयन्त्रमा काम गर्नेहरूका लागि साधन, स्रोत र दक्षताको निश्चय नै अत्यन्त महत्त्व हुन्छ तर यसका साथसाथै उच्च मनोबल र लक्ष्यप्रतिको समर्पण पनि त्यत्तिकै आवश्यक हुन्छ ।

बढ्दो विखण्डनकारी र आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न राज्यले सूचना पाउने स्रोतहरू बढाउन र पूर्वजानकारी तथा विश्लेषणका आधारबाट अघि बढ्न सक्नुपर्दछ । निरन्तरको राजनीतिक हस्तक्षेप र काङ्ग्रेसीकरणका कारणले नेपालको गुप्तचर प्रणाली प्रभावकारी बन्नसकेको छैन । राज्यले यस विषयमा पर्याप्त ध्यान दिनुपर्ने आवश्यकता छ भने सुरक्षासँग सम्बन्धित सबै अङ्गहरूको विश्वास जितेर तिनको मनोबल उठाउन पनि आवश्यक छ । राज्य सञ्चालकहरूले यस विषयमा राम्ररी ध्यान दिन सकेनन् भने सुरक्षाकै कारणले संविधानसभाको निर्वाचनका बारेमा फेरि अन्योल उत्पन्न हुनसक्छ ।

देशका केही भूभागमा देखापरेका हिंसा र आपराधिक क्रियाकलापलाई छुट नदिई कडाइका साथ नियन्त्रण गर्ने कुराका साथसाथै वार्ता र सम्वादबाट समस्याको समाधान गर्ने कुरा पनि सरकारले गरेको छ । तर, देशमा देखापरेका हिंसात्मक क्रियाकलापलाई नियन्त्रण र त्यस्ता शक्तिहरूसँग कसरी वार्ता गर्ने भन्ने सम्बन्धमा सरकारले अझैसम्म पनि ठोस नीति बनाउन सकेको देखिएको छैन । तराईलाई छुट्टै राज्य बनाएर देश टुक्र्याउने घोषणा गरिसक्दा पनि यस समस्यालाई समाधान गर्नका लागि आठै दलको बैठक बोलाएर एउटा ठोस नीति बनाउन नसक्नु र वार्तालाई गम्भीर रूपले अघि बढाउन नसक्नु सरकारको ठूलो कमजोरी हो ।

संविधानसभाको निर्वाचन आगामी मङ्सिर ६ गते गर्नु नै वर्तमान सरकारको प्रमुख काम हो । तर, ४५ बुँदा भएको नीति तथा कार्यक्रमले आफ्नो सम्पूर्ण ध्यान संविधानसभाकै निर्वाचनमा केन्द्रित भएको आभास भने दिनसकेको छैन । नीति तथा कार्यक्रमको प्रस्तुतिको केन्द्रविन्दुमा संविधानसभा निर्वाचनलाई सरकारले स्थापित गर्न सकेको छैन ।

व्यवस्थापिका-संसद्को बैठकमा सांसदहरूले नीति तथा कार्यक्रमको समर्थन गर्दागर्दै आलोचना पनि निकै गरेका थिए । पेट्रोलियम पदार्थको सहज आपूर्ति गर्न नसकेकोमा, महँगी नियन्त्रण गर्न नसकेकोमा र सबभन्दा बढी शान्तिसुरक्षा कायम गर्न नसकेकोमा सरकारको आलोचना भएको थियो ।

राष्ट्रिय जनमोर्चा, नेकपा (एकीकृत), नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीहरूले नीति तथा कार्यक्रमको विरोध गर्दै त्यसको विपक्षमा मतदान गरेका थिए । राष्ट्रिय जनमोर्चाका नेता चित्रबहादुर केसीले २१ बुँदे संशोधन प्रस्ताव दर्ता गराएका थिए । उनले 'संविधानसभाको निर्वाचनद्वारा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने नीति नलिएकोमा खेद छ', 'राज्यको पुनःसंरचना गर्न सङ्घीय संरचना बनाउने नीति ल्याउनुमा खेद छ', 'स्थानीय निकायको पुनःस्थापना गर्नेतर्फ चासो नदेखाई मनोनीत प्रथा लागू गर्ने नीति लिएकोमा खेद छ' भन्नेजस्ता संशोधनहरू प्रस्तुत गरेका थिए ।

नेकपा (माओवादी) का सांसदहरूले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिएकोमा उनले 'एकथरीले पाए तातो पानीले नुहाउने नपाए चिसै पानी ठीक छ भन्ने ताल देखाएर संसद्मा नाटक प्रस्तुत गरेको' व्यङ्ग्य गरेका थिए ।

व्यवस्थापिका-संसद्को बैठकमा मतदान हुँदा नीति तथा कार्यक्रम अत्यधिक बहुमतले पारित भएको थियो । नेकपा (एमाले), नेपाली काङ्ग्रेस र नेकपा (माओवादी) लगायत स्वतन्त्र सांसदहरूले समेत नीति तथा कार्यक्रमको पक्षमा मदतान गरेका थिए ।

नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०६४/०६५ को बजेट पनि आइसकेको अवस्थामा अब सरकारले आफ्नो सम्पूर्ण ध्यान संविधानसभाको निर्वाचनमा केन्द्रित गर्नुपर्दछ । वार्ता गरिरहेका समूहहरूको मागका सम्बन्धमा अब सरकारले मात्र नभएर आठै दलका शीर्षस्थ नेताहरूले आमराय बनाउनुपर्दछ र पूरा गर्न सकिने जति मागलाई शीघ्र पूरा गर्नुपर्दछ ।

संसद्मा नीति तथा कार्यक्रम पास गरेर मात्र संविधानसभा निर्वाचनको तयारी पूरा हुँदैन । पास गरेको नीति तथा कार्यक्रमलाई लागू गर्दै निर्वाचन गरेर देखाउन सक्नुपर्दछ । नीति तथा कार्यक्रम र बजेट आइसकेको अवस्थामा अब सरकार आफ्ना प्रतिबद्धताहरू कार्यान्वयन गर्न कटिबद्ध हुनुपर्दछ । ■

# संविधानसभाको निर्वाचनमा ध्यान केन्द्रित गरौँ

' माधवकुमार नेपाल महासचिव

यही असार १० गतेदेखि सुरु भएको नेकपा (एमाले) केन्द्रीय कमिटीको पन्ध्रौं बैठक असार २५ गते समाप्त भएको छ। बैठकले मुलुकको वर्तमान अवस्थाका बारेमा विश्लेषण राजनीतिक परिस्थितिका बारेमा गम्भीरतापूर्वक छलफल गर्दै केही महत्त्वपूर्ण निष्कर्षहरू निकालेको छ। एउटा जीवन्त पार्टीमा हुने छलफल, बहस र अन्तरक्रियाहरूले पार्टीलाई सही दिशामा लैजानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् भन्ने कुरामा कुनै द्विविधा छैन। फेरि द्वन्द्वात्मक भौतिकवादी दर्शनमा विश्वास गर्ने हाम्रोजस्तो क्रान्तिकारी पार्टीमा कुनै पनि विषयमा खुलेर छलफल हुने कुरालाई हामीले जहिले पनि सकारात्मक रूपमा लिनुपर्दछ र तदनुरूप नै पार्टी जीवनलाई पनि व्यवस्थित गर्नुपर्दछ। अहिलेको केन्द्रीय कमिटीको बैठकका सन्दर्भमा उठेका कतिपय जिज्ञासा वा आशङ्काहरूलाई पनि हामीले यही पृष्ठभूमिमा बुझ्नुपर्छ। हाम्रा विरोधीहरूले प्रचार गरेजस्तो हामीबीच कुनै तिक्तता उत्पन्न भएको छैन। हामीले हार्दिक, वस्तुनिस्ट र तर्कसङ्गत रूपले जुन निष्कर्षहरू निकालेका छौँ, पार्टी जीवनलाई सुचारु गर्दै राष्ट्रिय राजनीतिलाई सही बाटोमा लैजानका लागि ती निष्कर्षहरूले अगुवाइ गर्नेछन् भन्नेमा हामी पूर्ण रूपमा विश्वस्त छौँ।

यसपटक बैठक लामो समयसम्म सञ्चालन भएका कारण कतिपयले गलत रूपमा अर्थ लगाउने र मनपरी रूपमा दिग्भ्रमित गर्ने अवसर पाए। तर, हामीले यसपटक वास्तवमै निकै हार्दिकतापूर्ण र खुलाखुलस्त रूपमा सान्दर्भिक छलफल र बहस गरेका छौँ। यसले कतिपय सन्दर्भमा देखिएका आशङ्का र अस्पष्टताहरू मात्र समाप्त भएका छैनन्, संविधानसभाको निर्वाचनमा पार्टीलाई सबैभन्दा ठूलो र बहुमत प्राप्त पार्टीका रूपमा स्थापित गर्नका लागि केही निश्चित आधारहरू पनि सिर्जना भएका छन्।

### वस्तुगत स्थितिको समीक्षा

हामी अहिले संविधानसभाको निर्वाचनको सँघारमा उभिएका छौँ। हाम्रो बैठक चलिरहेकै बेला सरकारले आगामी मङ्सिर ६ गतेका लागि संविधानसभाको निर्वाचनको मिति घोषणा गरेको छ। यस अवस्थामा हाम्रो ध्यान सम्पूर्ण रूपमा संविधानसभाको निर्वाचनमा केन्द्रित हुनु अनिवार्य छ। त्यसका लागि हामीले अहिलेदेखि तयारी गर्नुपर्छ। त्यही कारणले गर्दा पनि हामीले यसपटक मुलुकको वस्तुस्थितिका बारेमा गम्भीरतापूर्वक गहन छलफल र विचारविमर्श गरेका छौँ। खासगरी पार्टी कामको अहिलेको अवस्था के छ भन्नेबारेमा हामीले आफ्नो समीक्षा गरेका छौँ।

निर्वाचनको कुरा आउनासाथ भूगोलको पार्टीको कामको अवस्था हाम्रा लागि सबैभन्दा पहिलो प्राथमिकतामा पर्दछ। हामीले यसपटकको बैठकमा भूगोलमा पार्टी कामको अवस्था, त्यहाँ देखिएको कठिनाइ, धरातलीय राजनीतिक सन्तुलन, पार्टी कामका सन्दर्भमा देखा परेका चुनौतीलगायतका विषयमा लिखित प्रतिवेदन पेस गर्न अञ्चल इन्चार्जहरूलाई पहिले नै सूचित गरेका थियौँ। त्यही भएर अञ्चल इन्चार्जहरूले सम्बन्धित क्षेत्रको अवस्थाका बारेमा लिखित प्रतिवेदन तयार पार्नुभएको थियो। जनाधारका हिसाबले मुलुकको सबैभन्दा ठूलो दल नेकपा (एमाले) ले आफूलाई सबै रूपमा निर्वाचनका लागि तयार पार्नका लागि अरू राजनीतिक पार्टीहरूको अवस्थाका बारेमा पनि वस्तुनिष्ट जानकारी लिनु आवश्यक छ। त्यही भएर यसपटक हामीले सबै जिल्लामा राजनीतिक अवस्था कस्तो छ भनेर जानकारी लिएका छौँ। अञ्चल इन्चार्जहरूबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गरेर भावी कदम चाल्न यसबाट पार्टीलाई ठूलो सहयोग मिल्नेछ।

धरातलीय विश्लेषणलाई हेर्दा अहिले पनि मुलुकमा नेकपा (एमाले) सबैभन्दा बलियो शक्तिका रूपमा देखा परेको छ। हामीप्रति जनताको विश्वास र आस्था यथावत् छ। अब संविधानसभाको निर्वाचनमा त्यसलाई कसरी अभिव्यक्त गराउने ? जनतालाई भयरहित रूपमा संविधानसभाको निर्वाचनमा कसरी सहभागी गराउने ? संविधानसभाको निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र तथा त्रास एवम् भय र धाँधलीरहित रूपमा कसरी सम्पन्न गर्ने ? यी विषयमा हामीले गम्भीरतापूर्वक विचारविमर्श गरेका छौँ।

त्यसैगरी पार्टीका सबै केन्द्रीय विभाग र फाँटहरूका कामका बारेमा पनि हामीले जानकारी प्राप्त गरेका छौँ। काममा देखापरेका कमजोरीहरूलाई हटाई दृढताका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छौँ।

### आठ दलको एकतामा जोड

अहिले मुलुक संविधानसभाको सँघारमा उभिएका बेला निलम्बित राजाले विभिन्न बहानामा चलखेल जारी राखेका छन्। ऐतिहासिक जनआन्दोलनमार्फत पराजित भएको राजतन्त्र आफूलाई पुनः सुदृढ बनाउनका लागि विभिन्न दृश्य-अदृश्य हरकतमा व्यस्त छ। यस्तो अवस्थामा आठ राजनीतिक दलहरू एकढिक्का भएर शाही राजतन्त्रलाई सधैँका लागि समाप्त गर्नुपर्छ।

त्यसका लागि आठ राजनीतिक दलबीच अझ धेरै समान समझदारी र सुझबुझ, अझ धेरै एकता र अझ धेरै हार्दिकता जरुरी छ। निश्चितै रूपमा हामी आठ दलबीच मतभिन्नताबीच एकता कायम भएको हो र यही एकताभित्र पनि हाम्रा मतभिन्नताहरू कायम छन्। तर पनि शाही राजतन्त्रलाई समाप्त पार्नका लागि यस आठदलीय मोर्चालाई अझै सुदृढ बनाउनुको उत्तम विकल्प छैन। यसर्थ, हामीले आठ दलबीचको एकतालाई अझ मजबुत बनाएर राजतन्त्रलाई समाप्त पार्नुपर्छ। कुनै बहानामा आठ दलको एकतामा खलल पुऱ्याउनुहुँदैन।

**राजनीति दुई ध्रुवमा**

आज मुलुकको राजनीति दुई ध्रुवमा ध्रुवीकृत भइरहेको छ। एकातिर राजावादीहरू राजतन्त्र र प्रतिगमनको कित्तामा उभिएका छन् भने अर्कातिर अग्रगामी पक्षहरू गणतन्त्रमा क्रमशः ध्रुवीकरण भइरहेका छन्। हाम्रो पार्टीले अघि सारेको लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारालाई कारबाहीमा उतार्नका लागि अब लोकतान्त्रिक गणतन्त्रवादीहरूलाई एउटै ध्रुवमा ध्रुवीकृत गरेर राजतन्त्रलाई सधैँका लागि समाप्त पार्नुपर्छ।

अहिले मुलुक मूलतः दुई ध्रुवमा ध्रुवीकृत हुँदै गइरहेको वास्तविकतामा केन्द्रित हुने निष्कर्षमा हामी पुगेका छौँ। एउटा राजावादी-प्रतिगामी ध्रुव छ भने अर्को लोकतान्त्रिक-गणतन्त्रवादी ध्रुवमा ध्रुवीकृत भइरहेको छ। राजतन्त्र पतनतिर उन्मुख छ भने लोकतान्त्रिक गणतन्त्रवादी धार मजबुत भइरहेको छ। यस अवस्थालाई हामीले अझै सकारात्मक दिशाबाट निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने हाम्रो निष्कर्ष छ।

नेपाली काङ्ग्रेस अहिले पनि गणतन्त्रका पक्षमा आइसकेको छैन। तर, नेपाली काङ्ग्रेसभित्र पनि गणतन्त्रका पक्षमा जबरजस्त माहोल देखा परिरहेको छ। नेपाली काङ्ग्रेसका कतिपय नेता र अधिकांश कार्यकर्ताहरूले स्पष्ट रूपमा गणतन्त्रका पक्षमा जाने विश्वास व्यक्त गरेका छन्। अब गणतन्त्रका पक्षमा आउनुबाहेक काङ्ग्रेससँग कुनै विकल्प छैन। प्रजातान्त्रिक काङ्ग्रेसमा पनि गणतन्त्रका पक्षमा माहोल छ। यो सबै परिस्थितिले के देखाउँछ भने मुलुकमा लोकतान्त्रिक गणतन्त्रको मजबुत ध्रुव निर्माण हुँदैछ। यसबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रवादीहरूको बृहत् मोर्चा निर्माण हुनेछ र आठ दलबीच साझा मोर्चा बन्नसक्छ। राजतन्त्रको समूल अन्त्य गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने हाम्रो मूल कार्यभारलाई यसरी मात्रै सफल पार्न सकिन्छ भन्नेमा हाम्रो सिङ्गो केन्द्रीय कमिटी एकमत छ, एकढिक्का छ।

यद्यपि, काङ्ग्रेसको वर्गचरित्र वा उसको राजनीतिक चरित्रका बारेमा हामी आफ्नो पुरानै अडानमा छौँ। काङ्ग्रेसमा सुधारवाद वा यथास्थितिवाद पनि छ। यति हुँदाहुँदै पनि उदार प्रजातन्त्रका पक्षमा भएका कारण अहिले हामी काङ्ग्रेससँग सहकार्यमा छौँ। यसलाई अझै अघि बढाएर हामी लोकतान्त्रिक गणतन्त्रसम्म लैजान चाहन्छौँ।

हामी निश्चित दर्शन, विचार र सिद्धान्तका आधारमा उभिएका छौँ। त्यसैले हरेकलाई हेर्ने हाम्रो स्वतन्त्र र सार्वभौम दृष्टिकोण छ। नेकपा (माओवादी) भित्र रहेका प्रवृत्तिका बारेमा सिङ्गो पार्टीमा एकमत छ। माओवादीमा उग्रवामपन्थी भड्काव छ भन्नेमा हामीभित्र कुनै दुईमत छैन। तर, लोकतान्त्रिक गणतन्त्रको ध्रुवलाई बलियो बनाउनका लागि हामी अहिले आठ दलीय मोर्चामा रहेर सहकार्यमा छौँ।

माओवादीमा उग्रवामपन्थी भड्कावहरू विद्यमान रहे पनि अहिले उनीहरू शान्ति प्रक्रियामा सामेल भएका छन् र उनीहरूले लोकतान्त्रिक प्रक्रिया र पद्धतिप्रति सैद्धान्तिक प्रतिबद्धता व्यक्त गरेका छन्। तर, उनीहरूका पुरानै व्यवहारहरू अहिले पनि जारी छन्। उनीहरूले अन्य राजनीतिक दल र जनतामाथिका ज्यादतीहरू पूर्ण रूपमा परित्याग गर्न सकेका छैनन्। हामी चाहन्छौँ- माओवादी रूपान्तरण होऊन्। त्यसका लागि हाम्रो प्रयत्न जारी रहनेछ। हामी र माओवादी आठ पार्टीको मोर्चामा छौँ, सरकारमा छौँ, संसद्मा छौँ। यस अर्थमा हामीले माओवादीसँग सहकार्य पनि गरिरहेका छौँ। तर, उनीहरूमा रहेका गलत प्रवृत्तिहरूलाई सुधार गर्नका लागि पनि हामीले प्रयत्न गरिरहेका छौँ र प्रयत्न गरिरहनुपर्छ। अहिले माओवादी व्यवहारमा रहेका कमी-कमजोरी र चिन्तनमा रहेका त्रुटिहरूलाई औँल्याउँदै सुधार गर्न लगाउने र सिङ्गो सामाजिक परिवर्तनको अभियानमा उनीहरूलाई पनि सँगै अघि बढाउने हो। माओवादीसितको हाम्रो सम्बन्धको आधार एकता-सङ्घर्ष र एकता नै हुनुपर्छ। उनीहरूमा विद्यमान उग्रवामपन्थी भडकाव र अराजक काम-कारबाहीका विरुद्ध दृढतापूर्वक वैचारिक सङ्घर्ष सञ्चालन गर्नुपर्छ।

हामी आठ दलमा काङ्ग्रेस, माओवादीलगायत सबैसँग एउटै मोर्चामा छौँ। मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि हामी सबैबीच मोर्चा बनाउन चाहन्छौँ, माओवादीसँग मात्रै एक्लै होइन। निश्चय नै, लोकतान्त्रिक गणतन्त्रका पक्षमा खुलेका वामपन्थी शक्तिहरूको भूमिका यसमा महत्त्वपूर्ण हुन्छ। राजनीतिक वस्तुस्थिति, आजको विश्वसन्दर्भ र जनस्तरबाट व्यक्त भएका प्रतिक्रियाहरूलाई मनन गरेर माओवादीले आफूलाई सुधार गर्नेछ भन्ने अपेक्षा हामीले गरेका छौँ।

नेकपा (एमाले) संविधानसभाको निर्वाचनबाट मुलुकको सबभन्दा ठूलो दलका रूपमा बहुमतसहित स्थापित हुनेछ भन्ने हाम्रो विश्वास छ। हामीले लामो समय लगाएर निकालेको निष्कर्ष पनि त्यही छ। यसक्रममा हामी जब मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहन्छौँ भने स्वाभाविक रूपमा राजावादीहरूलाई सम्पूर्ण रूपमा पराजित गर्ने नै हाम्रो आह्वान हुन्छ। त्यसक्रममा निर्वाचन क्षेत्रहरूमा के कस्तो स्थिति देखा पर्छ ? क-कसबीच प्रतिस्पर्धा हुन्छ ? यी सबै विषयमा विश्लेषण गरेर लोकतान्त्रिक गणतन्त्रवादी शक्तिलाई विजयी गराउनका लागि हामीले पहलकदमी लिन्छौँ। राजावादीहरूले जित्ने र गणतन्त्रवादीहरूले हार्ने स्थिति सिर्जना नहोस् भन्नेमा हाम्रो जोड रहनेछ। गणतन्त्रवादीहरूबीच प्रतिस्पर्धा रहेमा स्वाभाविक रूपमा नेकपा (एमाले) ले आफ्नो पक्षमा विजय प्राप्त गर्ने प्रयास गर्नेछ।

**आन्तरिक एकता र समझदारीको आवश्यकता**

हामी इतिहासको सङ्गीन घडीमा उभिएका छौँ । यस्तो बेलामा स्वाभाविक रूपमा हाम्रो पार्टीका सामु गम्भीर चुनौती र अवसर एकसाथ उपस्थित छ । त्यसैले हामीले अरू सबै बेलाको भन्दा बढी सुझबुझ, एकता र हार्दिकताका साथ कदम चाल्न जरुरी छ । यसका लागि पार्टीको आन्तरिक एकतालाई मजबुत बनाउनुपर्छ र सिङ्गो पार्टीलाई यसका लागि एकढिक्का बनाएर परिचालित गर्नुपर्छ । आपसमा कुनै असमझदारी भएमा पनि त्यसलाई सही, वैज्ञानिक र वस्तुनिष्ट रूपमा हल गर्दै पार्टीको झन्डालाई बुलन्दीका साथ अघि बढाउनुपर्छ ।

विगतमा द्वन्द्वका कारण हाम्रा पार्टी कमिटीहरू प्रभावित भएका छन् । डर, त्रास र धम्कीका कारण कतिपय कार्यकर्ताहरू सक्रिय राजनीतिक जीवनबाट टाढा पुगेका छन् । माओवादी तथा सरकारका कारण कपितय कार्यकर्ता विस्थापित भएका छन् र उनीहरू पार्टीसँगको सम्पर्कबाट विमुख भएका छन् । तर, आज परिस्थिति फेरिएको छ । संविधानसभाको ऐतिहासिक अवसर आइरहेका बेला अब हामीले ती सबै कार्यकर्तालाई अविलम्ब सङ्गठित र परिचालित गर्नुपर्छ ।

हिजो कुनै कारणवश कसैमाथि भेदभाव भएको रहेछ भने त्यसलाई पनि अविलम्ब समाधान गरी बिनाभेदभाव र बिनापूर्वाग्रह सम्पूर्ण कार्यकर्ताहरूलाई जिम्मेवारी प्रदान गर्नुपर्छ । हामी संविधानसभामार्फत नेकपा (एमाले) लाई बहुमत प्राप्त पार्टी बनाउँदै मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न चाहन्छौँ । यस्तो महान् लक्ष्य हाम्राअगाडि उभिएका बेला हामी आपसी मनमुटाव र असमझदारीमा अल्झियौँ भने इतिहासले हामीलाई माफी दिनेछैन । त्यसकारण यस्तो बेलामा हामीले हिजोका तीता प्रसङ्ग, मनमुटाव र असमझदारीहरूलाई पूर्ण रूपमा बिर्सेर नयाँ शिराबाट पार्टी कामलाई व्यवस्थित गर्नुपर्छ ।

**संविधानसभा निर्वाचनको महत्त्व**

५७ वर्षदेखि थाती रहेको संविधानसभाको निर्वाचनको सवाल हाम्रो देशमा एउटा महत्त्वपूर्ण विषय रहेको छ । जनताले प्रत्यक्ष रूपमा आफ्नो र देशको भाग्यको रूपरेखा कोर्न आफ्नो प्रतिनिधिको चयन गर्ने अवसर हो- संविधानसभाको निर्वाचन । यस अर्थमा आमजनतामा संविधानसभाको विषयमा चेतना जगाउने काममा राजनीतिक कार्यकर्ता र नागरिक समाजको महत्त्वपूर्ण दायित्व हुन्छ । मुलुक अब सामन्ती संरचनाबाट मुक्त हुन खोजिरहेको छ । सामन्तवादको समूल अन्त्य गरेर मात्र हामी वास्तविक रूपमा जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउन सक्छौँ । समाजमा रहेको अभिजात्यवर्गको नियन्त्रणको कारण पनि सामन्तवाद हो, सामन्ती भूमिसम्बन्ध हो र सामन्ती संस्कार, संस्कृति, मान्यता र परम्परा हो । समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय द्वन्द्व एवम् विभेदको मूल कारक तत्त्व पनि सामन्ती सामाजिक-राजनीतिक संरचना नै हो । विपन्न र शोषित आमजनसमुदायलाई शोषणको परिपाटीबाट मुक्त गर्न, महिलाहरूलाई पुरुषको एकलौटी सत्ता र सामन्ती परिपाटीबाट मुक्त गर्न, दलित-उत्पीडित समुदायलाई सामन्ती ठालूहरूको रजाइ र अमानवीय छुवाछूत प्रथाबाट मुक्त गर्न, जनजाति, आदिवासी जनताका राजनीतिक एवम् सांस्कृतिक र भाषिक विभेदहरूलाई अन्त्य गर्न, मधेस र दुर्गम क्षेत्रलाई क्षेत्रीय विभेदबाट मुक्त गर्नका लागि राज्यको नयाँ संरचना र नयाँ सामाजिक परिवेशको आवश्यकता पर्छ । हामीले समावेशी लोकतन्त्रको मान्यतालाई लागू गर्नुछ । सामाजिक-आर्थिक रूपान्तरणको ऐतिहासिक दायित्व पूरा गर्नुछ । ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले शान्तिपूर्ण जनक्रान्तिको स्वरूप ग्रहण गरेपछि जनताका सामु उपस्थित भएका कार्यभारमध्ये लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु र सम्पूर्ण क्षेत्रमा आमूल परिवर्तनको युगीन दायित्वलाई पूरा गर्नुपर्ने दायित्व हाम्रासामु छ । यस अर्थमा संविधानसभाको निर्वाचनले एउटा नयाँ युगको प्रारम्भ गर्नुपर्छ । न्याय, समानता, समृद्धि र लोकतान्त्रिक संस्कृति र मान्यता बोकेको नयाँ नेपालको निर्माणको अभिभारालाई हामीले पूरा गर्नुपर्छ ।

सङ्क्रमणकालको वर्तमान अवस्थालाई लामो समय लानुहुँदैन । दिगो शान्ति र राजनीतिक स्थिरताको अवस्थामा मात्रै मुलुकले प्रगति, विकास र समृद्धि प्राप्त गर्न सक्छ । अब मुलुकले केन्द्रीकृत र एकात्मक शासन प्रणालीलाई अस्वीकार गरेर सङ्घात्मक लोकतान्त्रिक गणतन्त्रमा जाने सङ्कल्प गरिसकेको छ । तसर्थ, नयाँ मान्यताका आधारमा मुलुकलाई दृढताका साथ अघि बढाउने हो । नयाँ युगले विकास र प्रगतिको नयाँ र विराट सम्भावना हाम्रा सामु ल्याउनेछ । आमनेपाली जनताले यो सम्भावनालाई साकार पार्न आतुरताका साथ प्रतीक्षा गरिरहेका छन् । दूरदृष्टि, सङ्कल्प, आत्मविश्वास, विचार र योजनासहित फराकिलो छाती राख्दै व्यापक पङ्क्तिलाई समेट्ने दृष्टिकोण राख्ने पार्टीले मात्र नयाँ र युगीन दायित्वलाई पूरा गर्न सक्दछ । दक्षिणपन्थी, सुधारवादी र यथास्थितिवादी दृष्टिकोण बोक्ने वा उग्र र चर्को दृष्टिकोण, आचरण र मान्यता बोक्नेहरूले नेपाली जनताद्वारा अपेक्षित चाहना र परिवर्तनलाई सही किसिमबाट अगुवाइ गर्न सक्दैनन् । त्यसकारण सिङ्गो नेपाली समाजलाई क्रान्तिकारी दिशामा लिएर जान जनताको बहुदलीय जनवादको क्रान्तिकारी दृष्टिकोण र विचार बोकेको पार्टीले मात्र गर्न सक्दछ । यसर्थ, नेकपा (एमाले) ले पूर्ण हिम्मत र दृढताका साथ राजनीतिक पहलकदमी आफ्नो हातमा लिँदै यो परिवर्तनको प्रवाहलाई अगाडि बढाउने काममा अग्रसरता लिनुपर्दछ । केन्द्रीय कमिटीको पन्ध्रौँ बैठकले दिएको मूल निष्कर्ष र आह्वान पनि यही हो ।

**संविधानसभामा ध्यान केन्द्रित गरौँ**

केन्द्रीय कमिटीको बैठकले पार्टीको सम्पूर्ण ध्यान संविधानसभाको निर्वाचनमा केन्द्रित गर्ने निष्कर्ष निकालेको छ । नेपाली जनताले ऐतिहासिक बलिदान र आन्दोलनबाट प्राप्त गरेको अधिकारलाई प्रयोग गरेर संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु नै अहिलेको हाम्रो कार्यभार हो । यसका लागि हामीले सम्पूर्ण पार्टी पङ्क्तिलाई व्यवस्थित र योजनाबद्ध रूपमा परिचालित गर्नुपर्छ । संविधानसभाको निर्वाचनमा पार्टीलाई बहुमत दिलाउनका लागि अहिलेदेखि नै सबै तहका कमिटीहरूले आफूलाई क्रियाशील तुल्याउनुपर्छ । आपसी असमझदारीहरूलाई समेत हल गर्दै हामीले पूर्ण तयारीका साथ एकताबद्ध भएर संविधानसभाको निर्वाचनमा जानुपर्छ ।

यसबीचमा पार्टीको आठौँ महाधिवेशनका बारेमा पनि छलफल भएको छ। किनभने, हामी अहिले महाधिवेशनको वर्षमा छौँ। साथसाथै, संविधानसभाको मिति पनि तय भइसकेको छ। यस अवस्थामा हाम्रो पार्टीको महाधिवेशन भनेको आन्तरिक मामिला हो। आउँदो मङ्सिरमा संविधानसभाको निर्वाचनको मिति तय भइसकेपछि राष्ट्रिय विषयलाई छोडेर हामी आफ्नो पार्टीगत विषयमा मात्रै केन्द्रित हुन सक्दैनौँ। त्यसैले मङ्सिरपछि मात्रै पार्टीको महाधिवेशनका बारेमा छलफल गर्ने सर्वसम्मत निर्णय भएको छ।

संविधानसभाको निर्वाचन नजिकिरहेका बेला हामीले पार्टीका प्रचार संयन्त्रहरूलाई बढी सक्रिय पार्नुपर्छ। सञ्चारमाध्यमहरूको व्यापक विकास भइरहेका बेला हामीले स्थानीयस्तरदेखि केन्द्रसम्म यस क्षेत्रमा ध्यान पुऱ्याउनुपर्छ। गाउँगाउँमा सञ्चारमाध्यमहरूको पहुँच बढिरहेको यस समयमा हामीले आफ्ना प्रचार संयन्त्रलाई व्यापक रूपमा परिचालित गर्दै पार्टीको कामलाई बढी प्रचारमा लैजानुपर्छ। त्यसैगरी, सांस्कृतिक अभियानहरूमार्फत पार्टीका मुद्दा र कार्यसूचीहरूलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्छ। जनतालाई राजनीतिक रूपमा सचेत र सक्रिय पार्न यस्ता कार्यक्रमहरू बढी उपलब्धिमूलक र फलदायी हुन्छन् भन्ने हाम्रो विगतको अनुभव छ। त्यसलाई आधार बनाएर पार्टी कमिटीहरूले आफ्नो योजनाका साथ सांस्कृतिक टोलीहरू निर्माण गर्नुपर्छ र राष्ट्रिय जनसांस्कृतिक मञ्चलाई त्यस काममा स्थापित गर्नुपर्छ।

हाम्रा जनवर्गीय सङ्गठनहरूलाई संविधानसभाको यस अभियानमा व्यापक रूपमा परिचालित गर्नुपर्छ। आ-आफ्नो क्षेत्रका नेताका रूपमा स्थापित हाम्रा जनवर्गीय सङ्गठनहरूले यसमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। साथै, पेसागत सङ्गठनहरूलाई पनि यस अभियानमा परिचालित गर्नुपर्छ। जनताका घरघरमा पुगेर उनीहरूलाई सही कुरा बुझाउनका लागि घरदैलो कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्नुपर्छ।

अब हाम्रो ध्यान सम्पूर्ण रूपमा संविधानसभाको निर्वाचनमा केन्द्रित गर्नुपर्छ। संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नका लागि हाम्रो सिङ्गो पार्टीपङ्क्ति एकताबद्ध रूपमा क्रियाशील हुनुपर्छ। संविधानसभाको निर्वाचनलाई ध्यानमा राखेर केन्द्रीय कमिटीले संविधानसभा निर्वाचन केन्द्रीय परिचालन कमिटी गठन गरेको छ भने अनेकौँ समितिमध्ये संविधानसभा घोषणापत्र मस्यौदा समिति गठन भएको छ। यसबाट हाम्रो पार्टी संविधानसभाको निर्वाचनमा होमिइसकेको छ भन्ने कार्यकर्ताले बुझ्नुपर्छ। संविधानसभाको निर्वाचनमा पूर्ण रूपमा होमिनुबाहेक अब हामी अरू कुरालाई प्राथमिकतामा राख्न सक्दैनौँ। तसर्थ, मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र नेकपा (एमाले) लाई बहुमतसहित मुलुकको सबभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित गर्न संविधानसभामा ध्यान केन्द्रित गरौँ। भविष्य हाम्रो हो, जीत हाम्रै हुनेछ। ■

# पन्ध्रौँ बैठकबाट पारित प्रस्तावहरू

१. नेकपा (एमाले) को केन्द्रीय कमिटीको यो बैठक मजदुर, किसान, युवा, बुद्धिजीवी, नागरिक समाजका साथै विभिन्न जाति, भाषा, धर्म र पेसाका सम्पूर्ण जनसमुदायलाई आगामी मङ्सिर ६ गते नेपालमा पहिलोपटक हुने संविधानसभा निर्वाचनको महत्त्वबारे छलफल चलाउन, सबै बालिग मतदाताहरूलाई मतदानका लागि प्रेरित गर्न र निर्वाचन निर्विघ्न र शान्तिपूर्ण रूपमा सफल पार्न आ-आफ्नो स्थानमा क्रियाशील हुन हार्दिक र जोडदार आह्वान गर्दछ।

२. संविधानसभा निर्वाचनको महत्त्वबारे सर्वसाधारण जनतालाई जानकार बनाउन, संविधानसभा निर्वाचनका लागि आवश्यक वातावरण तयार पार्न र नयाँ संविधान निर्माणको औचित्यबारे जनतालाई प्रस्ट पार्न संविधानसभा सचेतनता अभियान देशव्यापी रूपमा सञ्चालन गर्नु अत्यन्त आवश्यक छ। आफ्नो सम्पूर्ण पार्टी पङ्क्ति र सबै जनवर्गीय सङ्गठनहरूलाई एकताबद्ध भई संविधानसभा निर्वाचनलाई केन्द्रीय कार्यभारका रूपमा लिएर सबै गतिविधिलाई यसै विषयमा केन्द्रित गर्न यो बैठक निर्देश र आह्वान गर्दछ।

३. संविधानसभा निर्वाचनलाई निर्विघ्न सम्पन्न गर्न आन्दोलनरत विभिन्न समूहहरूसँगको वार्तालाई तदारुकताका साथ अघि बढाएर उचित मागहरूलाई सरकारले पूरा गर्नुपर्छ। समस्याको शीघ्र समाधान खोज्न आन्दोलनरत समूहहरू र सरकार दुवै पक्ष लचिलो र दूरदर्शी रूपमा प्रस्तुत हुनुपर्दछ। वार्तालाई छिटो अघि बढाएर निकास खोज्न यो बैठक आन्दोलनरत पक्ष र सरकारको ध्यानाकर्षण गर्दछ।

४. नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त देश हो। अनेकौँ जाति-जनजाति र सांस्कृतिक विशेषता भएका जनताका बीचको आपसी एकता, सद्भाव एवम् एक-अर्काप्रतिको सहिष्णुता हाम्रो राष्ट्रिय एकताको आधार हो। हिमाल, पहाड र तराई सबै भूभागमा बस्ने नेपालीको साझा भूमि नेपाल हो। सबै नेपालीलाई नेपालभित्र जुनसुकै भूभागमा बस्ने र बाँच्ने अधिकार छ। सबै नेपालीको साझा अधिकारको हामीले सम्मान गर्न सक्नुपर्दछ। आपसी मेल र सद्भाव नै हाम्रो उन्नतिको आधार हो। त्यसैले हामीबीच शताब्दीऔँदेखि कायम सामाजिक सद्भाव, मेल, सहिष्णुता र देशभक्तिको भावनालाई बलियो पार्दै अझ एकताबद्ध भएर अघि बढ्न यो बैठक सम्पूर्ण नेपाली जनतालाई आह्वान गर्दछ।

५. संविधानसभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित ढङ्गले सम्पन्न गर्न जनताले भय र त्रासरहित ढङ्गले शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउनुपर्छ। यसका लागि सरकारले देशमा पूर्ण रूपमा शान्तिसुरक्षा र कानुनको शासन कायम गर्न सक्नुपर्छ। दुःखको कुरा, अहिले देशव्यापी रूपमा शान्तिसुरक्षा बिग्रेको छ। चोरी, डकैती, अपहरण, हत्याजस्ता सामाजिक अपराधका घटनाहरू तीव्र रूपले बढिरहेका छन् र मुलुकमा कानुनको शासन कायम नभइरहेको अवस्था छ। तसर्थ, तत्काल शान्ति-सुरक्षा कायम गरेर संविधानसभा निर्वाचनको वातावरण बनाउन यो बैठक सरकारको गम्भीर ध्यानाकर्षण गर्दछ।

६. लोकतान्त्रिक गणतन्त्रको स्थापना आमजनताको चाहना बन्दै गएको सन्दर्भमा सत्तारुढ आठ दलको एकता सैद्धान्तिक र वैचारिक आधारमा अझ सुदृढ हुनु आवश्यक छ। लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई आठै दलको साझा लक्ष्य घोषणा गर्न यो बैठक सम्बन्धित सबै दलहरूको शीर्षस्थ नेतृत्वलाई गम्भीरतापूर्वक आग्रह गर्दछ।

७. शान्तिपूर्ण राजनीतिमा सामेल भएर नेकपा (माओवादी) संसद् र सरकारमा रहेको छ। तर, सरकार र संसद्को एउटा महत्त्वपूर्ण घटक भएर पनि त्यस अनुरूपको जिम्मेवार भूमिका नेकपा (माओवादी) ले खेल्न नसक्नु दुःखद कुरा हो। नेकपा (माओवादी) का कार्यकर्ताहरूले अझै पनि अपहरण, बलजफ्ती चन्दा असुली, सरकारी र निजी सम्पत्ति बलजफ्ती कब्जा, कुटपिट र हत्याजस्ता गैरकानुनी र अवाञ्छित कामहरू गरिरहेका छन्। अझ नेकपा (माओवादी) को भ्रातृ सङ्गठन योङ् कम्युनिस्ट लिग (वाईसीएल) ले देशव्यापी रूपमा गरिरहेका उद्दण्ड, अराजक, गैरकानुनी र हिंसाजन्य काम-कारबाहीले जनतामा भय र त्रास उत्पन्न गरेको छ। यस्ता क्रियाकलापले संविधानसभा निर्वाचनको वातावरण बन्न नदिने हुँदा तत्काल सम्पूर्ण गैरकानुनी र अवाञ्छित गतिविधि रोक्न र मुलुकमा शान्तिपूर्ण वातावरणको सुनिश्चितताका लागि ठोस रूपले योगदान गर्न यो बैठक नेकपा (माओवादी) लाई आह्वान गर्दछ।

८. देशमा यतिबेला अनेकौं नाम र बहानामा तीव्र रूपमा वन फँडानी भइरहेको छ। जनताले आफ्नो रगत र पसिना सिञ्चेर हुर्काएका वनहरू मासिन थालेका छन्। वन मन्त्रालयले अवैध फँडानी रोक्न सकेको छैन भने सामुदायिक वन दर्ता गर्न रोकेर वन जोगाउने जनअभियानलाई समेत हतोत्साहित पारेको छ। यो बैठक बन फँडानी रोक्न, काठ तस्करहरूलाई कारबाही गर्न र सामुदायिक वनहरू दर्ता गर्ने काममा लगाइएको रोक तत्काल हटाउन सम्बन्धित मन्त्री र पदाधिकारीहरूको ध्यानाकर्षण गर्दछ।

९. देशमा भ्रष्टाचार र तस्करी व्यापक रूपमा बढ्न थालेको छ। अन्तरिम अवस्था र सङ्क्रमणकालको फाइदा उठाएर प्रशासनिक अराजकता, दण्डहीनता र अन्योल उत्पन्न गरिएको छ। यस्तो स्थितिको फाइदा तस्कर र भ्रष्टहरूले उठाउन थालेका छन्। त्यसैले भ्रष्टाचार नियन्त्रण गर्न तत्काल इमानदार र निर्भीक मान्छेहरू नियुक्त गरेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पूर्णता दिनु र भ्रष्टाचार नियन्त्रण गर्न सशक्त र प्रभावकारी पाइला चाल्नु आवश्यक भएकोतर्फ यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ।

१०. राजनीतिक र प्रशासनिक शिथिलता र बेवास्ताले गर्दा यतिबेला बजारमा अराजकता र मनपरी व्याप्त भएको छ, उपभोग्य वस्तुहरूको जथाभावी भाउ बढेको छ। पेट्रोल, डिजेल आदिको आपूर्ति सुचारु हुनसकेको छैन। बढ्दो मूल्यवृद्धिलाई नियन्त्रण गर्न प्रशासनले कुनै ध्यान दिनसकेको छैन। यो बैठक बढ्दो महँगीलाई नियन्त्रण गर्न र आपूर्ति व्यवस्थालाई सुचारु गर्न तत्काल आवश्यक कदम चालियोस् भनी सरकारसँग जोडदार माग गर्दछ।

११. बढ्दो महँगीका कारणले जीवनका न्यूनतम आवश्यकताहरूसमेत पूरा गर्न गाह्रो पर्दै गएको अवस्थालाई ध्यानमा राखी राष्ट्रसेवक कर्मचारीहरूको तलब आवश्यक मात्रामा वृद्धि गर्न यो बैठक सरकारसँग माग गर्दछ।

१२. सङ्क्रमणकालको तरल अवस्थालाई दुरूपयोग गर्दै प्रतिगामी शक्तिहरूले आफ्ना अवाञ्छित चलखेल र क्रियाकलाप बढाउन थालेका छन्। प्रतिगामी तत्त्वहरूका अवाञ्छित क्रियाकलापहरूको भण्डाफोर र विरोध गर्दै अघि बढ्न सम्पूर्ण नेपाली जनतालाई यो बैठक आह्वान गर्दछ।

१३. अखण्ड र अविभाजित नेपाल हाम्रो साझा भूमि हो। यो साझा भूमिको महत्त्वपूर्ण अङ्गका रूपमा रहँदै आएको तराईलाई विखण्डन गर्ने दुष्प्रयासको यो बैठक घोर निन्दा र भर्त्सना गर्दछ। तराई, पहाड र हिमालका सम्पूर्ण स्वाभिमानी र देशभक्त नेपाली जनताले विखण्डनको यस्तो दुष्प्रयासलाई पराजित गर्नेछन्। नेकपा (एमाले) तराईलाई टुक्र्याएर 'स्वतन्त्र' बनाउने देशद्रोही क्रियाकलापको घोर विरोध गर्दै सम्पूर्ण नेपाली जनतालाई सजग र एकताबद्ध भएर यस्तो दुष्प्रयासका विरुद्ध क्रियाशील हुन जोडदार आह्वान गर्दछ।

१४. ऐतिहासिक जनआन्दोलन सफल पार्नका लागि आफ्नो जीवन आहुति दिने आदरणीय सहिदहरूलाई हामी कदापि भुल्न सक्दैनौं। अहिले उनीहरूका परिवारको उचित हेरविचार हुनसकेको छैन। यो बैठक, जनआन्दोलनका सहिदका परिवारको उचित हेरविचार र शिक्षा-दीक्षाको व्यवस्था गर्न सरकारसँग माग गर्दछ।

१५. जनआन्दोलनका क्रममा निरङ्कुश शाही शासनको दमनमा परी थुप्रै नागरिक अङ्गभङ्ग भएका छन् र उनीहरू शारीरिक रूपमा काम गर्न नसक्ने अवस्थामा पुगेका छन्। अझै पनि कतिपय घाइतेहरू उपचारकै क्रममा छन्। ती सम्पूर्ण घाइतेहरूको उपचार र जीवन-यापनका लागि उचित बन्दोबस्त गर्न यो बैठक सरकारसँग माग गर्दछ।

१६. द्वन्द्वका कारण विस्थापित नागरिकहरू अझै पनि आफ्नो घर फर्किन सकेका छैनन्। उनीहरूलाई यथाशीघ्र आफ्नै घर-गाउँमा फर्किने व्यवस्था मिलाउन यो बैठक सरकारसँग माग गर्दछ।

१७. माओवादीले राजनीतिक दलका कार्यकर्ता र जनसाधारणबाट विगतमा लुटेको सम्पत्ति अझै फिर्ता गरेका छैनन्। संसद् र सरकारमा आइसकेपछि पनि नागरिकको सम्पत्ति फिर्ता नगर्नु विडम्बनापूर्ण कार्य हो। यो बैठक विगतमा लुटिएको सम्पूर्ण सम्पत्ति फिर्ता गर्न माओवादीलाई आह्वान गर्दछ।

१८. विगतमा सरकार तथा माओवादी दुवै पक्षबाट नागरिकलाई बेपत्ता पारिएको छ। अहिलेसम्म उनीहरूको अवस्था थाहा हुन सकेको छैन। यो बैठक, बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक गर्न माग गर्दछ।

१९. जनआन्दोलनका दोषीमाथि कारबाहीको सिफारिस गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोग (रायमाझी आयोग) को प्रतिवेदन अझै सार्वजनिक नगर्दा थुप्रै टीका-टिप्पणीहरू उठेका छन्। यसबाट एकातिर जनआन्दोलनका दोषीहरूमाथि कुनै कारबाही भएको छैन र उनीहरू खुलेआम हिँडिरहेका छन् भने अर्कातिर जनतामा निराशा र आक्रोश पैदा भएको छ। यसर्थ, सो प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरी दोषीमाथि कारबाही गर्न यो बैठक जोडदार माग गर्दछ। ■

# पन्ध्रौँ बैठकका निष्कर्षहरू

' **प्रदीप ज्ञवाली**

नेकपा (एमाले) को बहुचर्चित पन्ध्रौँ बैठक १६ दिनसम्म चलेर भर्खरै सम्पन्न भएको छ। नेकपा (माओवादी) सम्मिलित अन्तरिम सरकारको गठन र संविधानसभाको मिति घोषणापछि आयोजना गरिएको यो बैठक आफैँमा निकै महत्त्वपूर्ण थियो। बैठकका सामु नयाँ राजनीतिक परिस्थितिको ठोस विश्लेषण गर्ने, परिवर्तित सन्दर्भमा विभिन्न पार्टीहरूको भूमिका र राजनीतिक शक्ति सन्तुलनको निक्र्योल गर्ने, संविधानसभाको निर्वाचनका बाधाहरूलाई पहिल्याउँदै तिनीहरूलाई पन्छाउने नीतिहरू निरुपित गर्ने र सिङ्गो पार्टी पङ्क्तिलाई लोकतान्त्रिक गणतन्त्रका निम्ति परिचालित गर्ने दायित्व थियो। त्यसैले बैठकप्रति आमजनचासो पनि थियो।

यसपटकको बैठक अपेक्षाभन्दा धेरै लामो समय चल्यो। छ दिनका लागि तोकिएको बैठक १६ दिनसम्म लम्बिँदा यसलाई लिएर विभिन्न अड्कल-अनुमानहरू सञ्चारमाध्यम र आमजनसमुदायमा पनि देखा परे, जुन अस्वाभाविक थिएनन्। गम्भीर राजनीतिक परिस्थितिमाझ बसेको बैठक यति लामो समयसम्म चल्नु हुन्थ्यो कि हुँदैनथ्यो भन्ने विषयमा छलफल गर्न सकिन्छ। तर, यसले नेकपा (एमाले) मा आन्तरिक प्रजातन्त्र कति फराकिलो छ र निर्णयमा पुग्नुपूर्व पार्टीमा कति सघन ढङ्गले छलफल गरिन्छ भन्ने पनि स्पष्ट पारेको छ। यद्यपि, बैठकहरूलाई अझ बढी कामकाजी, चुस्त र व्यवस्थित बनाउन गम्भीर ध्यान दिइनुपर्छ र मूल्यवान समय बैठकमै खर्चिने स्थिति नहोस् भन्नाका निम्ति नयाँ विधिको खोजी गरिनुपर्छ भन्ने पनि सबैलाई अनुभूति भएको छ।

निश्चय नै, यसपटकको बैठकमा पार्टीको आन्तरिक जीवनलाई कसरी सुदृढ र अझ बढी लोकतान्त्रिक बनाउने विषयमा पनि छलफल भयो। त्यसरी नै, परिवर्तित सन्दर्भमा विभिन्न राजनीतिक शक्तिहरूको विश्लेषण कसरी गर्ने र उनीहरूको भूमिकालाई कसरी मूल्याङ्कन गर्ने भन्ने विषयलाई लिएर पनि गम्भीर बहस भयो। महाधिवेशनबाट राजतन्त्र निरपेक्ष घोषित तर राजतन्त्रको आशक्तिबाट मुक्त भइनसकेको नेपाली काङ्ग्रेसको राजनीतिलाई कसरी चित्रित गर्ने, हतियार कन्टेनरमा र लडाकूहरू क्यान्टोनमेन्टमा थन्क्याएर अन्तरिम संसद् र सरकारमा सहभागी भएको तर व्यवहारमा मात्र होइन, चिन्तनमा पनि उग्रवामपन्थबाट अलग भइनसकेको माओवादीलाई कसरी हेर्ने र समग्रमा सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूलाई गणतन्त्रको तहमा उठाउँदै राजतन्त्र समाप्तिको यो निर्णायक घडीलाई कसरी सफल पार्ने भन्ने विषयमा पनि पार्टीमा निकै लामो, गम्भीर र तार्किक अन्तरसंवाद भयो। छलफलका यी विषय र तरिकालाई लिएर कसैले एमालेमा गम्भीर विवाद भएको पनि अनुमान र प्रचार गरे, जुन सही थिएनन्। अन्त्यमा पार्टी वाद-प्रतिवाद र संवादको द्वन्द्ववादी प्रक्रियाद्वारा एकीकृत निष्कर्षमा पुग्यो, जुन निष्कर्षले राष्ट्रिय राजनीतिमा गम्भीर र दूरगामी प्रभाव पार्ने निश्चित छ।

पन्ध्रौँ बैठकको सर्वाधिक महत्त्वपूर्ण निष्कर्ष हो- अब मुलुकलाई सम्पूर्ण रूपले संविधानसभाको निर्वाचनमा होम्नुपर्छ र मुलुकलाई निर्वाचनमय बनाउनुपर्छ। अवश्य पनि निर्वाचनको सन्दर्भमा बाधा-अवरोधहरू हटिसकेका छैनन् र कतिपय पार्टी या शक्तिका व्यवहारले आशङ्का उत्पन्न गर्ने ठाउँ दिइरहेका छन् तर अब निर्वाचन हुन्छ कि हुँदैन भन्नेबारेमा कुनै अन्योल राख्नु हुँदैन। मङ्सिरमा निर्वाचनको कुनै विकल्प छैन र त्यतिबेला पनि चुनाव हुन सकेन भने मुलुकले भोग्नुपर्ने राजनीतिक जटिलताको पूर्वानुमान गर्नै सकिँदैन। त्यसैले बिनाअलमल निर्वाचनको तयारीमा केन्द्रित हुनु, निर्वाचनको माहोल निर्माण गर्नु र यसका बाधा-अवरोधहरूलाई एकीकृत पहलका साथ सामना गर्दै पन्छाउनु अहिलेको सबैको साझा कार्यभार बन्नुपर्छ। यसका लागि पार्टीले स्वयम् महासचिवको अध्यक्षतामा निर्वाचन परिचालन कमिटी गठन गरेर र निर्वाचन घोषणापत्र मस्यौदा समितिसमेत निर्माण गरेर आफू निर्वाचनमा होमिएको सन्देश दिएको छ र अरूलाई पनि यसरी नै अगाडि बढ्न आह्वानसमेत गरेको छ। एमालेको यो निर्णयले निर्वाचनसम्बन्धी द्विविधालाई समाप्त पार्न र सिङ्गो देशलाई निर्वाचनमा केन्द्रित गर्न दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ।

बैठकले मुलुकको राजनीतिक शक्ति सन्तुलन र विभिन्न पार्टीहरूको भूमिका र स्थानका बारेमा पनि गम्भीर छलफल गरेको छ। प्रवृत्ति र चरित्रको हिसाबले मुलुकमा राजावादी/सामन्ती, बुर्जुवा सुधारवादी, लोकतान्त्रिक र उग्रवामपन्थी धारको प्रतिनिधित्व गर्ने विभिन्न शक्ति या पार्टीहरू विद्यमान भए पनि मुलुक यतिबेला प्रतिगामी र लोकतान्त्रिक दुई ध्रुवमा विभाजित भएको र लोकतान्त्रिक धार विस्तारै लोकतान्त्रिक गणतन्त्रवादी धारमा विकसित र स्तरोन्नत हुन थालेको निष्कर्ष बैठकले निकालेको छ। यद्यपि, अहिले पनि नेपाली काङ्ग्रेसमा राजाबारे अस्पष्टता र द्विविधा छ र यसका कतिपय नेताहरूमा राजाप्रति मोह या आशक्ति देखिने गरेको छ। तर, मुलुकमा जसरी गणतन्त्रको पक्षमा स्पष्ट, व्यापक र सशक्त जनमत निर्माण भइरहेको छ र खुद काङ्ग्रेसमा पनि नेविसङ्घको महाधिवेशन या पार्टी सभापतिहरूको भेलाले गणतन्त्रको पक्षमा स्पष्ट सन्देश दिएको छ, यसलाई उपेक्षा गरेर अगाडि बढ्नु काङ्ग्रेस नेतृत्वलाई सहज हुनेछैन।

त्यसरी नै, यद्यपि माओवादीमा अहिले पनि चिन्तन, अभिव्यक्ति र आचरणमा उग्रवामपन्थी, अराजकतावादी, उग्र र अधिनायकवादी सोचहरू बारम्बार देखा पर्ने गरेका छन् र त्यो पार्टी अझै पनि शान्तिपूर्ण धारमा रूपान्तरण भएर विश्वसनीय लोकतान्त्रिक शक्तिको रूपमा स्थापित भइसकेको छैन । तर, यावत् सैद्धान्तिक र वैचारिक विरोधाभास, द्विविधा र उग्रवामपन्थी धङधडीका बाबजुद विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दै, हतियारलाई कन्टेनर र लडाकूलाई क्यान्टोन्मेन्टमा सीमित गर्दै अन्तरिम संसद् र सरकारमा सहभागी भएको छ, गौर घटनाजस्ता कतिपय प्रसङ्गमा आफूलाई संयमित राखेको छ र आफूलाई ग्राह्य राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ, यसलाई सकारात्मक ढङ्गले लिनुपर्छ भन्ने पनि बैठकले निष्कर्ष निकालेको छ । यस्तो स्थितिमा, आठ दलको एकतालाई अझ सुदृढ र खँदिलो बनाउँदै यसलाई लोकतान्त्रिक गणतन्त्रको तहसम्म उठाउन पार्टीले विशेष भूमिका खेल्नुपर्छ । यसका लागि नेपाली काङ्ग्रेसको यथास्थितिवाद र राजामोह एवम् माओवादीको अतिवाद र हिंसामोहका विरुद्ध वैचारिक राजनीतिक सङ्घर्ष गर्दै नेकपा (एमाले) ले वैचारिक राजनीतिक नेताको भूमिका खेल्नुपर्छ भन्ने निष्कर्ष बैठकले निकालेको छ । आठ दलको एकतालाई लोकतान्त्रिक गणतन्त्रको तहसम्म विकास गर्न र मुलुकको सामाजिक-आर्थिक रूपान्तरण गर्न वामपन्थीहरूको आठ दलभित्र विशेष भूमिका रहने भए पनि अहिले आठ दलको एकतालाई कमजोर गर्ने गरी अन्य कुनै मोर्चा निर्माण गर्नु उपयुक्त र सम्भव पनि नभएको बैठकले ठहर गरेको छ । एमाले जहिले पनि कम्युनिस्ट र वामपन्थी एकताका निम्ति खुला छ तर यतिबेला राजतन्त्रविरोधी सबै शक्तिलाई गोलबन्द गर्दै संविधानसभालाई सुनिश्चित गराउन नै हाम्रो सम्पूर्ण ध्यान केन्द्रित हुनुपर्छ, यही नै हाम्रो प्राथमिकता बन्नुपर्छ । यसका लागि मुख्य रूपमा आफ्नै शक्ति र सामर्थ्यको विकास गर्ने कुरालाई बैठकले जोड दिएको छ ।

पार्टीले निर्वाचनमा आमरूपमा राजावादी/प्रतिगामी शक्तिलाई हराउने र गणतन्त्रवादीलाई जिताउने हिसाबले निर्वाचन रणनीति बनाउने निष्कर्ष निकालेको छ । गणतन्त्रवादीमध्ये पनि लोकतान्त्रिक गणतन्त्रको विषयमा स्पष्ट भएको राजनीतिक शक्तिको विजयमा बढी जोड दिने र निर्वाचनमा आवश्यकता अनुसार लचिलो बन्न सकिने भए पनि नेकपा (एमाले) को प्रभावशाली उपस्थितिबेगर लोकतान्त्रिक गणतन्त्र, दिगो शान्ति र अग्रगामी रूपान्तरण सम्भव नहुने भएकाले मुख्य जोड पार्टीको आफ्नै शक्ति, सामर्थ्य र बहुमतमा दिनुपर्ने निष्कर्ष निकालिएको छ । सबै जिल्ला र निर्वाचन क्षेत्रको विस्तृत रिपोर्टिङ्का दौरान अत्यन्त प्रतिकूलताका बीचमा पनि एमाले पङ्क्ति आमरूपमा अक्षुण्ण रहेको, पार्टीप्रतिको आकर्षण प्रभावकारी रहेको र सर्वाधिक व्यापक जनाधारयुक्त पार्टीका रूपमा एमाले नै रहेको स्पष्ट भएको छ । त्यसैले आगामी दिनमा क्रियाशीलता र गतिमा माओवादीसँग र जनाधारमा नेपाली काङ्ग्रेससँग प्रतिस्पर्धा गर्दै पार्टीलाई राष्ट्रिय राजनीतिको केन्द्रभागमा स्थापित गर्न सम्पूर्ण शक्ति केन्द्रित गर्ने निर्णय गरिएको छ ।

पन्ध्रौं बैठकले संविधानसभाको निर्वाचनको सुनिश्चितताका लागि शान्तिसुरक्षाको स्थितिमा प्रभावकारी सुधार गर्दै निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचन सम्पन्न गराउन सरकारलाई गम्भीर पहल गर्न आग्रह पनि गरेको छ । विशेष गरेर पूर्वी र मध्य तराईमा देखा परेका विभिन्न नामका हिंसात्मक समूहहरूका आपराधिक क्रियाकलापबारे स्पष्ट धारणा बनाउन र त्यसलाई नियन्त्रण गर्ने स्पष्ट नीति निर्माण गर्न सरकारले ध्यान दिनैपर्छ । मधेसीलगायत सीमान्तीकृत समुदायका सबै जायज गुनासाहरूलाई तत्काल र प्रभावकारी सुनुवाइ र सम्बोधन गर्नैपर्छ तर न त वार्ताबाट शान्ति प्रक्रियामा ल्याउन सक्ने न प्रशासनिक उपायद्वारा हिंसालाई नियन्त्रण गर्न सक्ने सरकारको तरिकाले स्थितिलाई गम्भीर र जटिल बनाइरहेको छ । त्यसरी नै, सरकारमा सम्मिलित भइसकेपछि पनि समानान्तर सुरक्षा प्रणाली र समानान्तर सरकारको आचरण गर्दै उग्र क्रियाकलाप गरिरहेका माओवादीका कारण पनि स्थिति जटिल बनिरहेको छ, जसलाई माओवादीले प्रभावकारी नियन्त्रण गर्नैपर्छ ।

बैठकले जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक, क्षेत्रीय र वर्गीय विभेदको अन्त्य गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्नुपर्ने र यसका लागि सङ्घीय संरचनामा जानुपर्ने पार्टीको पूर्वनिर्णयलाई पुनः पुष्टि गर्दै यसका लागि ठोस गृहकार्य अगाडि बढाउने फैसला गरेको छ । तर, यसो गरिरहँदा कुनै पनि अतिवादी मान्यताबाट दिशानिर्देशित हुन नहुने, जातीय प्रश्न उठाउँदा वर्गीय दृष्टिकोणलाई बिर्सने या वर्गका कुरा गरिरहँदा जातीय, भाषिक या क्षेत्रीय विभेदलाई उपेक्षा गर्ने दुवैखाले गलत चिन्तनबाट पार्टी पङ्क्तिलाई मुक्त राख्नुपर्ने निष्कर्ष निकालेको छ । विशेष गरेर यतिबेला तराईमा टाउको उठाउन खोजिरहेको विखण्डनकारी, दुई राष्ट्रियता या अखण्ड मधेसजस्ता गलत चिन्तनको प्रभावकारी प्रतिवाद गर्दै राष्ट्रिय एकता, साम्प्रदायिक सद्भाव र मुलुकको अखण्डतालाई कतैबाट पनि कमजोर हुन दिन नहुने कुरामा जोड दिएको छ ।

यसपटकको बैठकमा पार्टीको आन्तरिक प्रजातन्त्र, नेतृत्व निर्माण, विकास र हस्तान्तरण, नेताहरूको जीवनशैलीको पारदर्शिता, पार्टीभित्र विचार र विवादको सञ्चालन, कार्यकर्ता समस्या, पार्टी पङ्क्तिको सुरक्षाजस्ता धेरै प्रश्नमा गम्भीर छलफल भएका छन्, जसले पार्टी जीवनको प्रजातान्त्रीकरणसम्बन्धी चालू बहसलाई तार्किक निष्कर्षमा पुग्न मद्दत पुऱ्याउनेछन् । संविधानसभाको निर्वाचनपछि आयोजना गरिने आठौँ महाधिवेशनले यी विषयहरूको संश्लेषण गर्दै तार्किक निष्कर्षमा पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

जेहोस्, पार्टी केन्द्रीय कमिटीको पन्ध्रौं बैठकपछि अब पार्टीको एकसूत्रीय कार्यभार संविधानसभाको सफल आयोजना र त्यसमार्फत लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिहरूको विजयलाई सुनिश्चित गर्नु रहेको छ । बैठकका निष्कर्षहरूको प्रभावकारी कार्यान्वयनले राष्ट्रिय राजनीतिलाई सही दिशातिर लैजान महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गर्न सकिन्छ । ■

# ट्रेड युनियन आन्दोलनको स्वरूप

## ' मुकुन्द न्यौपाने

विगत ट्रेड युनियन आन्दोलनको अध्ययनबाट हामीले के अनुभव गर्‍यौं भने मार्क्सकालीन मजदुर आन्दोलनको विकाससँगै ट्रेड युनियन सङ्गठन पनि विकास हुँदै गयो । यस्ता ट्रेडयुनियनमा अधिकांशतः पिछडिएका कामदारहरू र निम्न बुर्जुवा मनोवृत्ति भएका मजदुरहरूको बाहुल्य रहने गर्दथ्यो । मार्क्सकालीन अवस्थामा मूलभूत समस्या भनेको पार्टी निर्माणको समस्या थियो । बलियो अगुवा मजदुरको पार्टी नबनीकन अरू सङ्गठनलाई राम्ररी परिचालन गर्ने कुरा कल्पना पनि गर्न सकिन्नथ्यो । त्यसैकारण कार्ल मार्क्सको ध्यान सम्पूर्ण रूपले मजदुर वर्गको राजनीतिक सङ्गठन निर्माणको दिशातर्फ गयो । ट्रेड युनियनसम्बन्धी कैयौं प्रश्नहरू उनको दिमागमा थाँती नै रहे ।

पार्टी भनेको मजदुरहरूको अगुवा दस्ता हो, त्यहाँ सबै कामदारहरू अटाउन सक्तैनन् । निम्न बुर्जुवाबाट प्रभावित मजदुरहरू अझ सर्वहाराहरू सर्वहारा वर्गकै ठूलो अचेतन हिस्सा मिलेर मजदुरभित्रको अत्यन्त ठूलो बहुमत बन्न जान्छ र त्यो नै आन्दोलनको मुख्य शक्तिका रूपमा अगाडि आउँछ । तर, त्यसको नेतृत्वकारी भूमिका रहँदैन । यो बहुमतको ठूलो अंश पार्टीमा सङ्गठित हुँदैन । प्रायसः जनसमुदाय तीन भागमा बाँडिएको हुन्छ । सक्रिय, मध्यवर्ती र पिछडिएको हिस्सा । सक्रिय हिस्सा जो शिक्षित छ र सचेत छ त्यो सीधै राजनीतिक पार्टीमा सामेल हुनसक्छ तर मध्यवर्ती र पिछडिएको ठूलो हिस्सालाई कसरी सङ्गठित गर्ने ? उनीहरूका लागि ट्रेड युनियन सङ्गठन नै एक मात्र उपयुक्त सङ्गठन हो । तर, ट्रेड युनियन पार्टीको एकाइ कमिटी बन्नु हुँदैन । त्यो स्वतन्त्र मजदुरहरूको एकल युनियनका रूपमा अगाडि आउनुपर्छ र पार्टीहरूको फुटवादी चिन्तन र व्यवहारबाट त्यसले जोगिनुपर्छ । जतिवटा राजनीतिक दलहरू समाजमा हुन्छन्, त्यति नै ट्रेड युनियन सङ्गठन बन्ने हो भने त्यहाँको मजदुर विजय होइन, सधैं पराजयको सिकार हुनेछ । त्यसैकारण राजनीतिक पार्टीहरूले पनि ट्रेड युनियनभित्रका आफ्ना विचारका पक्षमा रहेकाहरूलाई लिएर त्यसैभित्र कमिटी बनाउनुपर्छ तर ट्रेड युनियनलाई फुटालेर बहुयुनियनको अवस्था सिर्जना गर्नु हुँदैन । यो कुरा मुलुकको औद्योगिक विकास र त्यसको स्थायित्वका लागि पनि आवश्यक छ । यसो नगर्ने हो भने ट्रेड युनियनहरू अनेकौं धारमा विभाजन हुनेछन् र यसको सीधा लाभ बुर्जुवा वर्गले लिनेछ । पार्टीहरू पनि अत्यन्त कमजोर बन्नेछन् । मजदुर वर्ग सधैं पराजित हुने खतरामा झुन्डिरहन्छ । आजसम्मको समाजवादी आन्दोलन र कम्युनिस्ट आन्दोलनले खाएको धक्काले पनि यिनै कुरा बताएका छन् । सबै जनता कम्युनिस्ट पार्टीमा सामेल हुन सक्तैनन् । जो कम्युनिस्ट पार्टीमा सामेल हुन चाहँदैनन् र हुन सक्तैनन्, उनीहरूलाई स्वतन्त्र ढङ्गले परिचालित हुन र अगाडि बढ्नका लागि आफ्नै वर्गको स्वतन्त्र सङ्गठन चाहिन्छ । ट्रेड युनियनहरू त्यसैप्रकारका सङ्गठनहरू हुन्, जहाँ निम्न बुर्जुवा मनोवृत्ति भएका मजदुरहरूदेखि लिएर पिछडिएका अचेतन र अर्धसर्वहाराको ठूलो हिस्सा सामेल हुन्छ ।

कम्युनिस्टहरूले सुरुसुरुमा बुझ्न नसकेको कुरा पनि यही नै हो । जसको परिणाम उनीहरूले ट्रेड युनियनभित्र राम्ररी काम गर्न सकेनन् । पछि लेनिनले ट्रेड युनियनभित्र काम गर्नुपर्छ भन्ने व्यवस्थित र सैद्धान्तिक अवधारणा अगाडि सारे । रुसमै पनि ट्रेड युनियन सुधारवादीहरूको संस्था भएको र तिनीहरूको पदहरूमा रहेकाले त्यसमा काम गर्नु हुन्न र क्रान्तिकारी कम्युनिस्टहरूको अलग्गै बनाउनुपर्छ भन्ने 'उग्रवाम' हरूको चर्को प्रहार थियो ।

एकातिर ट्रेड युनियनजस्ता संस्थाहरूलाई पूरै बहिष्कार गर्ने सोच र अर्कोतिर तिनलाई सीधै पार्टीका मातहतका कमिटीहरू बनाउनुपर्छ भन्ने पार्टीभित्रका गलत सोचका विरुद्ध लेनिनले तिखो सङ्घर्ष गरे । यस्ता दुवै बचकानाहरूलाई लेनिनले बाल रोगको मनोवृत्तिको संज्ञा दिएका छन् । लेनिनको भनाइमा 'यस्ता मनोवृत्तिहरू कम्युनिस्टको राजनीतिक पार्टी र मजदुर वर्गको व्यापक गैरपार्टी ट्रेड युनियनको बीच फरक गर्न नसक्दा नै जन्मिएका हुन् ।'

ट्रेड युनियनमा विभिन्न राजनीतिक राष्ट्रिय र धार्मिक विचारका मजदुर सङ्गठित हुन्छन् । कम्युनिस्टहरू के भन्दछन् भने आफ्नो वर्गीय हितका आधारमा सबै मजदुरहरूले राजनीतिक र अन्य सम्प्रदायका मतभेदलाई बिर्सेर सङ्गठित हुन आवश्यक छ । यसो हुन नसक्दा मजदुर वर्गले ठूलो क्षति बेहोरेका धेरै उदाहरण पाइन्छन् ।

सन् १९१९ र १९२१ को बीच रुसी पार्टीमा आएको ट्रेड युनियनलाई हेर्ने सङ्कीर्णताका कारण ट्रेड युनियन आन्दोलनले निकै ठूलो क्षति बेहोर्नुपर्‍यो । एकातिर उग्रपन्थीहरूको बचकाना र अर्कोतर्फ दक्षिणपन्थीहरूको ट्रेड युनियनभित्र

कम्युनिस्टविरोधी अभियानले गर्दा ट्रेड युनियनबाट धेरै कम्युनिस्ट क्रान्तिकारीहरू निकालिए। ट्रेड युनियनलाई हेर्ने गलत अवधारणाकै परिणाम आममजदुरहरूमा दक्षिणपन्थी बुर्जुवाहरूले पकड जमाइसकेका थिए।

लेनिनले यस्तो परिस्थितिको तुरुन्त विश्लेषण गरेर आममजदुरहरूलाई गोलबन्द गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय ट्रेड युनियन सङ्घ बनाउने निधो गरे। यसै अनुरूप १९२१ मा ट्रेड युनियन अन्तर्राष्ट्रियको जन्म भयो। यसले रुसमा भएको पहिलो मजदुर क्रान्तिको समर्थनमा विभिन्न देशका मजदुरहरूलाई एकजुट गर्नमा ठूलो भूमिका निर्वाह गऱ्यो। यो इन्टरनेसनल ०३७ सम्म मात्र रह्यो। यसमा रुस, चीन, इन्डोनेसिया, क्यानडा, कोलम्बिया, बेल्जियम, हल्यान्ड आदि देशको सहभागिता थियो।

यो ट्रेड युनियन गठन गर्नुको लेनिनको उद्देश्य कम्युनिस्टहरू, सामाजिक जनवादीहरू र गैरकम्युनिस्ट मजदुरहरूका बीच व्यापक एकता कायम गर्नु थियो। ट्रेड युनियन इन्टरनेसनल बृहत् लामो खोजको परिणामस्वरूप आममजदुरको भावनालाई आत्मसात् गर्दै श्रममा सघनीकरणका विरुद्ध कार्य घन्टा छोट्याउने, मजदुरी बढाउने श्रमको परिस्थितिमा सुधार गर्ने, मजदुरहरूको राजनीतिक स्वतन्त्रताको मागको समर्थन गर्ने सङ्घर्षमा अन्तर्राष्ट्रिय मजदुर वर्गलाई एकताबद्ध गर्न धेरै महत्त्वपूर्ण काम गऱ्यो।

तर, लेनिनको मृत्युपश्चात् रुसको पार्टीले ट्रेड युनियनसम्बन्धी लेनिनको विचारलाई आत्मसात् गर्न र व्यवहारमा उतार्न सकेन। ट्रेड युनियन आन्दोलनलाई अत्यन्त साँघुरो र सङ्कीर्ण आँखाले हेर्न थालियो। रुसलगायत धेरै देशमा कम्युनिस्ट पार्टीका एकाइका रूपमा यिनलाई हेर्न थालियो। ट्रेड युनियनमा सङ्गठित हरेक मजदुरले पार्टी सदस्यता लिनुपर्ने, पार्टीको कडा अनुशासनमा रहनुपर्ने, पार्टीको विधान नै ट्रेड युनियनको विधान बन्नेजस्ता गलत र अवस्तुवादी व्यवहार ट्रेड युनियनमाथि लाद्न थालियो। व्यक्तिगत स्वतन्त्रता, विचारको स्वतन्त्रता र सङ्गठनको सामान्य खुकुलोपन पनि प्रायः समाप्त हुँदै गयो। यसबाट आममजदुरहरूमा एक प्रकारको निराशा र असन्तुष्टि र कम्युनिस्ट पार्टीमाथि नै अविश्वास जन्मने स्थिति उत्पन्न भयो। आममजदुरहरूले आफ्नो स्वतन्त्रता र मौलिकता नै गुमेको महसुस गर्न थाले।

कम्युनिस्ट पार्टी खासगरी रुसी कम्युनिस्ट पार्टीभित्र रहेको यस्तो सङ्कीर्ण चिन्तनबाट उत्पन्न अन्तरविरोधहरूको फाइदा अन्तर्राष्ट्रिय बुर्जुवा वर्गले उठायो। १९१९ मै कम्युनिस्ट समाजवादका विरुद्ध खडा गरेको 'एमस्टरडम ट्रेड युनियन इन्टरनेसनल' सङ्गठनले १९३८ पछि गएर एकलौटी रूपमा आफ्नो अभियान चलायो। यो सङ्गठन खुलेआम कम्युनिस्टहरूका विरुद्धमा अन्तर्राष्ट्रिय रूपमै उत्रियो।

## आधुनिक पुँजीवाद र ट्रेड युनियनको अवस्था

गएका केही वर्षयता विश्व पुँजीवादले मजदुरहरूको अधिकारमाथि व्यापक मात्रामा आक्रमण सुरु गरेको छ। रुसको विघटन र शीतकालीन युद्धको समाप्तिपछि यो क्रम अरू चर्को रूपमा सामुन्ने आएको छ। एकातिर ट्रेड युनियनको दायरा व्यापक फराकिलो बन्दै गएको छ र विगतमा जस्तो काला र सेता मजदुरको रूपमा कामदार विभाजित हुने क्रम तीव्र गतिले घटेर गइरहेको छ। शारीरिक श्रम र मानसिक श्रम गर्नेबीचको दूरी घटेर गएको छ। मानसिक श्रम गर्ने होस् वा शारीरिक श्रम गर्ने होस्- सबै ज्याला लिनेहरू एउटै ट्रेड युनियनमा सङ्गठित हुने प्रक्रिया तीव्र भएको छ। एकातिर काम लगाउनेहरू विश्व व्यापार सङ्गठनमा निर्भर हुँदैछन् भने अर्कोतिर काम गर्नेहरू ट्रेड युनियनको एकल अन्तर्राष्ट्रिय केन्द्रलाई शक्तिशाली बनाउनुपर्ने र त्यसै अन्तर्गत एकताबद्ध भएर अगाडि बढ्ने दिशातर्फ अग्रसर हुँदैछन्। अर्कोतिर, विश्वव्यापार सङ्गठन र विश्व ब्याङ्कको दबाबमा मजदुरमाथि नियन्त्रण गर्ने र उद्यमीको मनोपोलीलाई बढावा दिने खालका कानुनहरूको निर्माण प्रक्रिया तीव्र पार्ने कामहरू पनि भइरहेका छन्। वैज्ञानिक तकनिकीको वर्तमान विकासलाई आफ्नो पक्षमा उपयोग गरेर श्रमको प्रक्रियाको संरचनालाई पुँजीपति वर्गले एकलौटी रूपमा आफ्नो पक्षमा परिवर्तन गर्न खोजिरहेको छ। सञ्चालित प्रकृति र रोवटहरूको व्यापक प्रयोगका कारण विस्तारै विस्तारै मानिसलाई उत्पादन प्रक्रियाबाट अलग गरिँदैछ।

धेरै यस्ता श्रमिकहरू छन्, जसले आफूलाई छिटो परिवर्तन गर्न सक्तैनन्। जो शिक्षा, सीप र प्राविधिक ज्ञानबाट वञ्चित छन् र तत्काल यो प्राप्त गर्ने अवस्थाबाट पनि वञ्चित छन्। उनीहरूले श्रमको नयाँ परिस्थितिको अनुभव गर्न सक्तैनन्। त्यस्ता कामदारहरूले आफ्नो योग्यता गुमाउँदैछन् र कामको क्षेत्रबाट वञ्चित हुँदैछन्। माइक्रो इलेक्ट्रोनिकको उपयोगका कारण क्लर्क, खजान्ची, एकाउन्टेन्टजस्ता व्यवसायमा सङ्कट आएको छ। महिलाको श्रमको क्षेत्र सीमित भएको छ। आज अधबैँसेहरूले काम पाउनु असम्भवजस्तै भएको छ र महिलाहरू र अल्पसङ्ख्यक जातिका मानिसहरूमा बेरोजगारको प्रतिशत अधिक छ। आज बेरोजगारीसँगसँगै बेरोजगारीको अवधि पनि त्यत्तिकै बढेको छ। हिजोआज कुनै काम पनि दुई वर्ष, चार वर्ष, छ वर्ष कुर्नुपर्छ र यति अवधि कुर्दा पनि काम पाउन नसक्ने पङ्क्ति पनि बढेको बढ्यै छ। नियमित बेरोजगारीको अर्थ नोकरी गुमाउनु मात्र हुँदैन, व्यवसाय गुमाउनु पनि हो।

## आखिर यति ठूलो बेरोजगारीको कारण के हो त ?

नेपालको विशेष अवस्थाको समीक्षा गर्ने हो भने यसका अनेकौँ कारण फेला पर्न सक्छन्। नेपाल पिछडिएको अर्थतन्त्रमा आधारित मुलुक हो। यसलाई कृषिप्रधान देश भनिए तापनि यहाँको कृषि अर्थतन्त्र पनि त्यत्तिकै पिछडिएको अवस्था छ। सिँचाइ, कृषिका आधुनिक उपकरण, बीउ, बिजनको उपयुक्त पहिचान र प्रयोग, मलखाद किन्ने किसानको क्रयशक्तिको अभाव आदि कारणले कृषि उत्पादनमा ह्रास आएको छ। उत्पादनमा श्रमको लागत बढी पर्ने र भारतीय कृषि उपजका वस्तु सस्तो मूल्यमा नेपाल भित्रिनुको कारण नेपालको कृषि क्षेत्र सङ्कटतर्फ धकेलिँदैछ यसले गर्दा ग्रामीण कृषि क्षेत्रबाट वार्षिक दुई लाखभन्दा बढीको जनशक्ति बेरोजगार बनिरहेको अवस्था विद्यमान छ।

औद्योगिक क्षेत्रको उत्पादनको अवस्था हेर्दा पनि स्थिति त्यस्तै छ। हाम्रो औद्योगिक उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्ने अवस्था छैन। अन्तर्राष्ट्रिय क्षेत्रमा बजार लिएका कार्पेट र गार्मेन्ट क्षेत्रका उद्योगपति केही वर्षयता अन्तर्राष्ट्रिय बजारका कारण अत्यन्त कमजोर भएर गएका छन्। यी उद्योगहरूको अवस्था यस्तो हुनुमा अन्तर्राष्ट्रिय क्षेत्रमा ती उद्योगका बारेमा गरिएको नकारात्मक प्रचार-प्रसार एनजीओ, आईएनजीओले बढाइचढाई गरेको बालमजदुरको विज्ञापन, माओवादीले चलाएको हिंसात्मक आन्दोलन र उद्यमीहरूमाथिको माओवादी दबाब र आतङ्क राज्यले यो क्षेत्रमा निर्वाह गर्नुपर्ने दायित्वको अभाव आदिका कारण नेपालको औद्योगिक उत्पादनमा नकारात्मक असर पर्‍यो, जसको परिणाम धेरै उद्योग बन्द भए। रुग्ण भएर कमजोर भए। यी कारणहरू नै हाम्रो वर्तमान अवस्थामा बेरोजगारी बढाउने आन्तरिक कारण बने भने पुँजीपति वर्गको अत्यधिक नाफा कमाउने मनोवृत्ति पनि एउटा थप कारणको रूपमा रह्यो। तर, वर्तमान विश्वमा बेरोजगारीको मूल कारण खोज्ने हो भने पुँजीवादी अर्थ व्यवस्थाको चर्को सैनिकीकरणलाई लिन सकिन्छ। उदाहरणका लागि १९८० देखि २००० सम्म आइपुग्दा २० वर्षमा सैनिक उद्देश्यका लागि अमेरिकाले गरेको खर्च २० खर्बभन्दा बढी रह्यो। अफगानिस्तान र इराक युद्धको छ वर्षयताको मात्र हिसाब गर्ने हो भने पनि युद्ध सुरु भएयता हाल इराकलाई दिएको एक खर्ब डलरसमेत जोड्दा दस खर्बभन्दा माथिको हिसाब निस्कन सक्छ। सैनिकीकरणमा भएको यो भीमकाय खर्चको परिणामस्वरूप नै आज करोडौँ मान्छेका कामका क्षेत्रहरू गुम्न पुगेका छन्।

वर्तमान अवस्थामा विश्वव्यापी रूपमा कामका थलोहरूमा पनि मानवीय श्रम कार्यमा अत्यन्त कमी आउन थालेको छ। यसको मूल कारण भनेको कारखानामा गरिएको रोवटीकरण नै हो। पुँजीवादी दुनियाँमा विकास भइरहेको नयाँ प्रविधि र कारखानाहरूमा गरिएको रोवटीकरणले श्रमको क्षेत्रमा निकट भविष्यमै गम्भीर समस्या पैदा हुने सम्भावना छ। सन् १९८० तिरै अमेरिकी विशेषज्ञहरूले गरेको अनुमान अनुसार 'अमेरिकामा रोवट र प्रविधिकरणको गतिलाई मानव श्रमसँग समन्वय नगर्ने हो भने आउने २०१० सालमा अमेरिकामा बेरोजगारहरूको संस्था तीन करोडको हाराहारीमा पुग्नेछ।

एकातिर स्थिति यस्तो छ भने अर्कोतिर पुँजीपति वर्ग अन्धाधुन्ध कारखानालाई मेसिनीकरण गर्ने र मानव श्रम कटौती गर्ने कामलाई अरू तीव्र पारिरहेको छ। पुराना प्रतिष्ठान बन्द गर्ने, नयाँ प्रतिष्ठान लगाउने, प्रतिष्ठानहरू पुरानो ठाउँबाट हटाएर नयाँ ठाउँमा लाने, कारखानाको नाम परिवर्तन गर्ने, कामका शाखाहरू बन्द गर्ने, ठेकेदारी प्रथालाई व्यापक बनाउने आदि कामहरू गरेर मजदुरको जीवनलाई अरू कठिन अवस्थातिर धकेल्ने काम गरिरहेको छ।

यस्तो परिस्थितिले श्रमिकहरूका ट्रेड युनियनका अगाडि अप्ठ्यारो स्थिति सिर्जना गरिदिन्छ। पुँजीपति वर्गलाई मजदुरको श्रमको परिस्थिति बिगार्ने मौका दिन्छ। ठूलो मात्रामा मजदुर कटौती हुन थाल्छन् र वेतन वृद्धिमा अत्यन्तै ढिलासुस्ती बढेर जान्छ। त्यति मात्र होइन वृद्धि गरिएको वेतन सम्झौता र कागजमा सीमित गर्ने र व्यवहारमा पुरानै वेतनमा काम गर्न मजदुरलाई बाध्य पार्ने प्रवृत्तिहरू देखापर्छन्। कैयौँ ठाउँमा वेतन घटेर जाने सम्भावना पनि देखापर्छन्।

## ट्रेड युनियनहरूमा परिवर्तन

आज विश्वव्यापी रूपमा ट्रेड युनियनमा संरचनात्मक परिवर्तन पनि आइरहेका छन्। शारीरिक श्रम गर्ने र मानसिक श्रम गर्नेहरूबीचको दूरी पनि घटेर गइरहेको छ। लामो समयसम्म श्रमको परिभाषामा रहेको अस्पष्टताले गर्दा ट्रेड युनियन निर्माण प्रश्नमा पनि निकै अस्पष्टता र भद्रगोलहरू सिर्जना भए। ट्रेड युनियन भनेको शारीरिक काम गर्ने काला लुगा लगाउने मजदुरको सङ्गठन हो भन्ने मनसिकता मानसिक श्रम गर्ने कामदार कर्मचारीहरूमा पर्‍यो। वास्तवमा श्रमिक वर्ग भनेको कुनै न कुनै काम गरेर ज्याला भित्र्याउने वर्ग हो। कसैको मालिक राज्य हुन्छ भने कसैको मालिक व्यक्ति हुन्छ। हामी पुँजी भित्र्याउनेलाई मालिक भन्छौँ भने ज्याला भित्र्याउनेलाई श्रमिक। गाउँले क्षेत्रमा बाली भित्र्याउने मालिक र ज्याला भित्र्याउने कृषि श्रमिक। यसरी परिभाषित गर्दा आज श्रमको क्षेत्र जति बृहत् र व्यापक छ, त्यति नै समाज परिवर्तनमा श्रमिकहरूको ट्रेड युनियनको भूमिका पनि त्यत्तिकै महत्त्वपूर्ण छ। वर्तमान अवस्थाको अर्को विशेषता के हो भने श्रम ज्ञानमा आधारित श्रममा रूपान्तरण हुँदैछ। यसले मानसिक श्रम गर्नेहरूको सङ्ख्यामा निरन्तर वृद्धि हुँदैछ र शारीरिक काम गर्नेहरूको सङ्ख्यामा ठूलो मात्रामा कटौती भइरहेको छ। यसले गर्दा पहिलेका वर्ग र वर्गीय अवधारणाका कतिपय सोचहरू पनि फेरिएका छन्। इन्जिनियर, प्राविधिककर्मीहरू, सरकारी स्वामित्वमा रहेका प्रतिष्ठानहरू, निजामती सेवाका कर्मचारीहरू सबै श्रमिक परिभाषाभित्र आइरहेका छन् र ट्रेड युनियन गठनको पुरानो मान्यतामै परिवर्तन भएको छ। यो अवस्थाले गर्दा ट्रेड युनियन परम्पराहरूले पहिलेका लक्षणहरू गुमाउँदै गएका छन्।

## ट्रेड युनियन आन्दोलनका सफलताका सर्तहरू

आजको परिस्थितिमा ट्रेड युनियन आन्दोलनलाई सफलतासाथ अघि बढाउनु निकै कठिन कुरा हो। यसका निम्ति श्रमिक आन्दोलनकारी नेताहरूले पुराना सोचबाट मुक्त हुनैपर्छ। अबको विश्वमा न त पुँजीपति वर्ग सङ्गठित नभई टिक्न सक्छ, न श्रमजीवी वर्ग नै। संवादको टेबिलमा आफ्नो पक्षको मतलाई प्रभावकारी बनाउन पनि ट्रेड युनियन सङ्गठन शक्तिशाली हुनु जरुरी छ। पुँजीपति वर्ग र पुरानो सत्ताको 'फुटाऊ र शासन गर' भन्ने सिद्धान्तलाई व्यवहारबाटै परास्त नगरेसम्म मजदुर वर्ग आफ्नो लक्ष्यमा पुग्न सक्दैन। श्रमजीवी वर्गको आजको सफलताको बाधक भनेको नै बहुयुनियनवादको अवधारणा हो। श्रमिक एउटा वर्ग हो। यसका कामका प्रकृति फरक छन् तर यसको सामाजिक मुक्तिको दीर्घकालीन लक्ष्य र 'उचित काम उचित ज्याला' को तात्कालिक लक्ष्य एउटै छ। त्यसैकारण 'एक वर्ग एक सङ्गठन, एक प्रतिष्ठान एक युनियन' को अवधारणालाई बलियो गरी समाउनु र एकल ट्रेड युनियनको अवधारणातर्फ अगाडि बढ्नु नितान्त आवश्यक छ।

अहिलेसम्मको ट्रेड युनियन आन्दोलनको अनुभव के छ भने ट्रेड युनियन आन्दोलन वस्तुतः तब मात्रै सफल हुनसक्छ, जब यसले गैरपार्टी आममजदुरहरूलाई गोलबन्द गर्न सक्छ । हाम्रो जस्तो पिछडिएको कृषक उत्पादनको बोलवाला भएको मुलुकमा यो कुरा अधिक महत्त्वपूर्ण छ । सानो मात्राको छरिएको उत्पादनले गर्दा निम्न पुँजीवादी मनोवृत्तिले स्वतः बोलवाला पाउँछ । यसले या त रुढीवाद र यथास्थितिवादलाई प्रश्रय दिन्छ या त अराजकतावादलाई जन्माउँछ । निम्न किसान उत्पादनको बढावा भएको मुलुकमा जन्मने आतङ्कवाद र अराजकतावादका आधार पनि यिनै हुन् ।

ट्रेड युनियनहरूका लागि गम्भीर खतरा भनेको मजदुर जनताबाट अलगाव हो । मजदुर जनताको इच्छा र आवश्यकता अनि तत्कालीन वस्तुस्थितिसँग उनीहरूको मेल यो कुराको जाँच नेताहरूले राम्ररी बुझ्नुपर्छ । प्रायः आमश्रमिकले परिस्थितिलाई ठीकै ढङ्गले आकलन गरेका हुन्छन् र उनीहरूले परिस्थितिको बाध्यात्मक अवस्थाको मर्म पनि त्यतिकै महसुस गरेका हुन्छन् । नेताहरूको इच्छा कहिलेकाहीँ श्रमिकहरूको इच्छा र आवश्यकताभन्दा धेरै अगाडि बढी दिन्छ । हतारोको फड्को र दिगो विकास कामका दुईवटा तरिका हुन् । आफ्नो पुस्तौँपुस्तादेखिको कार्यक्षेत्रको अनुभव उत्पादनमा आएको उतारचढावले जीवनमा पारेका असरहरूको व्यावहारिक ज्ञानबाटै श्रमजीवी वर्ग सधैँ दिगो विकासको पक्षमा हुन्छ । तर, नेतृत्व पङ्क्ति भने शासकीय मनोदशाका कारण कहिले ठोस अवस्थाको विश्लेषण गर्नबाट चुक्छ र 'हतारोको फड्को' को बाटो अवलम्बन गर्न पुग्छ । यसले मजदुर आन्दोलन असफलतातिर धकेलिन र नेतृत्व विस्थापित हुने खतरा सामुन्ने आउँछ । के कुराको खतरा सधैँ बनिरहन्छ भने 'अगुवा बढेर धेरै अगाडि जाने' उसको पङ्क्ति चाहिँ पछाडि सधैँ अस्तव्यस्त रहने, यो कार्यशैली पनि ट्रेड युनियनको विफलताको मूल कारणमध्ये एउटा हो ।

सारा मजदुरहरू राजनीतिक पार्टीमा सामेल हुँदैनन् । पार्टीमा सङ्गठित मजदुरहरू पार्टीका कार्यकर्ता हुन्छन् । जो काङ्ग्रेस पार्टीमा सङ्गठित छन्, तिनको संरक्षण काङ्ग्रेस पार्टीले गर्छ । जो कम्युनिस्ट पार्टीमा सङ्गठित छन्, तिनको संरक्षण कम्युनिस्ट पार्टीले गर्छ । उनीहरू आफू सङ्गठित भएको पार्टीमार्फत आफ्नो अधिकारको कुरा उठाउँछन् । तर, जो लाखौँलाख असङ्गठित, अशिक्षित र अचेतन मजदुर छन्, जो कुनै पार्टीमा सङ्गठित छैनन्, तिनीहरूको संरक्षण कसले गर्ने ?

ट्रेड युनियन सङ्गठन मूलतः यिनै मजदुरहरूको सङ्गठन हो । उनीहरूलाई गोलबन्द गरेर उनीहरूमाथि भरोसा गरेर नै यसले आफूलाई अगाडि बढाउन सक्छ । अन्यथा हरकुलुसजस्तो त्यस्तो वीर, जसलाई जमिनबाट माथि उठाउनासाथ समाप्त पार्न सकिन्थ्यो । त्यस्तै अवस्थामा परिणत हुनेछ । यस्तो हुन नदिनका लागि ट्रेड युनियन कार्यकर्ताले निरन्तर मजदुरको बीच जानुपर्छ । उनीहरूको जीवनको हरेक पक्षको अध्ययन गर्नुपर्छ । कुनै पनि समय र कुनै पनि प्रश्नमा आममजदुरको भावना, उनीहरूको मनोदशा, वास्तविक आवश्यकता र उनीहरूको आकाङ्क्षालाई जस्ताको तस्तै जाँचपड्ताल गर्नुपर्छ । नेतृत्व सिपाहीमाथिको जम्दारी सैनिक शैलीबाट मुक्त हुनुपर्छ र उनीहरूको इच्छाविपरीत लाद्ने र थोप्ने काम गर्नुहुन्न ।

ट्रेड युनियन आन्दोलन सफलताका लागि लेनिनले अगाडि सारेका विचारहरू पनि उल्लेखनीय छन् । लेनिन भन्छन्-

'ट्रेड युनियन सदस्यहरूलाई कुनै विशिष्ट राजनीतिक दृष्टिकोण अपनाउन कुनै प्रकारको दबाब सिर्जना गर्नुहुन्न । स्वेच्छिक सदस्यतालाई बृहत् बनाउनुपर्छ । आफ्नो इच्छाले नै सङ्गठित हुने वातावरणको सिर्जना गर्नुपर्छ ।'

'जनसाधारणसँग अर्थात् मजदुरको विशाल बहुसङ्ख्यासँग र अन्ततः सम्पूर्ण मिहिनेती जनतासँग सम्पर्क समस्त ट्रेड युनियन कार्यकलापको सफलताको सबभन्दा महत्त्वपूर्ण र सबभन्दा आधारभूत सर्त हो । तलदेखि लिएर माथिसम्म तमाम ट्रेड युनियन सङ्गठन र त्यसको कार्यपत्रमा समेत यस्ता उत्तरदायी साथीहरू रहून्, जो कम्युनिस्ट छैनन्, राख्ने प्रणाली जारी गर्नुपर्छ र कैयौँ वर्षको व्यवहारबाट जाच्नुपर्छ ।'

'ट्रेड युनियन कार्यकर्ताले मिथ्या आदर्शीकरणबाट एक अंश पनि प्रभावित हुनुहुन्न र विश्लेषण गर्न सिक्नुपर्छ । मजदुरहरूमा वर्ग चेतनाको मात्रा कति छ र उनीहरू विभिन्न पूर्वाग्रह र अहितका अवशेषबाट कति हदसम्म प्रभावित छन्, यसको राम्रो लेखाजोखा गर्न सक्नुपर्छ ।'

माथि लेनिनले भनेजस्तै हामीले ट्रेड युनियन सङ्गठनलाई आममजदुरहरूको सङ्गठन बनाउन सकेनौँ भने ट्रेड युनियन त्यो कारखानाजस्तो हुनेछ, जससँग सबभन्दा राम्रो मोटर छ, उच्च कोटीको मेसिन छ तर मोटरबाट मेसिनमा जोड्ने 'ट्रान्समिसन' बेल्टचाहिँ क्षतिग्रस्त छ, जसको कारण मेसिन बेकार खडा छ ।

यस्तै वर्तमान विश्व परिस्थिति आफ्नै देशको अवस्था र आजको समयको मागलाई आत्मसात् गरेर नेपालमा छरिएर रहेका ट्रेड युनियन एकल युनियन निर्माणको दिशातर्फ अगाडि बढ्दैनन्, आज श्रमिक जनतालाई एउटै छातामुनि सङ्गठित गर्ने प्रयास गर्दैनन् र आ-आफ्नै कोटरीको डम्फु बजाएर श्रमिकलाई विभाजन गर्ने बाटोमा लागिरहन्छन् भने उनीहरू त्यही क्षतिग्रस्त 'ट्रान्समिसन' बेल्टझैँ हुनेछन् र सम्पूर्ण मजदुर जनताबाट अलगथलग पर्नेछन् ।

## वर्तमान विश्व र ट्रेड युनियन आन्दोलनको विभाजन

विश्वको ट्रेड युनियन आन्दोलन अनेक कारणले फुट र विभाजनको सिकार हुँदै आएको छ । दुई महाशक्तिको विश्वलाई विभाजन गर्ने र आ-आफ्नो प्रभाव क्षेत्र विस्तार तथा सुदृढ गर्ने शीतयुद्धको अवधिमा यसले सबभन्दा बढ्ता फुटको पीडाबोध गर्नुपऱ्यो । शीतयुद्धपछि शान्तिपूर्ण बाटोतर्फ उन्मुख विश्वमा विभिन्न मुलुकका स्वतन्त्र ट्रेड युनियनहरू, विभाजित अन्तर्राष्ट्रिय केन्द्रहरूका बीच सुरु भएको एकताको संवादले आज आशलाग्दो परिस्थितिको सिर्जना गरेको छ । आईसीएफटीयूडब्लूसीएल जस्ता ठूला अन्तर्राष्ट्रिय केन्द्र एकल युनियन निर्माणका लागि विघटन भई विश्वमा स्वतन्त्र रहे । आफ्नो भूमिका निर्वाह गरिरहेका ट्रेड युनियनसमेतलाई साथमा लिई केही महिनाअगाडि मात्र अन्तर्राष्ट्रिय ट्रेड युनियनहरूको नयाँ केन्द्र स्थापना गरेका

छन् । यति भएर पनि विश्वका कतिपय भागमा अलगथलग परेका र स्वतन्त्र रहेका तथा आफ्नो छुट्टै अन्तर्राष्ट्रिय केन्द्र निर्माण गर्न अघि बढिरहेका ट्रेड युनियन केन्द्रहरू पनि अस्तित्वमा छन् । डब्लूएफटीओ कमजोर अवस्थामा भए पनि आफ्ना गतिविधि सञ्चालन गरिरहेको छ। संसारकै ठूलो ट्रेड युनियनमध्येको 'अल चाइना ट्रेड युनियन फेडरेसन' कुनै अन्तर्राष्ट्रिय केन्द्रको सहभागिताबिना नै शक्तिको रूपमा खडा छ। यी सबै कुरालाई ध्यानमा राखेर ट्रेड युनियनको एकता अभियानलाई अझै तीव्र पार्नु आवश्यक छ। जबसम्म मतभेदहरू कायम रहन्छन्, तबसम्म फुटको खतरा बनिरहन्छ। सङ्गठनलाई विभाजनबाट जोगाउन र एकताबद्ध भएर अघि बढ्न पनि आज संवाद र छलफललाई अन्तर्राष्ट्रियस्तरमै व्यापक बनाउनु आवश्यक छ। मतभेदबाट उत्पन्न हुने खतरा र त्यसले सङ्गठनमा पार्ने असरका बारेमा लेनिनका अनुभव र भविष्यवाणी पनि बडो चाखलाग्दा र ज्ञानबर्द्धक छन् ।

लेनिन भन्छन्- 'म निश्चयका साथ भन्छु कि कुनै पनि गल्ती मामुली ढङ्गबाट सुरु हुन्छ र फेरि त्यो ठूलो हुँदै जान्छ। असहमति हमेसा सानो कुराबाट सुरु हुन्छ। स-साना घाउ आम कुरा हुन् तर पनि त्यसमा पिप भरियो भने त्यसको परिणामस्वरूप घातक बिमारी हुनसक्छ। यहाँ यो कुरा पिप भरिएको घाउजस्तै छ।'

'हरेक मान्छे जान्दछन् धेरै सानो यहाँसम्म कि नगण्य प्रतीत हुने मतभेदबाट पनि कहिलेकहिले बडो विवाद पैदा हुन जान्छ। हरेकलाई थाहा छ, एउटा सानो घाउ जसलाई जीवनमा हरेकले दसौंपटक झेल्नुपर्छ, कहिलेकाहीँ बडो खतरनाक बन्छ र त्यो यदि सड्न लाग्यो भने र रगतमा पैदा भयो भने त्यो प्राणघातक सिद्ध हुन सक्छ। यही कुरा सबै झगडामा, व्यक्तिगत झगडामा पनि हुन सक्छ। यही कुरा राजनीतिमा पनि हुनसक्छ।'

'हर मतभेद र यहाँसम्म कि नगन्य मतभेद पनि राजनीतिक दृष्टिबाट खतरनाक बन्न सक्तछ। यदि यो बढेर फुट, यस्तो फुटमा परिणत हुने सम्भावना बढ्यो भने यसले सम्पूर्ण राजनीतिक ढाँचालाई हल्लाइदिन सक्छ र तवाह गर्नमा समर्थ हुन सक्छ। जुन साथी बुखारिनको शब्दमा ट्रेनको दुर्घटनामा लान सक्छ।'

'के कुरा विदित छ भने मजदुर वर्गको पङ्क्तिमा, मजदुर वर्गको पार्टीमा र जनतामा फुट खतरनाक मात्र होइन, बेहद खतरनाक हुन्छ। फेरि ट्रड युनियन आन्दोलनमा फुटको अर्थ हो, श्रमजीवी जनतामा फुट।'

'राजनीतिक रुखको अर्थ यो हो कि ट्रेड युनियनप्रति गलत रुझान सोभियतसत्तालाई बर्बाद गरिदिन्छ र श्रमजीवी सर्वहारा वर्गको सत्तालाई उल्टाइदिन्छ। पार्टी र ट्रेड युनियनबीच यस्तो फुट, जसमा पार्टीको गल्ती होस्, निश्चित रूपमा रुसजस्तो किसान देशमा सोभियतसत्तालाई उल्टाइदिन्छ।'

लेनिनले यो कुरा १९२१ मा आफ्नो रचनामार्फत अगाडि सारेका थिए। रुसको पार्टीलाई मजदुर ट्रेड युनियनहरूको एकताका लागि अनेकौं निर्देशनसमेत गरे। तर, उनको मृत्युपछि उनले अगाडि सारेका सैद्धान्तिक, दार्शनिक, राजनीतिक र आर्थिक अवधारणासमेत रुसको पार्टीले उल्टाउने काम गऱ्यो, जसको परिणाम १९२१ मा लेनिनले 'सोभियत सत्तालाई उल्टाइदिन्छ' भनेर गरेको भविष्यवाणी अक्टुबर क्रान्तिको सत्तरी वर्षपछि सही सावित भयो। अनौठो कुरा के छ भने अक्टुबर समाजवादी क्रान्तिको नेतृत्व पनि पिटर्स वर्गकै मजदुरले गरेका थिए र उल्टाउने कामको नेतृत्व पनि त्यहीँका मजदुरले गरे। आज हामीसँग १८०६ को फिलाडेल्फियाको मजदुर आन्दोलनदेखि ०६२/०६३ को निरङ्कुश राजतन्त्रविरुद्ध नेपाली मजदुरहरूले गरेका आन्दोलनसम्मका अनुभवहरू छन्, जीत र हारका तीतामीठा अनुभूतिहरू छन् तर पनि हामीभित्रको निम्न पुँजीवाद ती अनुभव ग्रहण गर्न र व्यवहारमा कार्यान्वियन गर्न बाधकका रूपमा अझै पनि खडा छ।

## हाम्रा संस्कारगत समस्याहरू

तपाईलाई थाहा छ हाम्रो समाजमा मानिसहरू जब झगडा गर्दछन्, केवल अत्यन्तै सानो कुराको निहुँमा उनीहरूको बीचमा झगडा हुन्छ। यस्ता झगडाले मानिसको ज्यानसम्म गएका घटना भेटिन्छन्। तपाईंले झगडाको कारण खोज्नुभयो भने एउटाले भन्नेछ मेरो कुलोको पानी उसले आफ्नो खेतमा लगाएछ। उसले मेरो मरेको बाबुको नाम मेटदियो, काकालाई तथानाम भन्यो र तेरी आमा यस्ती थिई आदि भन्यो। यस्तो छ हाम्रो समाजको झगडाको संस्कार। हाम्राजस्ता देशका राजनीतिक दल र ट्रेड युनियनभित्र पनि यस्ता संस्कारहीन वादविवाद र झगडाहरू हुन्छन् र जसको कुनै औचित्य सावित गर्ने सैद्धान्तिक कारणहरू भेटिँदैनन्। यसको अर्थ हुन्छ- पार्टी आन्दोलन र ट्रेड युनियन आन्दोलनको अधोगति। हामीले के बुझ्नु जरुरी छ भने हाम्रा आधारस्तम्भ भनेका लाखौंलाख श्रमजीवी जनता हुन्। जो प्रायः ज्ञानबाट वञ्चित अशिक्षित र पिछडिएको अवस्थामा छन्। जसलाई शिक्षित, प्रशिक्षित र चेतनशील बनाउने काम ट्रेड युनियनको हो।

आज देशको सम्पूर्ण क्षेत्रका श्रमिकहरू ती कृषि क्षेत्रको ज्यालादारी हुन् वा राज्यको निकायमा काम गर्ने कर्मचारी हुन्, सबैलाई एक ठाउँमा राख्दा श्रमिकहरूको सङ्ख्या ७० लाखभन्दा माथि छ। यो सङ्ख्यालाई एकताबद्ध गरेर सफल छातामुनि गोलबन्द गर्ने हो भने यो नै मुलुकको परिवर्तनको बाहक शक्तिका रूपमा परिणत हुनेछ। तर, केटाकेटी जस्तो झगडा गर्ने अस्वस्थ बानी, सिद्धान्तहीन मतभेदहरू, व्यक्तिगत प्रतिष्ठानका लागि फलामे सङ्कल्प आदि कुराका हाम्रा आदत र बानी त्याग्न सकेनौं भने परिणाम उल्टो धारतर्फ फर्कन सक्छ। त्यसैकारण पुँजीवादको चौतर्फी हमलाबाट मजदुर शक्तिलाई जोगाउन र एकल युनियनको शक्तिशाली किल्ला निर्माण गर्न आफ्ना संस्कारगत भूलहरू, पूर्वाग्रह र अनेक प्रकारका व्यक्तिगत महत्त्वाकाङ्क्षालाई त्याग्दै अनेक कित्तामा बाँडिएका सबै ट्रेड युनियनहरू एकताबद्ध र गोलबन्द भएर अघि बढौं। यही नै आजको समयको माग हो।

# आर्थिक वर्ष २०६४/०६५

# बजेटको चिरफार गर्दा

' डा. गोविन्दबहादुर थापा

**बजेटका अङ्कहरू**

आर्थिक वर्ष २०६४/०६५ को बजेट विधायिका-संसद्मा पेस भएको छ। बजेटले यो वर्ष चालू खर्च (साधारण) ९८ अर्ब १७ करोड २५ लाख, पुँजीगत खर्च (विकास) ५५ अर्ब २६ करोड १७ लाख र साँवा भुक्तानी १५ अर्ब ५६ करोड १४ लाख गरी जम्मा १ खर्ब ६८ अर्ब ९९ करोड ५६ लाख रुपियाँ खर्च गर्ने लक्ष्य राखेको छ। अघिल्लो वर्षको संशोधित अनुमानको तुलनामा यो वर्ष कुल खर्च २८.४ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। त्यसमध्ये चालू खर्च २२.२ प्रतिशतले, पुँजीगत खर्च ५१.९ प्रतिशतले र साँवा भुक्तानी २.६ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ। रकममा संशोधित अनुमानको तुलनामा यो वर्ष कुल खर्च ३७ अर्ब १४ करोड ४६ लाख रुपियाँले बढाइएको छ। यसमध्ये चालू खर्च १७ अर्ब ८४ करोड १४ लाख रुपियाँले, पुँजीगत खर्च १८ अर्ब ८८ करोड १७ लाख रुपियाँले र साँवा भुक्तानी ४४ करोड १४ लाख रुपियाँले बढी छ।

त्यसैगरी साधनतर्फ राजस्व १ खर्ब ३ अर्ब ६६ करोड ७३ लाख रुपियाँ, वैदेशिक अनुदान २७ अर्ब ४६ करोड ९ लाख रुपियाँ, वैदेशिक ऋण १७ अर्ब ३६ करोड ७४ लाख रुपियाँ र आन्तरिक ऋण २० अर्ब ५० करोड रुपियाँ परिचालन गर्ने लक्ष्य राखिएको छ। यसरी यो वर्ष राजस्व अघिल्लो वर्षको संशोधित अनुमानको तुलनामा २०.४ प्रतिशतले, वैदेशिक अनुदान ७२.२ प्रतिशतले, वैदेशिक ऋण ६८.२ प्रतिशतले र आन्तरिक ऋण ५.५ प्रतिशतले बढाएर लक्ष्य निर्धारण गरिएको छ। यो वर्ष अनुदान र ऋण गरी वैदेशिक स्रोतबाट जम्मा ४४ अर्ब ८३ करोड रुपियाँ वैदेशिक सहायता प्राप्त हुने अनुमान गरिएको छ, जुन गत वर्षको संशोधित अनुमानको तुलनामा १८ अर्ब ५५ करोड रुपियाँ अर्थात् ७०.६ प्रतिशतले बढी छ।

यसरी यो वर्ष खर्च १ खर्ब ६९ अर्ब रुपियाँ र आम्दानी (वैदेशिक अनुदानसमेत) १ खर्ब ३१ अर्ब १३ करोड रुपियाँ भई घाटा ३७ अर्ब ८७ करोड रुपियाँ हुने अनुमान गरिएको छ। र, यो घाटा वैदेशिक ऋणबाट १७ अर्ब ३७ करोड रुपियाँ र आन्तरिक ऋण २० अर्ब ५० करोड रुपियाँ लिई पूर्ति गर्ने प्रस्ताव गरिएको छ।

यो बजेटमा सबैभन्दा बढी रकम शिक्षामा विनियोजन गरिएको छ। यो वर्ष शिक्षाका लागि २८ अर्ब ३९ करोड रुपियाँ, भौतिक योजना तथा निर्माणका लागि १४ अर्ब ६१ करोड रुपियाँ, स्थानीय विकासका लागि १३ अर्ब ८ करोड रुपियाँ, स्वास्थ्यका लागि १२ अर्ब १० करोड रुपियाँ, गृहका लागि १० अर्ब ६५ करोड रुपियाँ र रक्षाका लागि १० अर्ब ९२ करोड रुपियाँ विनियोजन गरिएको छ। यी छवटा क्षेत्र (मन्त्रालय) हरूमा मात्र कुल खर्चको ५३ प्रतिशतभन्दा बढी रकम खर्च हुने भएको छ। तर, शिक्षामा यो वर्ष ५ अर्ब ३८ करोड रुपियाँ थप गरिएको भनिए तापनि कुल खर्चमा शिक्षा क्षेत्रलाई दिइएको खर्चको अंश गत वर्षको १७.५ प्रतिशतबाट घटाई यो वर्ष १६.८ प्रतिशत पारिएको छ।

यो वर्ष कुल राजस्व गत वर्षको तुलनामा २०.४ प्रतिशतले वृद्धि भई १ खर्ब ३ अर्ब ६६ करोड ७३ लाख रुपियाँ पुऱ्याउने लक्ष्य राखिएको भनिए तापनि कर राजस्व भने केवल १५.६ प्रतिशतले मात्र वृद्धि गरी ८० अर्ब ९६ करोड परिचालन गर्ने लक्ष्य राखिएको छ। गैरकर क्षेत्रबाट र त्यसमा पनि संस्थान बिक्रीबाट प्राप्त हुने ४ अर्ब ५२ करोड रुपियाँ समावेश गरेर कुल राजस्व र त्यसको वृद्धिदर उच्च देखाइएको छ। यसरी करहरूबाट परिचालन हुने राजस्वको लक्ष्य कम (अन्डर इष्टिमेट) राखिएको छ। यसले अर्थ मन्त्रालयलाई यो वर्ष राजस्व परिचालन वृद्धि गर्न खासै मिहिनेत गर्नु नपर्ने भएको छ। वैदेशिक स्रोतबाट प्राप्त हुनसक्ने भन्दा बढी लक्ष्य राखिनु तर आफूले परिचालन गर्नुपर्ने राजस्वको लक्ष्य भने कम राख्नुलाई सकारात्मक रूपमा लिन सकिँदैन। यो वर्ष न्यूनतममा पनि कर राजस्व वृद्धिको लक्ष्य २० प्रतिशत राखिनु पर्दथ्यो, जुन राजस्व प्रशासनको सामान्य प्रयासबाट पनि हासिल हुन सक्दथ्यो।

**बजेटको विश्लेषण**

यो बजेटउपर सबै पक्षबाट प्रारम्भिक प्रतिक्रियाहरू आइसकेका छन्। बजेटलाई कतिले महत्त्वाकाङ्क्षी र पपुलिस्ट भनेका छन् भने कतिले कार्यान्वयनमा आशङ्का व्यक्त गरेका छन्। कतिले खिचडी बजेट भनेका छन् भने कतिले चुनावी बजेट पनि भनेका छन्। उद्योग, वाणिज्य क्षेत्रबाट समग्रमा सकारात्मक प्रतिक्रिया आएको छ। र, कतिले यसलाई समावेशी बजेटको संज्ञा पनि दिएका छन्। जेहोस्, मुलुकको जनजीवनलाई कुनै न कुनै रूपमा प्रभावित पार्ने भएकाले हरेक वर्ष बजेट प्रस्तुत भएपछि त्यसप्रति प्रतिक्रियाहरू आउँछन्। यसपटक पनि त्यही भएको छ।

बजेटप्रतिका प्रतिक्रियाहरू जस्तासुकै भए तापनि अर्थमन्त्री डा.रामशरण महतको यसपटकको बजेट उनले प्रस्तुत गरेका विगतका बजेटहरूभन्दा निश्चित रूपमा केही भिन्न छ। डा. महतका चिरपरिचित मान्यताविपरीतका र हिजोसम्म उनले नाम लिनै नरुचाउने कतिपय कुराहरूलाई यसपटकको बजेटमा समावेश गरिएको छ। उनले रासायनिक मल र बीउको ढुवानीमा २६ जिल्लाका लागि मात्र भए तापनि अनुदान दिने कुरा गरेका छन्। मिल्क होलिडे अन्त्य गर्नका लागि सहकारी संस्थाहरूलाई धूलो दूधको कारखाना स्थापना गर्न ब्याङ्क कर्जामा ब्याज छुट वा मेसिनरी आयातमा भन्सार सुविधामध्ये एउटा सुविधा लिन सकिने प्रस्ताव गरेका छन्। चिया प्रशोधन गर्ने कारखाना सहकारी संस्थाहरूले स्थापना गर्न चाहेमा पनि यिनै सुविधा दिने भएका छन्। ब्याज अनुदान दिइने कृषि कर्जाको सीमा बढाएका छन्। वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्न पूर्वाधार तयारीको कुरा गरेका छन्। स्यालो ट्युबवेल स्थापनाका लागि अनुदान दिने कुरा गरेका छन्। साना सिँचाइ आयोजनाहरू कृषक सहकारीहरूले सञ्चालन गरेमा ३ लाख रुपियाँसम्म र कृषक उपभोक्ता समूहले सञ्चालन गरेमा १ लाख रुपियाँसम्म अनुदान दिने भएका छन्।

त्यसैगरी, कर्मचारीहरूको तलब अपर्याप्त नै भए तापनि बढाएका छन्। सहिद परिवार, आन्दोलनका घाइतेहरू र द्वन्द्वपीडित परिवारहरूका लागि पनि राहत र सुविधा दिने प्रस्ताव गरेका छन्। दलित, महिला, पछाडि परेका क्षेत्र, आदिवासी/जनजाति र मधेसका लागि पनि राहत, सुविधा र प्रोत्साहनका कार्यक्रमहरू ल्याएका छन्। यस्ता कुराहरू विगतमा डा. महतका मुखबाट सुन्न सकिने कुरा होइनन्। तर, यसपटक उनी यी जनमुखी कुराहरू गर्न परिस्थितिवश बाध्य भएका छन्। तर, यी विषयमा उनको दृष्टिकोण नै परिवर्तन भएको छ भन्ने कुरामा विश्वास गर्न सकिने आधार भने छैन।

डा.महत यसपटक यी कुराहरू स्वीकार गर्न बाध्य कसरी भए भने जुन सरकारका उनी अहिले अर्थमन्त्री रहेका छन् त्यो सरकार उनको पार्टीको मात्र एकलौटी सरकार नभई आठ पार्टीको मिलीजुली सरकार हो र व्यवस्थापिका-संसद्मा उनको पार्टीको केवल एक चौथाइ (२५.८ प्रतिशत) सीटको मात्र प्रतिनिधित्व छ। बाँकी तीनचौथाइ (७४.२ प्रतिशत) सीटमा अन्य सात पार्टीको प्रतिनिधित्व छ। त्यसैले अन्य सात पार्टीका भावनाहरूलाई नसमेटी उनलाई सुखै थिएन। दोस्रो, यसै वर्षको मङ्सिरमा संविधानसभाको निर्वाचन सम्पन्न गर्नुछ। त्यसैले उनले नेपाली काङ्ग्रेसलाई पनि जनमुखी नदेखाई सुखै थिएन। तेस्रो, संविधानसभाको निर्वाचनमा जनता आकर्षित गर्न तिनका समस्याहरूलाई केही मात्रामा सम्बोधन गर्नैपर्ने बाध्यता छ।

बजेटमा यस्तै खालका केही जनमुखी कार्यक्रमहरू समावेश गरिएकाले बजेटलाई पपुलिस्ट भनिएको हो। नेपालमा बजेटले विपन्न वर्ग, सुकुम्वासी, दलित, महिला, आदिवासी/जनजाति, कर्मचारी, पछाडि परेको क्षेत्र, मधेसी, किसान, मजदुर आदिलाई राज्यले केही राहत र सहुलियत दिने कुरा गऱ्यो भने त्यसलाई 'पपुलिष्ट" को संज्ञा दिइने गलत र प्रतिगामी परम्परा छ। त्यसो नहुन बजेटले मुलुकका सम्पन्न वर्ग, टाठाबाठा, ठूला उद्यमी र व्यापारीहरूलाई मात्र राहत र सहुलियत दिनुपर्ने हुन्छ। के यो जायज हो ? त्यसैले यस्ता कुराहरूलाई 'पपुलिष्ट" को संज्ञा दिने होइन, मुलुकको वास्तविक समस्यालाई सम्बोधन गर्न खोजेको भन्नुपर्दछ। मुलुकमा दिगो शान्ति र लोकतन्त्रलाई सुदृढ पार्न मुलुकका सबै खालका जनतालाई बजेटले समेट्नु अपरिहार्य हुन्छ भन्ने कुरा कसैले पनि बिर्सनु हुँदैन। त्यसैले यस्ता कुराहरूलाई नकारात्मक दृष्टिले होइन, सकारात्मक दृष्टिले हेर्नुपर्दछ।

तर, यसको अर्थ डा. महत रूपान्तरित भए भन्ने धारण बनाउनु भने ठूलो भूल हुनेछ। किनभने, यस बजेटमा उनका चिरपरिचित मान्यता अनुरूपका थुप्रै कुराहरू समावेश गर्न उनी चुकेका छैनन्। उदाहरणका लागि नेपालीहरूलाई विदेशमा लगानी गर्न अनुमति दिने, विदेशी लगानीकर्ताहरूलाई नेपालको सेयर बजारमा लगानी गर्न स्वीकृति दिने, सरकारी वन व्यावसायिक आधारमा सञ्चालन गर्न निजी क्षेत्रलाई दिने, सरकारी प्राथमिक विद्यालयका निःशुल्क वितरण गरिने पाठ्यपुस्तकहरूको छपाइ गर्ने कार्य जनक शिक्षा सामगी केन्द्रबाट झिकेर निजी क्षेत्रलाई दिने, ठूलासाना सबै किसिमका कर्मचारीहरूलाई एउटै दरमा तलब वृद्धि गर्ने, उदयपुर सिमेन्ट कारखानाले उपयोग गरिरहेको चुनढुङ्गा निजी क्षेत्रलाई पनि प्रयोग गर्न दिने आदि कुराहरूलाई लिन सकिन्छ। यी सबै कुरा राज्य पक्षलाई कमजोर पारेर निजी क्षेत्रलाई बलियो पार्ने कार्यहरू हुन्, जुन नेपालको सन्दर्भमा आपत्तिजनक छन्। त्यसैले अर्थमन्त्री डा. महत जनमुखी र समावेशी देखिनु परिस्थितिजन्य बाध्यता हो, उनको सोचमा आएको परिवर्तन होइन भनेर बुझ्नु पर्दछ।

बजेटमा केही सकारात्मक कुराहरू भए तापनि ऐतिहासिक राजनीतिक परिवर्तनपछि निर्मित अन्तरिम विधायिका-संसद्मा सबै लोकतान्त्रिक शक्तिहरू सम्मिलित अन्तरिम सरकारको पहिलो बजेट जुन रूपमा जनमुखी र समावेशी हुनुपर्ने थियो, त्यसो हुनसकेको छैन। बजेटले मुलुकको आर्थिक संरचनामा आमूल परिवर्तन गरी नयाँ नेपाल निर्माण गर्ने आधार तयार पार्ने जुन सुरुआत गर्नुपर्ने थियो, बजेटमा त्यस्तो केही पाइँदैन। आर्थिक संरचना परिवर्तन गर्न मुख्य भूमिका खेल्ने र सामन्तवादका अवशेष समाप्त पार्ने सम्बन्धमा विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान र न्यूनतम् सहमतिको साझा कार्यक्रममा उल्लेखित वैज्ञानिक भूमि सुधार कार्यक्रम लागू गर्ने सम्बन्धमा बजेट ठोस प्रतिबद्धता देखाउन चुकेको छ। यस सम्बन्धमा बजेट केवल 'पूर्वाधार तयार गर्ने' मात्र भनेर उम्कन खोजेको छ। त्यस्तो पूर्वाधार तयारी अन्तर्गत केके कुराहरू पर्दछन् र तिनमा यो वर्ष केके कुरा सम्पन्न गरिने छन् भन्ने ठोस प्रतिबद्धता बजेटमा पाइँदैन।

बजेटले सरकारी बाँझो जमिन भूमिहीनहरूलाई प्राथमिकता दिई दीर्घकालीन करारमा खेती गर्न दिने कुरा गरेको छ। तर, भूमिहीनहरूमा त्यस्तो जमिनको स्वामित्व हस्तान्तरण गर्ने वा भूमिहीनहरूलाई थोरै नै भए तापनि जमिनको मालिक बनाउने साहस बजेटले देखाउन सकेको छैन। जबकि, निजी स्वामित्वमा रहेको हदबन्दीभन्दा माथिको जमिन प्राप्त गरी त्यस्तो जमिन भूमिहीनहरूमा वितरण गरिने भन्ने कुरा बजेटमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने थियो।

त्यसैगरी, गरिबी न्यूनीकरण गर्ने सम्बन्धमा पनि बजेटले अमूर्त र गोलमटोल कुरा गरेको छ। बजेटले हाल सञ्चालनमा रहेका गरिबी न्यूनीकरणसम्बन्धी कार्यक्रमहरूको पुनरावलोकन गर्ने कुरा गरेको छ। तर, त्यस्ता कार्यक्रमहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा बजेट मौन छ। गरिबी न्यूनीकरणलाई प्रभावकारी बनाउन सर्वप्रथम मुलुकभरिका गरिब परिवारहरूको पहिचान गरी तीमध्ये सबैभन्दा गरिब परिवारहरूलाई लक्षित गरी आवास, शिक्षा, स्वास्थ्य, रोजगारी र आर्य आर्जनका अन्य कार्यक्रमहरू बजेटले प्रस्तावित गर्नुपर्ने थियो। तर, बजेटले त्यस्तो केही नभनी केवल हचुवा र गोलमटोल कुरा गरेको छ।

बजेटमा नेपाली पुँजीपतिहरूलाई विदेशमा लगानी गर्न अनुमति दिने कुरा उल्लेख गरिएको छ। एकातिर मुलुकभित्र विदेशी पुँजी भित्र्याउन सरकार अलापविलाप गरिरहेको छ भने अर्कोतिर यही सरकार स्वदेशमा भएको पुँजी विदेशमा लगानी गर्न अनुमति दिने कुरा गर्दछ। यो कस्तो विडम्बना हो ? यसले पुँजीपतिहरूको वास्तविक चरित्रको पनि परिचय दिएको छ। मुलुकका सबै क्षेत्रमा असीमित लगानी गर्नुपर्ने आवश्यकता रहँदारहँदै स्वदेशमा लगानी नगरी स्वदेशमा आर्जन गरेको पुँजी विदेशमा लगानी गर्न माग गर्ने पुँजीपति र त्यसलाई स्वीकृति दिने सरकारबाट मुलुकले के आशा गर्ने ?

त्यसैगरी, बजेटले विदेशी लगानीकर्ता संस्थाहरूलाई नेपालको पुँजी बजारमा लगानी गर्न दिने कुरा पनि गरेको छ। नेपालको सानो र प्रारम्भिक अवस्थामा रहेको पुँजी बजारमा मुलुकभित्रकै पुँजीपतिहरूले पटकपटक उथलपुथल ल्याउने गरेका छन्। यस्तो अवस्थामा रहेको नेपालको पुँजी बजारलाई बिना पूर्वतयारी र पर्याप्त गृहकार्यबिना असीमित पुँजी भएका विदेशी लगानीकर्ता संस्थाहरूका लागि खुला गर्दा यो बजारको हालत कस्तो होला, सहजै अनुमान गर्न सकिन्छ।

त्यसैगरी, बजेटले सरकारी वनलाई व्यावसायिक रूपमा सञ्चालन गर्न निजी क्षेत्रलाई करारमा दिने पनि भनेको छ। वन सम्पदाको व्यावसायिक उपयोग गर्न यसो गर्नुलाई अनुचित भन्न सकिँदैन। तर, त्यस्तो करार कुनै व्यक्तिलाई नदिई समूह वा समुदायलाई दिइएको भए त्यसबाट गरिबी न्यूनीकरणमा पनि सघाउ पुग्न सक्दथ्यो। तर, बजेटले त्यसो नगरी व्यक्तिलाई दिने कुरा गरेको छ। यो त सरकारी वन व्यक्तिहरूलाई वितरण गर्ने कुरा भयो।

बजेट निश्चित रूपमा मुलुक सामान्य अवस्थामा रहेको झैँ गरी प्रस्तुत गरिएको छ। खर्च, राजस्व र वैदेशिक सहायताका लक्ष्यहरू त्यसै अनुरूप निर्धारण गरिएको देखिन्छ। कुल खर्च २८.२ प्रतिशतले, चालू खर्च २२.२ प्रतिशतले र पुँजीगत खर्च ५१.७ प्रतिशतले वृद्धि हुने लक्ष्य राखिनु एवम् राजस्व २०.४ प्रतिशतले र वैदेशिक सहायता ७०.६ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिनु यसका दृष्टान्त हुन्। तर, यसमा पनि परिस्थितिजन्य बाध्यताका कुराहरू छन्। संविधानसभाको निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगलाई र शान्तिसुरक्षा कायम राख्न प्रहरीलाई आवश्यक बजेटको व्यवस्था गर्नुको विकल्प थिएन। त्यसैगरी, माओवादी लडाकूहरूलाई समायोजन गर्न र तिनका क्यान्टोनमेन्टको व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गर्नुको पनि विकल्प थिएन। त्यसैगरी कर्मचारीहरूको तलब पनि वृद्धि नगरी सुखै थिएन। यिनै अनिवार्य कारणले गर्दा चालू खर्च उच्चदरले बढाउनुपर्ने बाध्यता थियो। निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरूका लागि, पुनःनिर्माण र पुनःस्थापनाका लागि, केही राहत र समावेशीकरणका लागि र केही अत्यावश्यक नयाँ आयोजनाहरूका लागि बजेट विनियोजन गर्नुपर्दा पुँजीगत खर्च उच्चदरमा बढाउनुपर्ने बाध्यता भयो।

त्यसैले बजेटका खर्च र साधनका लक्षहरू महत्त्वाकाङ्क्षी नै भन्नुपर्ने खाल्का होइनन्। तर, पुँजीगत खर्च पूर्ण रूपमा उपयोग हुनसक्ने कुरामा शङ्का गर्न सकिने ठाउँ छन्। मुलुकको राजनीतिक, शान्तिसुरक्षा, प्रशासन संयन्त्रको मौजुदा क्षमताका आधारमा यस्तो शङ्का गर्न नसकिने होइन। तर, यसो भनेर कार्यक्रम नै नराख्न मिल्ला र ?

# पार्टी निर्माणबारे केही कुरा

**' पुरुषोत्तम पौडेल**

लोकतान्त्रिक गणतन्त्रका पक्षधर आमनेपाली जनता र राजतन्त्रबीचको अन्तरविरोध अहिले पनि हाम्रो देशको प्रमुख राजनीतिक अन्तरविरोध हो। अहिलेको प्रमुख अन्तरविरोधलाई सही ढङ्गले समाधान गर्न सके शान्तिपूर्ण प्रयत्नबाटै राजतन्त्र समाप्त गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना हुनसक्ने प्रबल सम्भावना हाम्रोअगाडि छ। नेपाली जनतालाई सधैँका लागि सामन्तवादको चङ्गुलबाट मुक्त गरेर महान् जनआन्दोलन-२०६३ को म्यान्डेट अनुरूप राष्ट्रलाई अघि बढाउनु नेकपा (एमाले) को ऐतिहासिक जिम्मेवारी भएको कुरामा दुईमत छैन। साँचो अर्थमा मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक संरचनामै परिवर्तन ल्याउन सक्ने गरी अघि बढेको महान् जनआन्दोलनको अभिभारा पूरा गर्न नेकपा (एमाले) तयार हुनुपर्दछ। नेकपा (एमाले) ले राजनीतिक रूपमा मात्र होइन, सङ्गठनात्मक रूपले समेत आफूलाई समयसापेक्ष प्रजातान्त्रीकरण, पुनःगठन तथा व्यवस्थित गर्दै अघि बढ्ने तयारी गर्नुपर्दछ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले आफूलाई वैचारिक रूपले स्पष्ट तथा धारिलो, राजनीतिक रूपले दृढ तथा सशक्त अनि सङ्गठनात्मक रूपले व्यापक तथा जनव्यापी बनाउँदै अघि बढ्नुपर्दछ। नयाँ परिस्थितिका चुनौतीहरूलाई सामना गर्न पार्टीले आफूलाई प्रचारका क्षेत्रमा समेत प्रतिस्पर्धी बनाउँदै अघि बढ्नुपर्दछ। नयाँ संस्कार र संस्कृतिको विकास गर्ने अठोटसहित मार्क्सवादको रचनात्मक तथा सिर्जनात्मक प्रयोगमा दृढ रहेको नेकपा (एमाले) ले अहिले कमरेड मदन भण्डारीको गतिलाई पक्रेर अघि बढ्नुपर्ने आवश्यकता छ। मदन भण्डारीका विचार र गतिलाई पक्रनुको अर्थ पार्टी निर्माणका लागि आवश्यक निम्न कामहरूलाई कुशलतापूर्वक सम्पन्न गर्नु हो :

- हाम्रो पार्टी निर्माणको मुख्य आधार हाम्रा आधारभूत सिद्धान्तहरू नै हुनेछन्। हामीले हाम्रा आधारभूत सिद्धान्तहरूलाई समयसापेक्ष बुझ्ने र व्यवहारमा उतार्ने काम गरेर नै परिवर्तनलाई व्यवस्थित गर्न सक्छौँ। हाम्रो वैचारिक आधार मार्क्सवाद-लेनिनवाद हो। जनताको बहुदलीय जनवाद मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोगको विकसित रूप हो। जनताको बहुदलीय जनवाद नै कम्युनिस्ट आन्दोलनमा आएको धक्कालाई रोक्ने क्षमतासहितको मार्क्सवादी-लेनिनवादी सिद्धान्त पनि हो। जनताको बहुदलीय जनवादले जनताबाट अनुमोदित भएर मात्र विचार र सिद्धान्त प्रभावकारी र परिपक्व हुन सक्छ भन्ने कुरालाई स्थापित गरेको छ। जनताले अनुमोदन नगरेको विचार जतिसुकै राम्रो भए पनि त्यसले राजनीतिलाई मार्गदर्शन र नेतृत्व गर्न सक्दैन। जनताको बहुदलीय जनवाद नेपाली जनताले अनुमोदन गरेको विचार र कार्यक्रम हो। यो नेपाली क्रान्तिको सिद्धान्त पनि हो। यथार्थमा सिद्धान्त यदि व्यवहारमा उत्रदैन भने त्यसको अर्थ हुन्न। व्यवहारमा प्रयोग हुने सिद्धान्तले मात्र समाजमा परिवर्तन ल्याउन सक्दछ। हामीले हाम्रो सङ्गठनमा जबजको यो विशिष्टता स्थापित गरेर मात्र अघि बढ्न सक्दछौँ।

- हामीले नेपाली जनतामा नेकपा (एमाले) को आधारभूत चरित्रलाई पुनःपुष्टि गर्नुपर्दछ। हाम्रा कतिपय काम र व्यवहारले जनतामा केही भ्रम र अन्योल उत्पन्न गरेको छ। हाम्रा विरोधीहरूको भ्रामक प्रचारले पनि केही काम गरेको छ। सबै खालका भ्रम र अन्योललाई चिर्दै हामीले जनतामा नेकपा (एमाले) को वर्गीय पक्षधरतालाई स्थापित गर्नुपर्छ। नेकपा (एमाले) आधारभूत रूपमा श्रमजीवी वर्गीय पार्टी हो। वर्गयुक्त समाजमा शोषित-पीडित जनताको प्रतिनिधित्व गर्ने सबभन्दा

भरपर्दो तथा जनमुखी पार्टी हो । वर्गसङ्घर्ष तीव्र रूपमा प्रकट भइरहेका बेलाको एउटा ध्रुवको अगुवा सामाजिक परिवर्तनका लागि चालू वर्गसङ्घर्षको नेता पार्टी नेकपा (एमाले) हो भन्ने कुरालाई यसले व्यवहारमा पुष्टि गर्नुपर्दछ । हुनतः पटकपटक सङ्घर्षको भट्टीमा खारिँदै आएको एमालेलाई नेपाली जनताले राष्ट्रियता, जीविका र जनवादको लडाइँमा जहिले पनि आफ्नोअगाडि पाएका छन् । तर पनि सङ्क्रमणकालको यो कठिन घडीमा नेपाली जनताको बीचमा नेकपा (एमाले) लाई एउटा क्रान्तिकारी शक्तिका रूपमा स्थापित गरेर अघि बढ्नु अहिलेको पार्टी कामको मुख्य पक्ष हो । सारमा नेकपा (एमाले) को आधारभूत चरित्र भनेको श्रमिक वर्गीय पक्षधरता, देशभक्तिपूर्ण सङ्घर्ष तथा लोकतान्त्रिक गणतन्त्रको पक्षपोषण गर्ने राजनीतिक शक्तिको रूपमा निश्चित भएको कुरा जनतामा स्थापित गर्नुपर्दछ ।

● पार्टी सञ्चालन राजनीतिको नियमित र निरन्तर काम हो । वैधानिक व्यवस्थाबिना पार्टी काम नियमित रूपले अघि बढ्न सक्दैन । कम्युनिस्ट पार्टीहरू सबैभन्दा वैधानिक पार्टी हुन्छन् । कम्युनिस्ट पार्टी विधि र पद्धति अनुरूप मात्र सञ्चालन हुन सक्दछन् । पार्टीमा जुनसुकै वर्गका कार्यकर्ताले पनि व्यक्तिगत स्वार्थलाई श्रमिक वर्गीय पक्षधरता, राष्ट्र र पार्टी स्वार्थका मातहत राख्नुपर्दछ । मानवीय संवेदना र व्यक्तिका सिर्जनशीलतालाई खुल्ला दिएर पार्टीमा नयाँ तरङ्ग आउन सक्दछ । नोकरशाही प्रवृत्तिले पार्टीको विकासमा बाधा उत्पन्न गर्दछ । व्यक्तिका प्रतिभालाई खुल्ला दिँदैन । त्यसैले होला जबजले कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्न निर्देशन गरेको छ । परम्परागत र शास्त्रीय ढङ्गले होइन, पार्टीलाई रचनात्मक र सिर्जनात्मक ढङ्गले जनतामा आधारित पार्टी बनाउनु पर्दछ । यसरी जनआधारित र रचनात्मक बनाएर मात्र कम्युनिस्ट पार्टीलाई अनुशासित र नमुना पार्टी बनाउन सकिन्छ । कम्युनिस्ट पार्टीलाई अनुशासित तथा नमुना पार्टीका रूपमा जनतामा स्थापित गर्न सके मात्र मार्क्सवाद सबैभन्दा वैज्ञानिक, क्रान्तिकारी तथा सुगठित विचार प्रणाली भएको कुरा स्थापित हुन सक्दछ । पार्टीहरूमा मार्क्सवादी पार्टी अब्वल, अनुशासित र व्यवस्थित हुनैपर्दछ । पार्टी व्यवस्थित हुन आफ्नो विधि, विधान तथा नियमहरूकै आधारमा चल्नुपर्दछ । नेकपा (एमाले) नेपालको वैधानिक, व्यवस्थित र सुगठित पार्टी पनि हो । यसलाई अझ पारदर्शी तथा वैधानिक बनाएर अघि बढ्नुपर्दछ ।

● पार्टीलाई आकर्षक तथा लोकप्रिय बनाउन पार्टीको लोकतान्त्रीकरणको प्रक्रियालाई निरन्तर गति दिइरहनु पर्दछ । पार्टीको लोकतान्त्रीकरण भन्नुको अर्थ नेपाल कम्युनिस्ट पार्टी एमालेको लोकतान्त्रीकरण गर्नु नै हो । जबजले संसारभरि नै पार्टीहरूको लोकतान्त्रीकरणको ढोका खोलिदिएको छ । कम्युनिस्ट पार्टीको लोकतान्त्रीकरणको अर्थ पार्टीलाई जनअनुमोदित बनाउनु अर्थात् जनआधारित पार्टी बनाउनु हो । कार्यकर्ता मात्रको पार्टी भएर अबको दुनियाँमा सामाजिक परिवर्तनको नेतृत्व गर्नु सम्भव छैन । पार्टीलाई जनआधारित बनाउनुको अर्थ नेतृत्वलाई सीमित घेराभन्दा पर आमजनताको समर्थन, आलोचना र विरोधको दायराभित्र लैजानु हो । पार्टीलाई साँचो अर्थमा जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तबाट निर्देशित भएर चलाउनु अरू लोकतान्त्रीकरणको सन्दर्भमा जनवादलाई प्रमुखता दिनु नै हो । सिद्धान्तलाई व्यवहारसँग गाँस्नु हो र लोकतन्त्रका मूल्य र मान्यतालाई संस्कारका रूपमा विकास र स्वीकार गरेर अघि बढ्नु हो । पार्टीका नेता-कार्यकर्ताको कार्यशैली, स्वभाव र चरित्रलाई लोकतान्त्रीकरण गर्ने र नेता कार्यकर्ता र सङ्गठनहरूबीचको पारदर्शी तथा सुमधुर सम्बन्धले पार्टी र जनताबीचको सम्बन्धलाई सुदृढ बनाउनु हो । लोकतान्त्रिक पार्टीको मूल्याङ्कन विधि पनि लोकतान्त्रिक हुनुपर्दछ । कार्यकर्ताको पदोन्नति तथा सम्मानको आधार पनि पारदर्शी तथा अनुभूतियोग्य हुनुपर्दछ । अर्थात् कार्यदक्षता, लोकप्रियता, प्रतिबद्धता र निरन्तरतालाई मूल्याङ्कनको आधार बनाएर अघि बढ्नुपर्दछ । यसो गर्दा पार्टी कार्यकर्ताको निष्ठा र समर्पणको केन्द्र बन्दछ र जनताको समर्थन प्राप्त गर्न सक्षम हुनेछ ।

● कम्युनिस्ट पार्टी व्यक्तिको लडाइँमा होइन- सिद्धान्त, विचार तथा श्रमजीवी वर्गको मुक्तिको आवश्यकताले मात्र स्थापित हुने गर्दछ । कुनै पनि व्यक्तिले कम्युनिस्ट पार्टीको सदस्यता लिनुको अर्थ ऊ श्रमजीवी वर्गको नेताका रूपमा उभिनु नै हो । कम्युनिस्ट पार्टी श्रमजीवी वर्गको अगुवा दस्ता भएकाले यसले सङ्गठित सदस्यलाई महत्त्व दिने गर्दछ । जनप्रिय तथा जनसेवी व्यक्तित्वले मात्र कम्युनिस्ट पार्टीको सदस्यता धान्न सक्ने हुँदा प्रस्तावक र समर्थकबिना कम्युनिस्ट पार्टीको सदस्यता दिइँदैन । सदस्यता कम्युनिस्ट पार्टीको पहिलो खुड्किलो हो । यो खुड्किलो पार गर्न या सदस्यता पाउन पनि वर्गसङ्घर्षमा भाग लिएर वर्गीय चेतनाले खारिएको व्यक्ति हुनुपर्दछ । व्यक्तिगत रूपमा पार्टी सदस्यता लिए पनि पार्टी सदस्यता प्राप्त गरेपछि सामूहिक जीवन बिताउन तयार हुनुपर्दछ । कम्युनिस्ट आन्दोलन अब सार्वजनिक जीवनको आधारशीला भएको छ । त्यसैले जनता र पार्टीको नेतृत्वप्रति विश्वास नहुने व्यक्ति पार्टी सदस्य बन्न सक्दैन । साँचो अर्थमा एउटा कम्युनिस्टलाई जनता, पार्टी, कार्यक्रम र पार्टी नेतृत्वप्रति विश्वास गर्ने संस्कार र आधार दिनु अहिलेको आवश्यकता हो ।

● कमिटी व्यवस्थालाई निरन्तर कायम गर्नु कम्युनिस्ट पार्टीको विशेषता हो । कमिटी प्रथा नियमित छैन भने त्यस्तो पार्टीलाई जीवित भन्न मिल्दैन । वास्तवमा पार्टी जीवनको पहिलो खुड्किलो सदस्यता हो भने दोस्रो खुड्किलो कमिटीमा सङ्गठित हुनु हो । कमिटीबाट पार्टी सदस्यले नेतृत्व कुशलताको अभ्यास गर्दछ । वर्गीय प्रेम, अन्तर्राष्ट्रिय भाइचाराको ज्ञान कमिटीमै बसेर प्राप्त गर्दछ । कमिटीमा बसेर व्यक्तिले आफ्नो योग्यता, क्षमता र कुनै पनि प्रतिभालाई पार्टीको योग्यता, क्षमता र प्रतिभाभित्र समाहित गर्न अभ्यस्त हुन्छ । पार्टीका हरेक कमिटीको जीवन बैठकबाट सुरु हुन्छ र बैठक गर्न छाडियो भने कमिटीको मृत्यु हुन्छ । नियमित बैठक नगर्ने कमिटी साँचो अर्थमा कमिटी हुँदैनन् । पार्टीका कमिटीहरू पार्टीका नीति, लाइन र योजनाहरू कार्यान्वयन गर्ने मुख्य साधन हुन् । तिनको परिचालन सुव्यवस्थित र निरन्तर वैज्ञानिक बनाउनु पर्दछ । जनसम्पर्क, अध्ययन, अनुसन्धान, निर्णय, कार्यान्वयन, निरीक्षण, सुपरिवेक्षण र मूल्याङ्कन पार्टीका कमिटीहरूले निरन्तर गरिरहनुपर्दछ । यसो नगरे पार्टीमा जीवन रहन सक्दैन ।

● पार्टीभित्र द्वन्द्व र अन्तरविरोध अनिवार्य र सार्वभौम कुरा हो । पार्टीभित्र देखापर्ने अन्तरविरोध मित्रतापूर्ण हुनुपर्दछ र तिनको समाधानले कुनै न कुनै रूपमा पार्टीले शक्ति आर्जन गर्नुपर्दछ । यदि पार्टीभित्रको अन्तरविरोधको सही समाधान खोज्न सकिएन भने त्यसले क्षति बेहोर्नुपर्ने हुन सक्दछ । पार्टीभित्र गलत र सही विचारका बीच, पुराना र नयाँका बीच, नोकरशाही र लोकतान्त्रीकरणका बीच, केन्द्रीयता र जनवादका बीच, कार्यकर्ता र नेताबीच, माथिल्लो र तल्लो कमिटीका बीच, सामूहिक स्वार्थ र निजी स्वार्थका बीच, गुट स्वार्थ र पार्टी स्वार्थबीच, सक्षम र असक्षमका बीच अन्तरविरोध रहेका छन् । अन्तरविरोधको प्रकृति हेरी उपयुक्त समाधानको विधि खोज्नुपर्दछ । अन्तरविरोधको समाधान भनेको त्यसको उचित व्यवस्थापन हो । पार्टीभित्रका अन्तरविरोध सबै एकै समयमा उत्तिकै महत्त्वका हुँदैनन् । सबभन्दा प्रमुख अन्तरविरोधको हल गर्न प्राथमिकता दिनुपर्दछ । अन्तरविरोधको समाधान गर्नु भनेको पार्टी एक कदम अगाडि बढ्नु हो । अन्तरविरोधलाई थाँती राखेर पार्टी अघि बढ्न सक्दैन । र, अन्तरविरोधबिनाको पार्टी पनि हुन सक्दैन ।

● कम्युनिस्ट पार्टी वर्गीय पार्टी हो । यसले श्रमजीवी वर्गको पक्षपोषण गर्दछ । शोषक वर्गका विरुद्धको सङ्घर्षमा विजय हासिल गर्नु यसको लक्ष्य हो । कम्युनिस्ट पार्टीको निर्माणको मुख्य आधार नै वर्गसङ्घर्ष भएकाले यसले वर्ग दृष्टिकोणलाई निरन्तर अगाडि राखेर अघि बढ्दछ । मार्क्सवादी दर्शनका अनुसार, वर्गसङ्घर्ष समाज विकासको मूल आधार हो । वर्गसङ्घर्षकै कारण विचार, सिद्धान्त, राजनीति, राजनीतिक पार्टीहरू तथा वर्गीय सङ्गठनहरूको विकास भएको हो । वर्गसङ्घर्षका दुई रूपहरू छन् । शान्तिपूर्ण र हिंसात्मक । हाम्रो मुलुकमा दुवै रूपको प्रयोग भएका छन् तर श्रमजीवी वर्गको सेवा गर्न शान्तिपूर्ण वर्गसङ्घर्षको रूप बढी प्रभावकारी भएको पुष्टि महान् जनआन्दोलन २०६३ ले गरेको छ । नेपाल कम्युनिस्ट पार्टी (एमाले) वर्गसङ्घर्षको शान्तिपूर्ण रूपको सञ्चालन गरिरहेको क्रान्तिकारी कम्युनिस्ट पार्टी हो । यो नै वर्गसङ्घर्ष सञ्चालनको सही र सर्वस्वीकार्य तरिका पनि हो ।

● खास समयसम्म कम्युनिस्ट पार्टीहरू एकदलीय शासकका रूपमा चिनिन्थे । नेपालमै पनि लामो समयसम्म कम्युनिस्ट पार्टीहरूले त्यस्तै विचारको प्रतिनिधित्व गरे । कमरेड मदन भण्डारीको नवीन विचारको रूपमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनले जबजको कार्यक्रमलाई स्वीकार गरेपछि प्रतिस्पर्धा सार्वभौम सत्य भएर आयो । वर्गीय अन्तरविरोधको स्वरूपले प्रतिस्पर्धाको स्वरूप निर्धारण गर्‍यो । हतियार बन्द सङ्घर्षका बेला प्रतिस्पर्धा हिंसात्मक र शान्तिपूर्ण सङ्घर्षका बेला प्रतिस्पर्धा रचनात्मक रूपमा प्रकट हुने गर्दछ । प्रतिस्पर्धा वर्गभित्र र वर्ग-वर्गबीच पनि हुने गर्दछ । जनताको बहुदलीय जनवादले राजनीतिक प्रतिस्पर्धालाई सैद्धान्तिक रूपमा नै शासन प्रणालीको द्वन्द्ववादको रूपमा लिएको छ । समसामयिक प्रतिस्पर्धामा नेकपा (एमाले) का विचार, संस्कार र व्यवहार नै अगुवा हुनुपर्दछ । त्यसै ढङ्गले हामीले आफूलाई संस्कारित पनि गर्नुपर्दछ ।

अन्तमा, साम्यवाद कम्युनिस्ट पार्टीको मूल आदर्श हो । यो विश्व साम्राज्यवादविरुद्धको हतियार पनि हो । कम्युनिस्ट पार्टी आधुनिक वर्गसङ्घर्षको मार्गदर्शक नेता र जनताका शत्रुका विरुद्ध शक्तिशाली हतियार पनि हो । कम्युनिस्ट पार्टी नै जनताको मुक्तिदाता र सच्चा मानवताको बाहक पनि हो । कम्युनिस्ट पार्टीले मात्र समाजलाई सम्यवादमा पुर्‍याउन सक्दछ । समाजलाई परिवर्तन गरेर निरन्तर अघि बढ्न क्रियाशील पार्टी र क्रान्तिकारी नेता चाहिन्छ ।

पार्टी निर्माण जतिसुकै कठिन र जटिल प्रक्रिया भए पनि अत्यन्त गौरवपूर्ण, ऐतिहासिक र मानवीय कार्य हो । कम्युनिस्ट पार्टी दह्रो र सशक्त भएन भने शोषण र दमनको अन्त्य सम्भव छैन । समाजवादको प्राप्ति पनि सअम्भव हुन्छ । तसर्थ, बलियो, भरपर्दो तथा सशक्त क्रान्तिकारी पार्टी निर्माण अहिलेको हाम्रासामु रहेको सबभन्दा ठूलो चुनौती हो । हामीभित्रका कमी-कमजोरीलाई हटाउँदै नयाँ नेपालको निर्माण गर्न सक्ने सशक्त क्रान्तिकारी तथा परिवर्तनको बाहक पार्टी निर्माणतर्फ अघि बढौं । ■

# अन्तरिम संसद्मा माओवादीको भूमिका

**' प्रकाश ज्वाला**

नेकपा (माओवादी) एउटा राजनीतिक समूह मात्र नभई नेपाली राजनीतिको एउटा प्रवृत्ति पनि हो । विभिन्न खेमा र समूहमा विभाजित कम्युनिस्ट आन्दोलनकै एउटा सहउत्पादनको रूपमा माओवादी आन्दोलनको विकास भएको हो । नेकपाको तेस्रो महाधिवेशनपछि विवाद, टुटफुट र विभाजनबाट ग्रस्त कम्युनिस्ट आन्दोलनभित्रको यो रोग अहिले पनि समाप्त भएको छैन । यद्यपि, कम्युनिस्ट आन्दोलनले एकता र अग्रगतिका आयामहरू पनि पार गर्दै आएको छ । करिब छ दशक लामो कम्युनिस्ट आन्दोलनको जीवनमा अनेकौं वैचारिक सङ्घर्षका शृङ्खलाहरू छिचोल्दै आएको छ । मूलतः दाहिने र देब्रे अर्थात् दक्षिणपन्थी र उग्रवामपन्थी अतिवादका विरुद्ध सङ्घर्ष गर्ने क्रममा नै कम्युनिस्ट आन्दोलन यो उचाइका साथ अहिलेको अवस्थासम्म आइपुगेको हो ।

कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि तेस्रो महाधिवेशनसम्म दुई लाइनको सङ्घर्षमा मूलतः दक्षिणपन्थी भड्कावका विरुद्ध सङ्घर्ष गर्नुपर्ने अवस्था थियो । यस आन्दोलनमा आएको विभाजनसँगै उग्रवामपन्थी भड्काव पनि जोडदार रूपमा देखा पर्‍यो र यस प्रवृत्तिकै विरुद्धको सङ्घर्ष तिखो बन्न पुग्यो । उग्रवामपन्थी धारको नेतृत्व गरेको तत्कालीन नेकपा (माले) ले उक्त प्रवृत्ति

सच्याउँदै गयो भने सगँसँगै त्यस प्रवृत्तिको प्रतिनिधित्व मोहनविक्रम पक्षले गर्न पुग्यो । ३० को दशकको पछिल्लो र ४० को दशकको प्राम्भिक वर्षहरूमा उक्त समूहमा तीव्र टुटफुटको अवस्था देखा पऱ्यो । ४० को दशकमा भएको चर्को विवाद र सङ्घर्षका बीचमा उग्रवामपन्थी प्रवृत्तिले आकार ग्रहण गर्न थाल्यो । र, त्यसकै गर्भबाट नेकपा (माओवादी) को जन्म भयो ।

तानाशाही पञ्चायती व्यवस्थाविरोधी २०४६ को संयुक्त जनआन्दोलनमा बुर्जुवा र वामपन्थी सबैजसो राजनीतिक दलहरू सहभागी भए । वाममोर्चा र काङ्ग्रेसको नेतृत्वमा भएको उक्त आन्दोलनमा त्यतिबेलाको संयुक्त जनमोर्चाले पछिल्लो अवधिमा सहभागिता जनायो । तर, त्यसले आन्दोलनको सफलतापछिका उपलब्धिलाई स्वीकार गरेन । 'साम्राज्यवादी बहुदल' र 'कालो संविधान' भन्दै त्यतिबेलाको अवस्थालाई अस्वीकार गर्न पुगेको संजमोले ०४८ को संसदीय निर्वाचनमा नौ स्थानसहित संसद्मा तेस्रो दलको हैसियत प्राप्त गऱ्यो । तर, स्थानीय निकायको निर्वाचनमा ज्यादै नराम्रो हार बेहोर्नु पुग्यो । यसै अवधिमा उक्त समूह काङ्ग्रेसी सर्वसत्तावादको चर्को सिकार बन्न पुग्यो र सयौँ व्यक्तिलाई हजारौँ झुटा मुद्धा लगाएर थुन्ने, कुटपिट गर्ने, दमन गर्ने काम गरियो । एकातिर पराजयबोध, अर्कोतिर काङ्ग्रेसी दमनको पीडा, सँगसँगै त्यतिबेलाको आर्थिक-सामाजिक अन्तरविरोध, यी कारणहरूले सो पार्टी राजनीतिक मूल प्रवाहमा रहन नसक्ने वातावरण बन्दै गयो ।

पार्टीको राष्ट्रिय सम्मेलनबाट पार्टीको नाम नेकपा (माओवादी), मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओवाद तय गर्दै 'जनयुद्ध' को कार्यनीति पारित गरियो । यसै राजनीतिक कार्यदिशा अनुरूप नेकपा (माओवादी) ले 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्न 'जनयुद्ध' को बाटोमा अघि बढौँ' भन्ने उद्घोषका साथ ०५२ फागुन १ गते रोल्पाको होलेरी, रुकुमको राडी र सिन्धुलीको सिन्धुलीमाढी प्रहरीचौकी एवम् गोरखाको च्याङ्लीस्थित कृषि विकास ब्याङ्कमा आक्रमण गरी 'जनयुद्ध' को औपचारिक थालनी गरेका थिए ।

०५२ देखि ०६२ सम्मका १० वर्ष माओवादीले देशमा सशस्त्र 'जनयुद्ध' सञ्चालन गऱ्यो । यस अवधिमा करिब १५ हजार व्यक्तिको ज्यान गयो, हजारौँ घाइते र अपाङ्ग बने, हजारौँ विस्थापित र घरबारविहीन बन्न पुगे । माओवादी 'जनयुद्ध' का कारण अरबौँको व्यक्तिगत र सार्वजनिक सम्पत्ति नष्ट भयो, यस युद्धले प्रतिक्रियावादी शक्तिलाई त ठूलो धक्का दियो नै सँगसँगै जनपक्षीय शक्तिहरू र राजनीतिक दलहरूलाई पनि ठूलो क्षति पुऱ्यायो । यस अवधिको भौतिक र मानवीय क्षति त अपूरणीय छँदैछ, आर्थिक-सामाजिक अधोगति र राजनीतिक अस्तव्यस्तता पनि ज्यादै ठूलो रह्यो । माओवादी 'जनयुद्ध'का कारण प्रजातान्त्रिक संस्थाहरू कमजोर बन्दै गए, जनप्रतिनिधिहरू निष्क्रिय बने र राजनीतिक दलहरू अपाङ्गजस्तै बन्न पुगे । यस अवधिमा सेना, प्रहरी र हतियारको मात्र बोलबाला भयो । माओवादी आन्दोलनका कारण उत्पन्न शान्तिसुरक्षाका समस्या र निर्वाचन हुन नसकेको अवस्थालाई अनुकूलता ठानेर राजा ज्ञानेन्द्रले असोज १८ र माघ १९ का प्रतिगामी कदमहरू चाल्न पुगे । यसबाट एकातिर माओवादीको आतङ्क र अर्कोतिर राजाको निरङ्कुश हुकुमी शासन पनि पूर्ण लोकतन्त्र र शान्तिका लागि एउटा अवसर नै बन्न पुग्यो । ज्ञानेन्द्रको प्रतिगामी निरङ्कुशताविरुद्ध मूल प्रवाहका सबै राजनीतिक दलहरू सशक्त संयुक्त जनआन्दोलनमा होमिन पुगे । दलहरूको आन्दोलनमा नागरिक समाज, पत्रकार जगत्, अन्तर्राष्ट्रिय समुदाय र आमजनताले सहयोग पुऱ्याए । शाही निरङ्कुशताविरुद्ध सात राजनीतिक दल र माओवादीबीच समेत समझदारी बन्न पुग्यो र १२ बुँदे सहमति भयो । त्यसबाट राजाको हुकुमी शासन ढाल्ने र संविधानसभामार्फत समग्र समस्याको निकास खोज्ने सहमति बन्यो । माओवादीले समेत जनआन्दोलनमा सहयोग पुऱ्याए । परिणामस्वरूप ०६२/०६३ को १९ दिने जनआन्दोलनको बाढीले निरङ्कुश राजतन्त्रलाई बगाइदियो र देशमा लोकतन्त्रको उदय भयो । आन्दोलनकै जगमा माओवादीसँग शान्तिवार्ता गरेर सङ्कटको निकास निकाल्ने वातावरण बन्यो । फलतः नेकपा (माओवादी) देशको राजनीतिक मूलधारमा समाहित भयो र देशमा शान्तिको बिजारोपण भयो ।

०६३ वैशाख ११ पछिको एक वर्षमा विभिन्न घटनाक्रमहरू तीव्र रूपमा अघि बढे । प्रतिनिधिसभाको पुनःस्थापना भएपछि पहिलो बैठकबाट नै संविधानसभाको सङ्कल्प गरियो । सर्वदलीय सरकार गठन भई माओवादीसँग वार्ता अघि बढ्यो । संसद्ले राजालाई अधिकारविहीन गराउने गरी घोषणापत्र जारी गऱ्यो । आठ राजनीतिक दलहरूबीच राजनीतिक सहमति भई बृहत् शान्ति सम्झौतासमेत सम्पन्न भयो । यसकै जगमा अन्तरिम संविधान जारी भयो । अन्तरिम व्यवस्थापिका-संसद् गठन भयो र माओवादीसहितको अन्तरिम सरकार निर्माण भयो ।

यस अवस्थासम्म आइपुग्दा माओवादीले लामो उतारचढाव, उकालीओराली र घुम्तीहरू पार गरेको छ । माओवादीको उग्र वामपन्थी राजनीति विरुद्ध नेकपा (एमाले) लगायतका राजनीतिक दलहरूले चर्को वैचारिक सङ्घर्ष सञ्चालन गरेका थिए । ५० को दशक सुरु भएपछि कम्युनिस्ट आन्दोलनभित्र उग्रवामपन्थी अतिवाद नै मुख्य खतराका रूपमा देखा पऱ्यो । सही क्रान्तिकारी धार नै कम्युनिस्ट आन्दोलनको मूल प्रवाह हुँदाहुँदै उग्रवामपन्थी प्रवृत्ति पनि निकै हावी बन्न पुग्यो । माओवादीले राजनीतिक भन्दा बढी फौजी क्षेत्रमा विकास गरेका थिए । त्यसकारण पनि उनीहरूले सफलताभन्दा तहल्का बढी मच्चाए । न सत्ता कब्जा गर्न सके, न आफ्नो राजनीतिलाई स्थापित गर्न सके । उनीहरू 'पुनः मुसीको भवः' भनेझैँ पुनः शान्तिपूर्ण आन्दोलनको बाटोमा आइपुगे । आफ्ना हतियार कन्टेनरमा थन्क्याएर, आफ्ना लडाकूहरूलाई शिविरमा थुपारेर राजनीतिको मूल धारमा आउन बाध्य भए । आफैँले छोडेर गएको संसद्मा फर्किए र सरकारको साझेदारसमेत बन्न पुगे । यो नेकपा (माओवादी) को प्राविधिक सफलता हो भने राजनीतिक पराजय हो । यसबाट के पुष्टि भएको छ भने माओवादीको हतियार राजनीति र सशस्त्रयुद्धको बाटो औचित्यहीन सावित भएको छ । यो जनताको बहुदलीय जनवाद र नेकपा (एमाले) को वैचारिक विजय पनि हो । अब

क्रान्तिकारी लोकतान्त्रिक धार कम्युनिस्ट आन्दोलनको मूल बाटो बन्न पुगेको छ भने लोकतान्त्रिक गणतन्त्र हाम्रो कार्यनीतिक गन्तव्य बन्न पुगेको छ। आज उग्रवामपन्थी अतिवाद पराजित भएको छ र जबजको आलोकमा विकसित क्रान्तिकारी लोकतान्त्रिक राजनीतिले विजय प्राप्त गरेको छ।

अर्कोतिर, सरकारमा माओवादीको भूमिका न प्रभावकारी छ न जनतालाई अनुभूति दिने कुनै काम गर्न सकेका छन्। त्यहाँ पनि उनीहरू हराइरहेका छन्। सरकारमा गएका व्यक्तिहरूमा पनि छटपटी र अस्तव्यस्तता देखिन्छ। सरकार र संसद्मा माओवादीहरू कठ्याङ्ग्रिरहेको आभास पाइन्छ।

राजनीतिक मूल प्रवाहमा आएपछि उनीहरूको कार्यशैलीमा परिवर्तन आइरहेको छ। सुकिला कपडा लगाउने, अत्याधुनिक गाडीमा यात्रा गर्ने, विदेश सयर गर्नेजस्ता सुविधाभोगी प्रवृत्ति बढ्दै गएका छन्। यद्यपि, युद्धकालमा समेत माओवादीका नेताहरू चिल्ला गाडी र घोडाको प्रयोग गर्ने र खानेलाउने कुरामा पनि तडकभडकपूर्ण देखिन्थे। यतिबेला सुविधाभोगी र सहर केन्द्रित प्रवृत्ति झन् बढ्न पुगेको छ।

माओवादी पार्टी दशक लामो 'जनयुद्ध' पछि शान्तिपूर्ण र संसदीय राजनीतिक अभ्यासमा ओर्लिएको छ। स्वाभाविक रूपमा उनीहरूमा फौजी धङधडी विद्यमान छन्। लडाकू र ठूला हतियारको अस्थायी व्यवस्थापन गरिसक्दा पनि माओवादीमा फौजी कार्यशैली भने विद्यमान छ। जनसेनाको ठाउँमा वाईसीएल र जनअदालतको ठाउँमा जनसेवा समिति गठन गरेर पुराना व्यवहार दोहोऱ्याइरहेका छन्। यस्ता व्यवहार र कार्यशैली पूर्ण रूपमा परिवर्तन गर्नु जरुरी छ। उनीहरूमा मूलतः राजनीतिक परिवर्तन आएको छ र उनीहरूले 'जनयुद्ध' को राजनीति त्यागेका छन्। तर, अझै पनि उनीहरूले आफ्ना दस्तावेजबाट 'जनयुद्ध' को कार्यनीति, प्रचण्डपथ र माओवाद हटाएका छैनन्। यसबाट अझै उनीहरू द्विविधामा रहेको समेत पुष्टि हुन्छ।

माओवादी यो तहसम्म आइपुग्नुलाई पनि हाम्रो वैचारिक सङ्घर्षको ठूलो सफलता मान्नुपर्छ। माओवादीसँग हिजो जस्तो व्यवहार गर्नु आज जरुरी छैन। उसलाई अझै रूपान्तरणको खाँचो छ। सर्वप्रथम राजनीतिक रूपमा नै रूपान्तरण हुनुपर्छ र सम्पूर्ण रूपमा माओवादीको लोकतान्त्रीकरणको आवश्यकता छ। त्यसरी नै उनीहरूको सांस्कृतिक र कार्यशैलीगत रूपान्तरणको खाँचो पनि त्यति नै छ। यसबाट मात्र पूर्ण लोकतन्त्र अर्थात् लोकतान्त्रिक गणतन्त्र र दिगो शान्ति स्थापनामा सहयोग पुग्न सक्छ।

▪

# रामेछापमा जिल्ला अधिवेशन

रामेछाप। नेकपा (एमाले) रामेछापको सचिवमा कैलाश ढुङ्गेल चयन हुनुभएको छ। पाँचौं अधिवेशनको उद्घाटन महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो।

अधिवेशनमा स्थायी समिति सदस्य केशव बडाल, केन्द्रीय सदस्य तथा वाग्मती अञ्चल इन्चार्ज सुरेन्द्र पाण्डे र वैकल्पिक केन्द्रीय सदस्य तथा वाग्मती अञ्चल सहइन्चार्ज पशुपति चौलागाईं, केन्द्रीय अनुशासन निरीक्षण समितिका सदस्य माधव पौडेल, वाग्मती अञ्चल समन्वय कमिटीका सदस्य आनन्द पोखरेल, अनेरास्ववियुका सचिव माधव ढुङ्गेललगायतले बोल्नुभएको थियो।

अधिवेशनबाट निर्वाचित जिल्ला कमिटी सदस्यहरूमा शिवकुमार कार्की, कमलप्रकाश सुनुवार, चित्रबहादुर कार्की, तुलप्रसाद कँडेल, ज्ञानकुमार श्रेष्ठ, जगन्नाथ दाहाल, सुवास लामा, रमेश वाग्ले, शान्तिप्रसाद पौडेल, भोजराज कडरिया, पदम लामा, सञ्जय कार्की, गुणराज श्रेष्ठ, कृष्णहरि अधिकारी, प्रेमकुमार लामा, रत्न गौतम, माया कार्की, दीपशिखा दाहाल, शान्ता सापकोटा, पासाङ डोल्मा लामा, चतुरमान सुनुवार, ध्यानबहादुर तामाङ, रामकृष्ण लामा, कुलबहादुर दर्जी र गोपाल नेपाली हुनुहुन्छ।

# काभ्रेमा नयाँ नेतृत्व

काभ्रे। नेकपा (एमाले) काभ्रेको जिल्ला अधिवेशनले गोकुल बाँस्कोटालाई सचिव निर्वाचित गरेको छ। अधिवेशनको उद्घाटन महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो।

उद्घाटन समारोहमा पार्टी स्थायी समिति सदस्य केशव वडाल, केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेलगायतले बोल्नुभएको थियो। अधिवेशनबाट निर्वाचित जिल्ला कमिटी सदस्यहरूमा विदुर सापकोटा, भीम न्यौपाने, रामहरि सुवेदी, मुकुन्द गौतम, कुमार थापा, संग्रामजीत लामा, टोकबहादुर तामाङ, अशोक व्याञ्जु, गोमा भुर्तेल, दिलीप तामाङ, राजन भुर्तेल, पदम लामा, कृष्ण खुलाल, रामकृष्ण हुमागाईं, वसुन्धरा हुमागाईं, केपी बञ्जारा, शुभ अधिकारी, गुमानध्वज कुँवर, भैरव सेढाइँ, रघुवर चौप्रधान, प्रेम लामा, पदम विश्वकर्मा, रामशरण मिजार, विमला शर्मा, कमला अधिकारी, रमा अधिकारी, शान्ति लामा, गीता बञ्जारा, सुविद्या त्रिपाठी, सूर्यमाया दनुवार र एकराज शाही हुनुहुन्छ।

# जनताको बहुदलीय जनवाद र पार्टीको लोकतान्त्रीकरण

' भानुभक्त ढकाल

जननेता मदन भण्डारीको अगुवाइमा नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेसनबाट संस्थागत निर्णय भएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद हो । नेपाली विशिष्टतामा आधारित मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा नेपाली क्रान्तिको अगुवाइ यसले गर्ने भएकाले छैटौं महाधिवेशनबाट यसलाई सिद्धान्तका रूपमा अङ्गीकार गरियो । कम्युनिस्ट आन्दोलनमा देखिएका उतारचढाव, धक्का र त्यसबाट प्राप्त शिक्षाका आधारमा 'मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं, जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं' उद्घोष गर्दै नेपाली भूमिबाट कम्युनिस्ट आन्दोलनको झन्डालाई बुलन्दीका साथ फहराउन हामी सफल भएका छौं ।

मार्क्सवादले पुराना सूत्रहरूमा टाँसिइरहन र जुनसुकै परिस्थिति भए पनि वर्ग दृष्टिकोणरहित ढङ्गले चल्ने अनुमति दिँदैन । यसबाहेक बाँकी विषयहरूमा विकास र परिवर्तन गर्न सकिन्छ । परिवर्तनको पक्षमा आमजनतालाई मार्क्सवादी सिद्धान्तले सङ्गठित गर्न, त्यसको अगुवाइ गर्न सक्नुपर्छ । शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट जनताको संलग्नतामा नै यसलाई निर्णायक बनाउन सकिन्छ । समाजवादप्रति आमजनताको समर्थनलाई सङ्गठित गर्न सकिन्छ भने मुट्ठीभरका जनविरोधीहरूको विरोधको खासै अर्थ र महत्त्व रहँदैन । आजको सन्दर्भमा कम्युनिस्ट पार्टीले वामपन्थी आन्दोलनको मात्र होइन, लोकतान्त्रिक शक्तिहरूको समेत अगुवाइ गर्न सक्नुपर्छ ।

जनताको बहुदलीय जनवादले खुला प्रतिस्पर्धालाई जनताद्वारा यसका गुणदोषका आधारमा मूल्याङ्कन गर्ने र त्यसलाई शिरोपर गर्ने प्रणाली अँगाल्नुका साथै यसका लागि सरकार सञ्चालनमा समेत बहुमतको सरकार र अल्पमतको विपक्षको मान्यतालाई सैद्धान्तिक रूपमा नै हामीले स्वीकार गरेका छौं । यो प्रतिस्पर्धाबाट पहलकदमी र श्रेष्ठता हासिल गर्ने नीतिलाई बाध्यताको रूपमा नभई पार्टीले रोजाइको विषय बनाएको छ । क्रान्तिपूर्व सरकारमा जाने र सरकारको माध्यमबाट अधिकतम प्रगतिशील सुधार गर्दै आमूल परिवर्नको पक्षमा दृढताका साथ अघि बढ्ने सोचका साथ जनताका बीचमा नेकपा (एमाले) गएको छ ।

जनताको बहुमतले स्वीकृति दियो भने सरकारका तर्फबाट आफ्ना घोषित प्रतिबद्धता लागू गर्ने विषयलाई अगाडि बढाउँछौं । बहुदलीय व्यवस्थाभित्रको रूप पक्षलाई अँगाल्दै र सारपक्षमा परिवर्तन गर्दै समाजमा आमूल परिवर्तन गर्न प्रतिबद्ध रहन्छौं ।

आफ्नो देशको विशिष्टता अनुरूप मार्क्सवादलाई लागू गर्न र यहाँको कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्न जनताको बहुदलीय जनवादले सबैलाई अगुवाइ गरिरहेको छ । यसको विरोध गर्नेहरू, यसलाई संशोधनवादी र दक्षिणपन्थीको आरोप लगाउनेहरूसमेत अहिले यसको प्रशंसा गरिरहेका छन्, उग्र वामपन्थीहरूसमेत अहिले जबजको राजमार्गमा आउन लागिरहेका छन् । यसले नै जबजको सहिपनाको नै पुष्टि गर्दछ । दरबारिया अभिजात्य वर्गबाट जनताको विपक्षमा षड्यन्त्र हुने कुरा जननेता मदन भण्डारीले त्यतिखेर दरबारिया षड्यन्त्रप्रति गर्नुभएको अभिव्यक्ति- 'भावी संविधानसभा कस्तो हुनुपर्छ भन्ने सवालमा सेनालाई निर्देशन दिएर सुझाव पठाउन लगाउनु, नेपालमा हिन्दूधर्मको एकाधिकारवाद रहन पाउनुपर्छ भनी धार्मिक कट्टरतावादीहरूलाई उग्रतापूर्वक सडकमा उतार्नु, प्रतिगामी तत्त्वहरूलाई सङ्गठित एवम् परिचालित गर्न ज्ञानेन्द्र र अन्य दरबारियाहरूको महलमा निरन्तर गुप्त बैठकहरू सञ्चालन गर्नु', ... 'राजकीय मामिलामा हस्तक्षेप गर्ने महत्त्वाकाङ्क्षामा डुबेका राजाका भाइभतिजाहरू पूरा शक्तिका साथ यस काममा लाग्न थालेका छन् । र, २०४७ को सम्झौता राजाले आफ्नो बचनबद्धता भङ्ग गर्ने तथा सम्झौतालाई तोड्ने हो भने र फेरि राज्यसत्तामा पूर्ववत् आफ्नो निरङ्कुश सर्वसत्तावादी एकाधिकार कायम राख्न राज्यसत्ताको बल प्रयोग गर्ने हो भने स्वाभाविक रूपमा राजतन्त्रलाई उखेलेर फाल्नु नै जनताका निम्ति तात्कालिक र मुख्य काम बन्न पुग्छ ।' यस्तो स्थितिमा यसलाई उखेल्ने राजनीति नै प्रजातान्त्रिक सङ्घर्षको साझा मूल राजनीति हुनेछ, त्यसका विरुद्ध ऐतिहासिक जनआन्दोलनमार्फत राजतन्त्रको अन्त्य लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि साझा मुद्दा बन्दै जानुले जनताको बहुदलीय जनवादले मात्र लोकतान्त्रिक आन्दोलनको अगुवाइ गर्न सक्छ भन्ने प्रमाणित हुनु एमालेका तमाम सदस्यहरूको गौरवको विषय हो ।

## पार्टीहरुको लोकतान्त्रीकरण

कम्युनिस्ट पार्टी सञ्चालनको विधि भनेकै जनवादी केन्द्रीयताको पद्धति हो । यसले सदस्यहरूको लोकतान्त्रिक अधिकारलाई सर्वाधिक महत्त्व दिने भएकाले नै जनवादलाई प्राथमिकतासाथ महत्त्व दिएको पाइन्छ । जनवादबिनाको केन्द्रीयता निरङ्कुश हुने तथा केन्द्रीयताबिनाको जनवाद अराजक हुने भएकाले जनवादी केन्द्रीयता यसको सन्तुलन हो । केन्द्रीयता एकीकृत योजना र दृष्टिकोणसँग सम्बन्धित छ भने जनवाद यसको आधारभूत निर्णायक कक्ष हो । कम्युनिस्ट पार्टी भनेकै सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीका आधारमा सञ्चालन हुने एक मात्र पद्धति हो । सामूहिक नेतृत्वमै जोड दिनुभयो । व्यक्तिलाई प्राधिकार बनाउन कहिल्यै लाग्नुभएन । हिजो पनि हामी लोकतान्त्रिक नै थियौं । आज पनि अरूको तुलनामा हामी लोकतान्त्रिक छौं । किनभने, पार्टीको नीति, नेतृत्व र कार्ययोजनासमेत महाधिवेशनले नै तय गर्छ । सदस्यहरूबाटै प्रतिनिधित्व गर्दै आएका

प्रतिनिधि हुन्छन् । बुर्जुवाहरूको जस्तो ५० प्रतिशत कार्यकर्ताले छान्ने र ५० प्रतिशत एक व्यक्तिले टीका लगाउने जस्तो होइन । आजको सन्दर्भमा पार्टीको छलफलका लागि केही विषय उठाउने प्रयत्न गरिएको छ ।

**क. पार्टीमा कार्यकर्ताको सार्वभौमसत्ता स्थापित हुनुपर्छ**

पार्टीको मेरुदण्ड भनेकै त्यसका कार्यकर्ता हुन् । जनतासँग नीति र नेतृत्वको बीचमा पुलको काम गर्ने पनि सदस्यहरू नै हुन् । भनिन्छ, कम्युनिस्ट पार्टीको सदस्यता नै महत्त्वपूर्ण हो, जो सबैका लागि समान हुन्छ । कमिटी र पद भनेको क्षणिक जिम्मेवारी मात्र हो । देशमा जनताको सार्वभौमसत्ता स्थापनाका लागि हामी लामो समयदेखि लड्दै आएका छौँ । जनताभन्दा माथि कुनै पनि विशेषाधिकार र प्राधिकार नहुने कुराको ग्यारेन्टीका लागि ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई निर्णायक विन्दुमा पुऱ्याएको छ । पार्टीहरूको सार्वभौमसत्ता सम्पूर्ण रूपले त्यसका सदस्यहरूमा अनिवार्य स्थापित हुनैपर्छ । त्यसको कुनै अर्को विकल्प छैन । गुप्त वा खुला रूपमा बचेखुचेको पार्टीभित्रको सामन्तवादी प्रवृत्ति पूर्ण रूपमा समाप्त गर्नैपर्छ । पार्टीहरूलाई स्वयम् लोकतान्त्रीकरण नगरी मुलुकको लोकतान्त्रीकरण सम्भव छैन, हुँदैन । पार्टीको नीति निर्माण, नेतृत्व चयन र यसको प्रक्रिया, पार्टी विस्तारको विधि एवम् तरिका आर्थिक एवम् आचारणको पारदर्शीताजस्ता विषयमा पार्टीमा पूर्ण रूपमा सदस्यहरूको सार्वभौम स्थापित हुनैपर्छ । अन्यथा इतिहास त रहला तर वर्तमान बाँच्ने र भविष्य उज्यालो हुने कुनै सम्भावना रहँदैन ।

**ख. नेतृत्व प्रतिनिधिबाट होइन, सदस्यबाट नै निर्वाचित हुनुपर्छ**

लोकतान्त्रिक अभ्यासको अग्रणी हुँदाहुँदै पनि कम्युनिस्ट पार्टीको जीवनमा केही परिमार्जन गर्नुपर्ने पक्षहरू अहिले टड्कारो रूपमा देखापरेका छन् । एकपटक नेतृत्वको कुनै तहमा पुगेको सदस्य पुनः सदस्यहरूबीच प्रतिस्पर्धा नै नगरी प्रतिनिधिहरूका बीचमा मात्र प्रतिस्पर्धा गर्न छुट पाउनाले नेतृत्व मूलतः तल र आफ्नो क्षेत्रका सदस्यप्रति उत्तरदायी बन्नुपरेन र माथिको चलखेलबाट नै उसको भविष्यको फैसला हुने भएकाले माथिप्रति उत्तरदायी बन्ने पक्ष प्रभावी रहन गएको । स्मरण गरौँ, ०३५ सालदेखि तत्कालीन नेकपा (माले) को केन्द्रमा रहनुभएका कमरेडहरू यो ३० वर्षको अवधिमा एकपटक पनि आधारभूत तहबाट निर्वाचित हुनु वा अनुमोदित हुनुपरेको छैन । ०४७ मा एमाले भएपछि पनि हालसम्म यही क्रम जारी नै छ । आफू एकपटक माथि पुगेपछि माथि मात्रै प्रतिस्पर्धा गर्ने परिपाटीलाई अब तोड्नुपर्छ र सबै महाधिवेशनका प्रतिनिधि सदस्यहरू निर्वाचन क्षेत्रबाट लडेर आउनुपर्छ । नत्र सम्बन्धित अधिवेशनमा नेतृत्वको प्रतिस्पर्धाबाट उसलाई वञ्चित गर्नुपर्छ । अन्यथा, पार्टीमा नेतृत्वको लोकतान्त्रीकरण शब्दमा मात्र सीमित हुन पुग्नेछ । यसले एउटै पार्टीमा उही अधिवेशनमा दुईखाले प्रतिनिधि रहेको अनुभूत गराउँछ । शक्ति भएका उपल्लो र सदस्यहरूबाट छानिएको विचरो भन्ने अवस्थाबाट पार्टी मुक्त हुन सक्नुपर्छ । यसलाई जीवनशैलीका रूपमा विकास गर्नुपर्छ ।

**ग. नीति र नेतृत्व निर्माणलाई पूर्ण लोकतान्त्रिक बनाउनुपर्छ**

पार्टीको नीति निर्माण एवम् नेतृत्व चयनको विषयलाई स्वच्छ, स्वतन्त्र र निर्भीकतापूर्वक सम्पन्न गर्न आयोजकहरूको भूमिका एवम् महाधिवेशनको व्यवस्थापन पक्ष पनि सोही अनुरूप नै गर्नुपर्छ । सिद्धान्तमा राम्रो भए पनि हाम्रो व्यवहारले त्यसलाई पूर्ण रूपमा पालना गर्न सकेको छैन । पार्टीबाट तोकिएका वा नेतृत्वको निर्णयले निर्माण गरिएका निर्वाचन क्षेत्रबाट आउने प्रतिनिधिहरूको मौजुदा व्यवस्थामा समेत पुनःविचार गर्न जरुरी छ । यसको अलावा नेतृत्व निर्माणको प्रक्रियालाई स्वस्थ, अनुशासित र मर्यादित बनाउनुका साथै बहालवाला नेतृत्वको योजना लागू गर्ने थलोका रूपमा भन्दा महाधिवेशनका प्रनिनिधिको छनोटका आधारमा नीति एवम् नेतृत्व तय गरिनुपर्छ । यसका लागि सरकारी र गैरसरकारी सूची वितरण गर्ने परिपाटीलाई पूर्णरूपमा समाप्त गर्नुपर्छ । कसैलाई काखा र कसैलाई पाखा राख्ने विभेदपूर्ण अवस्थाको अन्त्य गर्नुपर्छ । विचारको बहस खुला गर्ने तर संस्थापन वा विपक्षको संस्थागत योजना लाद्ने परम्पराबाट माथि उठ्न सक्नुपर्छ ।

**घ. नीति निर्माण र नेतृत्व निर्माणका लागि अलग अधिवेशन गर्नुपर्छ**

पाँचौं महाधिवेशनदेखि पार्टीका नीतिहरूका बारेमा खुलाखुलस्त छलफल गर्दै हामी यहाँसम्म आइपुगेका छौँ । यसले पार्टीपङ्क्तिभित्रबाट मात्र होइन कि बाहिरबाट समेत गर्ने आलोचनाले यसलाई थप उन्नत एवम् समृद्ध पार्नका लागि सहयोग नै पुऱ्याएको छ । किनभने, नेकपा (एमाले) अब यसका सदस्यहरूका लागि मात्र नभएर आमजनता र राष्ट्रको मूल सरोकारको विषय बनेको छ । यसर्थ, लामो समयसम्म छलफल भए पनि महाधिवेशनमा प्रतिनिधिहरूको सङ्ख्या ठूलो हुनु, छलफलका लागि पर्याप्त समय नहुनु, नीति, विधान कस्तो बनाउनेभन्दा पनि नेतृत्वमा कसलाई ल्याउने भन्ने विषयले प्रधानता पाउँदै आएको वास्तविकता हाम्रो सामु छ । यसर्थ, विधान अधिवेशनका लागि छुट्टै सम्मेलन अलि सानो सङ्ख्यामा गर्ने र नेतृत्व निर्माणका लागि अर्को समयमा अझ फराकिलो उपस्थितिमा गर्ने परिपाटी विकास गर्न सके सम्बन्धित विषयमा नै सबैको इच्छाशक्ति केन्द्रित हुने र यसले पार्टीलाई थप लोकतान्त्रीकरण गर्न सहयोग पुऱ्याउने आशा गर्न सकिन्छ ।

**ङ. सङ्गठनात्मक ढाँचा र स्वरूपमा परिवर्तन गर्न जरुरी छ**

ऐतिहासिक जनआन्दोलनपछि राज्यको पुनःसंरचनासम्बन्धी विभिन्न कोणबाट छलफल भइरहेको वर्तमान सन्दर्भमा अब राज्यले एकात्मकबाट प्रादेशिक सङ्घात्मक गणतन्त्रको स्वरूप ग्रहण गर्दैछ । हामीले हाम्रो पार्टीको सङ्गठनात्मक ढाँचालाई सोही अनुरूप नै परिवर्तन गर्नुपर्छ । प्रादेशिक सङ्घात्मक राज्यलाई केन्द्रका अधिकारहरू हस्तान्तरण गरेजस्तै पार्टीमा पनि केन्द्रको शक्तिलाई विकेन्द्रित गर्नुपर्छ । सङ्गठनात्मक ढाँचा निर्माण गर्दा निर्वाचित कमिटीहरूलाई मनोनीत कमिटीहरूले गर्ने नियन्त्रणलाई अन्त्य गरिनुपर्छ । स्थानीय सरकार एवम् अन्य राजनीतिक पार्टीहरू र सामूहिक नेतृत्वमा चल्ने कम्युनिस्ट पार्टीलाई समेत अब अध्यक्षसहितको टीमको माध्यमबाट अघि बढ्नुपर्छ । यो प्रणाली पार्टीका सबै कमिटीमा कायम गरिनुपर्छ । नेतृत्वमा प्रतिनिधिहरूबाट नै प्रत्यक्ष निर्वाचित गर्ने परिपाटीको विकास गर्नुका साथै क्रमशः सम्पूर्ण सङ्गठित सदस्यहरूले आफ्नो नेता प्रत्यक्ष चुन्ने दिशातिर अघि बढ्नुपर्छ ।

**च. निर्वाचनका लागि संयन्त्रको निर्माण गर्नुपर्छ**

पार्टीको केन्द्रदेखि हालको अवस्थामा जिल्ला कमिटीसम्म अनिवार्य रूपले लागू गर्ने गरी पार्टीमा एक स्थायी संयन्त्रको जरुरी भइसकेको छ । जिल्ला अधिवेशनभन्दा कम्तीमा एक महिनाअगाडि त्यसको सदस्यतादेखि सम्पूर्ण विवरणसहित यो संयन्त्रबाट अनुमोदन गरेपछि मात्र अधिवेशन गर्नुपर्ने व्यवस्था लागू गर्नुपर्छ । आवश्यक अनुगमनका लागि यसले सहयोग गर्न सक्नेछ । यसको माध्यमबाट आन्तरिक लोकतन्त्रलाई अझ पारदर्शी एवम् भरपर्दो र विश्वासिलो बनाउन सकिनेछ । निर्वाचन स्वच्छ, स्वस्थ र विवादरहित बनाउन सकिन्छ । यसका साथै निर्वाचन सम्बन्धी विवादको किनारा लगाउन सहजसमेत हुन्छ । अन्यायमा परेको अनुभूति गर्ने पक्ष र विवादका कारण कमिटीहरूको गतिशीलतामा कमी पनि आउने छैन, अनिर्णयको बन्दी भएर लामो सयमसम्म पर्खनुपर्ने छैन । पार्टीको नेतृत्वमा कार्य विभाजनको एउटा क्षेत्र थपिनाले जिम्मेवारीबोधको भावना एवम् शक्तिविन्यासका साथ काम गर्ने क्षेत्र पनि थपिन्छ र अनुभवी कमरेडहरूको शक्तिविन्यासलाई पनि यथेष्ट स्थान मिल्नेछ । पार्टीको केन्द्र बढी स्थानीय अन्तरविरोधमा समय लगाउनुको सट्टा पार्टीको मुख्य काममा केन्द्रित हुन पाउँछ । पार्टीले हाम्रो पिरमर्काको सुनुवाइ नै गर्दैन भन्ने गुनासोको स्वर पनि सानो हुँदै जानेछ ।

**छ. समावेशी लोकतन्त्र नै पार्टीको सम्पूर्ण जीवन हो**

सर्वहारा श्रमजीवी जनताको मुक्तिको अगुवा दस्ता नै कम्युनिस्ट पार्टी हो । यसको मूल पक्ष भनेको नै वर्गीय पक्षधरता र वर्गीय दृष्टिकोण हो । सर्वहारा श्रमजीवी जनताको मुक्ति नै यसको एक मात्र धेय हो । वर्गीय आधारबाट उखेलिएर अभिजात्य वर्गमा अडेस लाग्न पुगियो भने त्यो जनताको सही अर्थमा पार्टी नै हुन सक्दैन । कम्युनिस्ट पार्टी शोषणरहित समाजको निर्माण गर्न चाहन्छ । शोषण र शोषित वर्ग सबै जातजाति, धर्म, लिङ्ग र क्षेत्रमा समेत रहेको छ । सामाजिक रूपान्तरण एवम् आमूल परिवर्तन गर्न यी सम्पूर्ण क्षेत्रमा रहेका पीडित वर्गको सामूहिक एवम् एकीकृत नेतृत्वबाट मात्र सम्भव हुनजान्छ । हाम्रोजस्तो जनताको पार्टीमा आधारभूत वर्गबाट कति नेतृत्वमा पुगेका छन् ? विभिन्न जातजाति, महिला, मधेसी एवम् भौगोलिक प्रतिकूलताका क्षेत्रबाट पार्टीको नीति निर्माण गर्ने, नेतृत्व गर्ने हैसियत कतिको समावेशी चरित्रको विकास गर्न सकेका छौँ ? कुनै खास क्षेत्र वा समुदायको प्रचण्ड बाहुल्य रहने र अन्य क्षेत्रको पनि संलग्नता छ भनेर देखाउने परम्पराले पार्टीलाई समावेशी लोकतान्त्रिक पार्टीको रूपमा न स्थापित गराउन सकिन्छ, न त सम्पूर्ण सर्वहारा श्रमजीवी जनताको साझा नेताका रूपमा स्थापित नै गराउन सकिन्छ । पार्टीको पाँचौं महाधिवेशनको सङ्गठनात्मक प्रस्तावमा नै उल्लेख गरिएको छ कि मधेस क्षेत्रमा पार्टीलाई विस्तार एवम् विकास गर्न मधेसी मूलका कार्यकर्तालाई नै नेतृत्वमा विकास नगरी सम्भव छैन । महिला सहभागिताका सन्दर्भमा प्रतिशतको किटानी नगरिए पनि उच्च प्राथमिकतासाथ जोड दिइएको छ । त्यस्तै अन्य समुदाय र क्षेत्रको पनि छ । तर, यो १४ वर्षका अवधिमा हामी कता लाग्यौं ? समयमा नै हामीले अगुवाइ गर्न सकेको भए आज सर्वत्र एमालेको आधार सबैतिर लटरम्म हुने थियो । जनकपुर परिषद्बाट कमिटीमा महिलाको प्रतिशतका बारेमा निर्णय भए पनि पूर्ण रूपमा लागू गर्न सकिएन । अरू पार्टीहरूको तुलनामा यी सबै क्षेत्रमा नेकपा (एमाले) अगाडि छ । तर, यति नै सन्तोषको आधार होइन, अहिलेको यो अभियानमा पार्टीले नेपाल लोकतान्त्रिक आदिवासी महासङ्घको स्थापना गरी धेरै घटक सङ्घहरूको समेत निर्माण गरेर अगाडि बढेको छ । वर्गीय पक्षधरताको दृष्टिले लेस बनाएर यी क्षेत्रको काममा आकर्षण पैदा गर्न सके यसले समावेशी लोकतान्त्रिक अभियानलाई ठोस सहयोग पुऱ्याउन सक्छ । कामका यी नयाँ क्षेत्रबाट नेतृत्वमा विकास गर्नाले साँच्चै नेकपा (एमाले) लाई सबै क्षेत्र, लिङ्ग, जातजाति र सबै समुदायका सर्वहारा जनताको साझा नेताका रूपमा स्थापित गर्न सक्नेछ । महिलाहरूको समान प्रतिनिधित्वको प्रणालीमा विकास गर्न सघाउ पुऱ्याउनेछ । प्रतिनिधित्वको प्रणालीमा विकास गर्न सक्छौं । राजनीतिक रूपले अगुवाइ गर्ने सन्दर्भमा दृष्टिकोणको अभाव एवम् वर्ग पक्षधरताभन्दा राज्य एवम् पार्टीको नेतृत्वमा प्रतिशतको भागबण्डा गर्न मात्र उद्धत हुने र सम्बन्धित क्षेत्रको कुरा उठाएर टाठाबाठाहरूको भागबण्डे राजनीति मात्र भयो भने युगको माग र आजको आवश्यकताको नेतृत्व हामीले गर्न सक्दैनौं । समाजका सबै वर्ग, तह र तप्काका जनतामा लोकतान्त्रीकरणको सचेतना र संलग्नता गर्न सकिएन भने पार्टीको समावेशी लोकतन्त्रको विकासमा गतिरोध उत्पन्न हुनेछ । यसर्थ, "श्रमजीवी वर्ग उठाउन" सबैले साझा सङ्कल्प गरौँ । जातजाति, महिला, मधेसी र दुर्गम क्षेत्रको संलग्नतामा एमालेलाई हराभरा पारौँ ।

**ज. राजनीतिमा जवाफदेहीताको विकास**

समाजमा आमूल परिवर्तनको नेतृत्व गर्ने पार्टीले आफूले गरेका निर्णय एवम् कामका सन्दर्भमा सम्पूर्ण रूपले जवाफदेही बन्नुपर्छ । पार्टी वा राज्यको नेतृत्व गर्ने अवसरका लागि मरिहत्ते गर्ने तर त्यसबाट उत्पन्न हुने परिणामप्रति जस-अपजस लिन तयार नहुने प्रवृत्ति क्रमशः हुर्कंदै गएको पाइन्छ । अझ जस भए त्यो आफ्ना कारण भएको तर अपजस वा कमजोरी रहन गए अर्काको वा नीतिको कारण देखाएर पन्छने र आफ्नो कमजोरीमा अर्काले जिम्मा लियोस् भनेर अपेक्षा गर्ने प्रवृत्ति अत्यन्तै गलत हो । कुनै कमरेड कुनै कमिटीको नेता छानिनुभयो, कुनै कमरेडले संसद् वा सरकारी क्षेत्रको जिम्मेवारी पाउनुभयो, कसैले टेबुल वा सडक आन्दोलनको जिम्मा पाउनुभयो भने त्यसको जवाफदेही पहिलो प्राथमिकतामा स्वयम्ले लिनुपर्छ ।

**झ. मूल्याङ्कन र यसको मापदण्ड**

पार्टी वा सदस्यहरूले गरेका कामहरूको मूल्याङ्कनलाई कसरी व्यवस्थित गर्ने ? यसको मापदण्ड कस्तो हुने ? कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई कसरी व्यवस्थित एवम् विश्वासिलो बनाउने, गरिएका मूल्याङ्कनको विधि र प्रक्रियामा पार्टीलाई सम्पूर्ण रूपमा सहभागी र जवाफदेही कसरी बनाउने, सदस्यहरूको योग्यता, क्षमता, क्रियाशीलता, पार्टी निर्णयमा उसको सहभागिता, सङ्घर्ष, उसको मातहतका पार्टी एवम् जनताप्रति गरेका कामको प्रभावका आधारमा मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्न जरुरी छ । यसले काम गर्ने र काम चोर्नेहरू, आस्था एवम् निष्ठाका लागि काम गर्ने अवसर प्राप्तिका लागि यसको उपयोग गर्नेहरू, कार्यकर्ता र कार्यक्षेत्रमा काम गर्नेहरू र नेताको वरिपरि घुम्नेहरू, पार्टीको स्वार्थका लागि मरिमेट्नेहरू तथा आफ्नो स्वार्थका लागि नेताका खातिर मरिमेट्नेहरू, कमिटीमा नबस्ने बित्तिकै असन्तुष्टि र गुटबन्दी गर्नेहरू र जिम्मेवारी नहुँदा पनि राष्ट्र, जनता र पार्टीप्रति अहोरात्र खटिरहनेहरू, लगातार पार्टीका तर्फबाट लाभका पदहरूमा

बसिरहन योग्यता पुगेका र सधैं सडकको सङ्घर्षमा श्रेष्ठता हासिल गर्नेहरूका बीचमा अब मूल्याङ्कन गर्ने भनेर मात्र होइन कि यो मूल्याङ्कन व्यवहारमा अनुवाद हुन अपरिहार्य छ। यसले मात्र लोकतान्त्रीकरणमा नयाँ उत्साह, नयाँ जागर, नयाँ जोसले भरिपूर्ण पार्टी निर्माण गर्न सकिन्छ। नयाँ नेपाल निर्माण गर्ने अभियानमा एउटा बलियो आधार खडा गर्न सकिन्छ।

एउटा सदस्यलाई बोक्नै नसक्ने गरी कामको भारी बोकाइदिने, उत्तिकै योग्यताको अर्कोलाई भूमिकाविहीन बनाइराख्ने, कमिटीमा कामको आवश्यकताभन्दा पनि मानार्थ वा पक्षधरताका आधारमा कमिटीलाई अनावश्यक ठूलो बनाएर पार्टी चलाउने भन्दा पनि केही व्यक्तिहरू पार्टीको नाममा चलिरहेको देखाउने कार्यले पार्टी प्रणाली एवम् यसको हितमा उपलब्धि आर्जन गर्न सकिन्न। पार्टी र सदस्यहरूको मूल्याङ्कन गर्ने संस्था वा व्यक्ति नै आग्रहप्रेरित हुने प्रवृत्तिलाई पनि पूर्ण रूपमा अन्त्य गर्न जरुरी छ। सबैको काम पनि पारदर्शी हुनुपर्छ र कामको मूल्याङ्कन पनि निश्चित मापदण्डका आधारमा पारदर्शी नै हुनुपर्छ। जसले पार्टीलाई थप लोकतान्त्रिक एवम् गतिशील बनाउनेछ।

**ञ. जनसङ्गठन र पार्टीको अन्तरसम्बन्धमा लोकतान्त्रीकरण**

पार्टीको सैद्धान्तिक नेतृत्वलाई अङ्गीकार गरी सङ्गठनात्मक रूपले स्वतन्त्रतापूर्वक काम गर्ने उद्देश्यसाथ क्रियाशील जनसङ्गठनहरूसँगको पार्टी सम्बन्धलाई हार्दिक एवम् खँदिलो बनाउन जरुरी छ। यसको अन्तरसम्बन्धका विषयमा मूलतः निम्न विषयमा ध्यान दिन जरुरी छ :

● पार्टीले यस्ता सङ्गठनहरूलाई आफ्नो शाखा सङ्गठनका रूपमा हेर्ने र व्यवहार गर्ने गर्नु हुँदैन। त्यसभित्र उत्पन्न जटिलताहरूलाई समेत समाधान गर्न आन्तरिक पद्धति र प्रक्रियालाई नै जोड दिनुपर्छ। सम्बन्धित जनसङ्गठनका नेताहरूभन्दा पार्टीका नेताहरू नै जनसङ्गठनका आधिकारिक हुने प्रवृत्तिको अन्त्य गर्न जरुरी छ। यसले समुदायको पक्षधरताभन्दा पार्टीको नेताको पक्षधरतातिर कार्यकर्तालाई डोऱ्याउँछ। जसले आन्दोलनलाई बलियो होइन, कमजोर बनाउँछ। लोकतान्त्रीककरण होइन, केन्द्रीकरणलाई बल पुऱ्याउँछ।

● जनआन्दोलन उठाउन, वर्गीय आन्दोलनबाट जनताको शक्तिलाई सङ्गठित गर्न, पार्टी बनिनसकेका लाखौंलाख जनसमुदायलाई सामाजिक परिवर्तनमा सहभागी गराउन, व्यापक जनतालाई आमूल परिवर्तनका पक्षमा गोलबन्द गर्ने र त्यसबाट खारिएका व्यक्तिहरूलाई समाजका विभिन्न क्षेत्रको अगुवाइ गर्ने आन्दोलनका नेताका रूपमा स्थापित गर्ने र त्यो आन्दोलनमा श्रेष्ठता सावित गर्नेहरू र उत्तीर्ण हुनेहरू पार्टीको मूल प्रवाहमा सङ्गठित गराउनुपर्ने प्रक्रिया अघि बढाउनुपर्छ।

कामका क्षेत्रका आधारमा पार्टीमा मूल्याङ्कन हुने, त्यस क्षेत्रको आवश्यकता र औचित्यका आधारमा एउटा आचारसंहिता र मापदण्डका आधारमा आफ्नो नेता आफैं छान्ने प्रक्रियालाई विकसित गर्न जरुरी छ।

**ट. विधि, विधान र आचरणमा लोकतान्त्रीकरण**

विधि, विधान बनाउँदा हामी डटेर छलफल गर्ने र निर्णय भएका विषयहरूलाई एकीकृत रूपमा लागू गर्न सम्पूर्ण शक्ति लगाउनुपर्नेमा हाम्रा व्यवहार र आचरणमा ती विषयहरू अनुवाद हुनसकेका छैनन्। निर्णय गर्ने बेलामा गम्भीरतापूर्वक विषयमा केन्द्रित नहुने, अनावश्यक बहस र छलफलमा लामो समय गुजार्ने प्रवृत्ति विकसित हुन लागिरहेको छ।

वर्गीय आन्दोलनका लागि समर्पित हाम्रो नेतृत्व एवम् अगुवा नेताहरूको आचरण र व्यवहार पारदर्शी हुनुपर्दछ। सबै सदस्यहरूको समान हक, समान अधिकार त अवश्य छ नै तर समान कर्तव्य र समान दायित्व पनि हुनुपर्दछ। पार्टीको मूल नेतृत्व अधिवेशनप्रति उत्तरदायी हुने, नीतिको पक्षमा दृढतापूर्वक उभिने र आफ्नो अवधिभरि ढुक्कले काम गर्ने परिस्थितिका लागि संस्थागत व्यवस्था गर्न जरुरी छ। नेता एवम् कार्यकर्ताका बीच हुनुपर्ने कमरेडली भावनाको विस्तारै वैधानिक एवम् औपचारिकतामा साँघुरिँदै जाने क्रमलाई अन्त्य गरी मुलुकमा राजतन्त्रको समूल अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न, वर्गविभेदको अन्त्य गर्नका लागि अझ खँदिलो एकता हार्दिकताका साथ कमरेडली भावनाको विकास गरौं, सादा जीवन र उच्च विचारलाई स्थापित गरौं। यो नै पार्टीको लोकतन्त्रका लागि एउटा उदाहरण बन्न सक्छ।

**यो पनि,**

- कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरुको जीवनलाई पारदर्शी बनाउनुपर्छ।
- आजको विकसित परिस्थिति सापेक्ष हाम्रा सङ्गठनका पुराना परम्परा, मान्यतालाई धार्मिक रूपमा ग्रहण गर्नेभन्दा पनि आजको सन्दर्भमा तिनीहरूलाई विकास एवम् विस्तार गर्न सकियो भने मात्र पार्टीको लोकतान्त्रीकरणले मूर्त रूप र गति लिन सक्छ। परिस्थितिको दास बन्नुभन्दा समयको आवश्यकता अनुरूप लोकतान्त्रीकरणको अगुवाइ गर्न सक्नुपर्छ। ■

# नयाँ नेपाल निर्माणका लागि राज्यको पुनःसंरचना

**' कृष्ण न्यौपाने**

नेपाली जनताको अथक सङ्घर्षको परिणामस्वरूप दुई सय ३८ वर्षदेखि जनतालाई फुटाउँदै शासनमा टिक्न सफल भएको शाहवंशीय सामन्ती राजतन्त्र अहिले धराशायी भएको छ। यतिबेला हामी संविधानसभाको निर्वाचनको बारेमा सोचिरहेका छौं, संविधानसभाको निर्वाचनले दक्षिणपन्थी प्रतिगामी एवम् राजावादीहरूलाई निषेध गर्दै लोकतान्त्रिक गणतन्त्रका पक्षधरहरूलाई प्रवल बहुमतमा पुऱ्याउने कुरामा सबैको विश्वास रहेको छ। जनआन्दोलनको उद्देश्य पनि यही नै रहेको थियो।

सामन्ती जगमा आधारित सधैं सक्रिय शासनको चाहना राख्ने, हत्या र षड्यन्त्रको खेलबाट आफ्नो आयुलाई लम्ब्याउन खोज्ने घृणित भइसकेको राजतन्त्रलाई समूल नष्ट गरेर लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने नेपाली जनताको प्रवल चाहना अझै अधुरो छ। जनताको यो चाहनालाई व्यवहारमा उतार्न सकिने गरी नयाँ नेपालको निर्माण गर्ने अभियानको सन्दर्भमा अहिले आठ राजनीतिक दलहरूका बीच छलफल भइरहेको छ। अबको नेपाल कस्तो हुने ? यो खाका हामीसँग हुनु जरुरी छ। नयाँ नेपालको निर्माण भन्नुको अर्थ नै राज्यको पुनःसंरचना हो। राज्यको पुनःसंरचना कसरी गर्ने भन्ने विषयमा स्पष्ट हुन सकिएन भने नयाँ नेपालको निर्माणको कुरा नारामा मात्र सीमित हुन सक्दछ।

'राज्य' भन्नाले वैधानिक, प्रशासनिक शासकीय एवम् नीति निर्माणको निकाय भन्ने बुझिन्छ भने 'पुनःसंरचना' भन्नाले बनिरहेको संरचनालाई बदल्ने तथा पुरानोलाई भत्काएर नयाँ बनाउने भन्ने बुझिन्छ। यसरी राज्यको पुनःसंरचना गर्दा राज्यको ढाँचा, शासन प्रणाली र शासन व्यवस्थामा पूरै परिवर्तन गरिन्छ।

**१. एकात्मक राज्य व्यवस्थाको ठाउँमा सङ्घीय राज्य व्यवस्था**

नेपालमा लामो समयसम्म सामन्ती राजतन्त्रात्मक शासन रहेको हुनाले नेपाल राज्यको ढाँचा पनि हुकुमी शासनको अनुकूल हुने गरी एकात्मक राज्य व्यवस्था कायमै रहँदै आएको हुँदा संविधानसभाबाट निर्माण हुने संविधानमा राज्यको त्यस ढाँचालाई पूरै समाप्त गरेर सङ्घीय राज्यको ढाँचामा लैजाने गरी राज्यको पुनःसंरचना गर्नुपर्दछ। नेपाल एउटा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न एकीकृत मुलुक हो, यसैले यहाँको भौगोलिक अवस्था, जनसङ्ख्या, सांस्कृतिक, आर्थिक र भाषिक विशेषताहरूका आधारमा नेपाललाई सङ्घीय ढाँचामा लैजानुपर्दछ। प्रत्येक सङ्घीय राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका छुट्टै हुनुपर्दछ। यसैमा स्वशासन र स्वायत्तताको ढाँचा र सन्तुलन पनि कायम रहेको हुन्छ भने केन्द्रीय तहमा पनि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाजस्ता अङ्गहरूको बीचमा नियन्त्रण र सन्तुलनको व्यवस्था कायम रहेको हुन्छ।

एकात्मक राज्यमा मुलुकको सार्वभौमसत्ता केन्द्रीकृत हुन्छ भने सङ्घात्मक राज्यमा आ-आफ्नो अधिकारको प्रयोग गर्न पाउने गरी हरेक राज्यको हैसियत संविधानमा उल्लेख भएको हुन्छ, केन्द्र सरकारले त्यसलाई फेरबदल गर्न सक्दैन।

**२. केन्द्रीकृत शासन प्रणालीको ठाउँमा विकेन्द्रित शासन प्रणाली**

नेपालमा लामो समयसम्म जनतामाथि सामन्ती वा राजाहरूले शासन गर्दै आएको हुँदा जनतालाई फुटाएर र दबाएर शासन गर्ने परिपाटीसहितको केन्द्रीकृत शासन प्रणाली कायम रहँदै आएको छ। राजाले आफ्ना दलालहरूमार्फत जनतालाई आफ्नो नियन्त्रणमा राख्ने र त्यसको लगाम आफ्नो हातमा लिने परिपाटीले गर्दा नै हाम्रो देशमा केन्द्रीकृत शासन प्रणाली रहेको छ। यो शासन प्रणालीलाई भत्काएर जनताद्वारा जनताकै लागि शासन गर्ने विकेन्द्रित शासन प्रणाली कायम गर्नु जरुरी छ।

अपेक्षाकृत २०४७ सालपश्चात्को अवस्थालाई छोडेर विगतमा स्थानीय तहमा अधिकार दिन नचाहने केन्द्रीकृत सोच भएका सरकारहरू, यथास्थितिवादमा शासन गर्न चाहने मनोवृत्ति भएकाहरूले स्थानीय तहमा अधिकार दिनु हुँदैन, उनीहरूको क्षमता छैन, काम गर्न सक्दैनन् भन्ने मनोगत चिन्तन राख्दै आएका छन्। यस्तो अवस्थामा विकेन्द्रित शासन प्रणाली अनुसार केन्द्रदेखि तल्लो निकायसम्मका अधिकारहरू संविधानमा किटान गरी राज्यका सबै निकायहरूले सन्तुलित रूपमा स्वशासनको अधिकार प्रयोग गर्न पाउनुपर्दछ भन्ने मान्यता नै राज्यको पुनःसंरचनाको अर्को महत्त्वपूर्ण पक्ष हो।

**२. राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना**

नेपाली जनतालाई सदियौंदेखि दास र रैती बनाउँदै आएको सामन्ती राजतन्त्रात्मक शासन व्यवस्थालाई जरैदेखि उखेली लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु भनेको राज्यको पुनःसंरचनाको अर्को महत्त्वपूर्ण विषय हो। गत संयुक्त जनआन्दोलनको प्रमुख माग र उद्देश्यसमेत यही विषय रहेको थियो। यसैले वर्तमान सरकारको प्रमुख कार्यभार पनि यही नै विषय बन्नु पर्दछ। यो कार्य सम्पन्न नगरी मुलुक एक पाइला पनि अघि बढ्न नसक्ने हुँदा राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाबिना नयाँ नेपाल अर्थात् राज्यको पुनःसंरचनाको कल्पना गर्न सकिँदैन।

यसका अतिरिक्त राज्यको पुनःसंरचना कार्यमा समावेशी लोकतन्त्र र समानुपातिक प्रतिनिधित्वलगायतका विषयहरूसमेत महत्त्वपूर्ण रहेका छन्। राज्यका सबै तहका निर्वाचनहरू पनि समानुपातिक निर्वाचन प्रणालीका आधारमा गरिनुपर्दछ। त्यसमा महिला, दलित, जनजाति, मधेसी एवम् पिछडिएका समुदायलगायत सबैको प्रतिनिधित्व हुनुपर्दछ, राज्यसत्तामा सबैको समानुपातिक ढङ्गले प्रतिनिधित्व हुन सक्यो भने मात्र यो राज्य मेरै हो भन्ने भावनाको विकास हुन सक्दछ। यसो गरियो भने मात्र सबै देशवासीले सच्चा लोकतन्त्रको अनुभूति गर्न सक्ने छन्।

नेपाली सेनाको सङ्ख्या घटाउने र त्यसलाई लोकतान्त्रिक गर्ने, सुरक्षाकर्मी र कर्मचारीहरूमा आफूलाई जनताको सेवक हुँ भन्ने भावना जागृत गराउने, युवाशक्तिलाई राष्ट्र निर्माणतर्फ प्रेरित गराउने खालका कार्यक्रमहरू लागू गर्ने, वैज्ञानिक ढङ्गले भूमिको हदबन्दी कायम गरी कृषि उत्पादनमा जोड दिने आदि सवालहरूलाई राज्यको पुनःसंरचनाका विषय अन्तर्गत समावेश गरिनुपर्दछ।

**नेपालको जातीय अवस्था**

०५८ को जनगणना अनुसार नेपालमा एक सय एक जाति जनजातिहरू बसोवास गर्दछन् । यसमध्ये ५९ जनजाति रहेका छन् । यिनीहरूले बोल्ने भाषा ९२ र धर्म आठवटा रहेका छन् । ११ वटा जातजातिको कुल जनसङ्ख्या ६८.१ प्रतिशत रहेको छ भने ७२ वटा जातजातिको कुनै पनि गाविसमा बहुमत देखिँदैन ।

जातीय रूपमा बाहुल्य भएका जिल्लाहरूमा क्षेत्री-२१, बाहुन-१०, मगर-७, थारु-४, तामाङ-३, मुसुलमान-५, यादव-५, राई-६, गुरुङ-४, लिम्बू-३ जिल्ला रहेका छन् भने गाविसमा बहुमतमा रहेकामध्ये क्षेत्री-९२८, बाहुन-४९२, मगर-३६२, थारु-३१०, तामाङ-३०१, नेवार-८४, मुसलमान-२७८, यादव-३०८, राई-१८०, गुरुङ-१३० र लिम्बू-१२१ रहेका छन् । यसरी नै शेर्पा-२२, दलित-१२ (यसमध्ये कामी-४) चेपाङ-४, थामी-३, छन्तेल-२, सुनुवार-२ र लेप्चा-१ गाविसमा बहुमतमा रहेका छन् ।

यसैगरी, बसोवासको स्थितिलाई हेर्ने हो भने क्षेत्रीय-३३७८, बाहुन-३४९३, मगर-२५५३, थारु-१७६८, तामाङ-१७५७, नेवार-१८२५, मुसलमान-१९६१, कामी-३२८४, यादव-१८८७, राई-१३६६, गुरुङ-१८२५, दमाई-२८८७, लिम्बू-८४९ गाविसहरूमा बसोवास रहेको पाइन्छ भने कुल जनसङ्ख्याको प्रतिशतमा हेर्दा क्षेत्री १५.८ प्रतिशत, बाहुन १२.७ प्रतिशत, मगर ७.१ प्रतिशत, थारु ६.७ प्रतिशत, तामाङ ५.६ प्रतिशत, नेवार ५.५ प्रतिशत, मुसलमान ४.३ प्रतिशत, यादव ३.९ प्रतिशत, राई २.८ प्रतिशत, लिम्बू १.६ प्रतिशत, ठकुरी १.५ प्रतिशत, सार्की १.४ प्रतिशत, चमार १.२ प्रतिशत रहेका छन् भने समग्रमा दलितहरू १३ प्रतिशत रहेका छन् ।

नेपालको जातीय अवस्थालाई हेर्दा नेकपा (माओवादी) ले भन्ने गरेजस्तो आत्मनिर्णयको अधिकारसहितको जातीय राज्य कायम हुन सक्दैन र एकीकृत राज्यलाई विभाजन गरी टुक्रा-टुक्रा बनाउनु नेपाल राष्ट्रकै अस्तित्व समाप्त गर्नु हो । राज्यको पुनःसंरचनापश्चात् नेपाल एउटा सुन्दर, शान्त र सवल राष्ट्रका रूपमा स्थापित हुनेछ । जनताका रोग, भोक र गरिबीको समस्याहरू हटाउन सकिनेछ । राज्यको अग्रगामी पुनःसंरचनाद्वारा असल शासन स्थापित हुनेछ । देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक समस्या समाधान हुनेछ । लोकतन्त्र सुदृढ हुनेछ । राज्यमाथि आमजनताको स्वामित्वबोध गराउन सकिनेछ । जनताको सार्वभौमसत्ता स्थापित र संस्थागत हुनेछ । विकासको गतिलाई तीव्र पारी नयाँ नेपालको निर्माण हुनेछ ।

***(न्यौपाने नेकपा (एमाले) रूपन्देही जिल्ला कमिटीका सचिवालय सदस्य हुनुहुन्छ ।)***

# संविधानसभाबारे ध्यान दिनुपर्ने कुरा

**- नुरराज बस्याल -**

**संविधान भनेको के हो ?**

संविधान राज्य सञ्चालनको विधि र सिद्धान्त उल्लेख भएको देशको मूल कानुन हो । देशको सार्वभौमिकता कसमा निहित छ र यसको प्रयोगको प्रक्रिया के हुने भन्ने नियमहरूको प्रणालीलाई संविधान भनिन्छ । राजनीतिक दृष्टिबाट राज्यको तत्कालीन शक्ति सन्तुलनको अवस्थाको लिखित दस्तावेज संविधान के हो भने नागरिक दृष्टिबाट नागरिकहरूले विश्वास गर्न र अवलम्बन गर्न उचित ठानेका आधारभूत सिद्धान्त र मान्यताहरूको वैधानिक दस्तावेज हो । संविधानमा राज्य र सरकारको स्वरूप, राज्य, सरकार र नागरिकहरूका बीचको शक्तिसम्बन्ध उल्लेख हुनुका साथै यसले राज्यका काम र कारबाहीलाई वैधता प्रदान गर्दछ र सरकारी शक्तिको सीमा निर्धारण गर्छ । यसरी राज्यको राजनीतिक प्रणाली, त्यसका अङ्गहरूको गठन, पारस्परिक सम्बन्ध र राज्यशक्तिको प्रयोगबारेको लिखित वैधानिक दस्तावेज संविधान हो । जनताको चेतनास्तर र जागरणको अभियानसँगै उनीहरूले प्राप्त गरेका र प्राप्त गर्न चाहेका हक अधिकार र दायित्वहरूको संरक्षण गर्न, शासक-शासित सम्बन्धको सीमा निर्धारण गर्न खास अवस्था र परिस्थितिमा कुनै विशेष प्रक्रियाबाट बनाइएको राष्ट्रको मूल कानुन संविधान हो ।

**संविधानसभा के हो ?**

संविधानसभा संविधान निर्माण गर्ने विभिन्न प्रक्रियामध्ये जनताको प्रत्यक्ष सहभागितामा संविधान निर्माण गर्ने एउटा प्रक्रिया हो । संसारमा विभिन्न देशले आफ्नो देशको संविधान निर्माण गर्दा विभिन्न तरिका अपनाएका छन् । हालसम्म संविधान बनाउन प्रयोग गरिएका विभिन्न विधिहरूमा संवैधानिक सम्मेलन, राजनीतिक सम्मेलन, राष्ट्रप्रमुखको घोषणा, जनमतसङ्ग्रह, संसदीय अनुमोदन, संवैधानिक आयोग र संविधानसभा आदि छन् । यी विभिन्न विधिमध्ये संविधानसभा जनताको सहभागितामा संविधान बनाउने एउटा लोकतान्त्रिक विधि र पद्धति हो । मुलुकको संविधान जनताले निर्वाचित गरेका प्रतिनिधि बसेर निर्माण गर्ने तरिका वा निकायलाई संविधानसभा भनिन्छ । अर्थात्, संविधानसभा भनेको संविधान बनाउने उद्देश्यले निर्वाचित जनताका प्रतिनिधिहरूको सभा हो । संविधानसभामा संविधान बनाउने प्रतिनिधि कसरी निर्वाचित हुने भन्ने विषय देशको स्थिति, अवस्था र देशको प्रमुख राजनीतिक शक्तिहरूको सहमति अनुसार तय गरिन्छ । आजसम्म विश्वका करिब ४२ वटा मुलुकहरूले संविधानसभाको प्रक्रियाबाट संविधान निर्माण गरेका छन् ।

**संविधानसभा र अन्तर्राष्ट्रिय अनुभव**

विश्वको संवैधानिक इतिहासमा एउटा लिखित संविधानको आधारमा राज्य सञ्चालनको प्रारम्भ अमेरिकाले गरेको हो । सन् १७८९ मा अमेरिकाले १३ राज्यको ५१ जना प्रतिनिधि उपस्थित रहेको संवैधानिक सम्मेलनबाट संविधानको निर्माण गऱ्यो, जुन २७ औं पटक संशोधन भएर हालसम्म कायमै छ । त्यसपछि फ्रान्समा १७८९ मा गठित संविधानसभा विश्व इतिहासमा पहिलो

मानिन्छ। त्यस्तै नर्वे (१८१४), रुस (१९१८), भारत (१९४६), पाकिस्तान (१९४६), दक्षिण अफ्रिका (१९९४), पूर्वी टिमोर (१९९६), भेनेजुएला (१९९९) संविधानसभाबाट संविधान बनाउने देशका उदाहरण हुन्। आज विश्वमा संविधानसभाबाट संविधान बनाउन सफल भएका मुलुकहरूमा इटाली, नर्वे, दक्षिण अफ्रिका, भेनेजुएला आदिलाई लिइन्छ भने रुस, पाकिस्तान र इजरायलजस्ता मुलुकका संविधानसभा असफल भएका छन्।

**नेपालको संविधानसभाको ऐतिहासिक सन्दर्भ**

नेपालमा लिखित संविधानसभाको थालनी वि.सं. २००४ सालमा पद्‌मशमशेरबाट नेपाल सरकारको वैधानिक कानुन जारी गरेपछि भएको हो। त्यसपछि वि.सं. ००७, ०१५, ०१९, ०४७ सालमा संविधान जारी भई अन्त्य समेत भइसकेका छन्। जनआन्दोलनको सफलतासँगै जारी भएको नेपालको अन्तरिम संविधान ०६३ माघ १ गतेदेखि संविधानसभाको निर्वाचन कार्य सफल बनाउने व्यवस्थाका साथ कार्यान्वयनमा छ। यो नेपालको संवैधानिक इतिहासको छैटौँ संविधान हो।

नेपालमा संविधान निर्माणको प्रसङ्गसँगै संविधानसभाको विषय पनि ००७ सालदेखि नै उठेको हो। ००७ सालमा राजा त्रिभुवनले जनताद्वारा निर्वाचित वैधानिक सभा (संविधानसभा) ले तर्जुमा गरेको संविधान अनुसार शासन सञ्चालन गर्ने घोषणा गरेका थिए। तर, त्यो कार्यान्वयन भएन। वि.सं. ०१४ मा राजा महेन्द्रले संविधानसभाको सट्टा संविधान मस्यौदा कमिसन गठन गरी आफ्नो अनुकूलको संविधान लेखाएर ०१५ सालमा घोषणा गरे। ०६२ साल माघ ७ मा सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे समझदारीपछि संविधानसभा नेपाली राजनीतिको साझा माग बन्यो। सोही समझदारीको जगमा सम्पन्न भएको जनआन्दोलन सफलताको मार्गमा अगाडि बढेपछि यो राष्ट्रको केन्द्रीय विषयवस्तु र पूरा गर्नुपर्ने दायित्व बनेको छ।

**संविधानसभाको आवश्यकता र औचित्य**

कुनै पनि देशमा प्रचलित पुरानो शासन पद्धतिको अन्त्य भई नयाँ प्रणाली सुरु गर्ने आवश्यकता भएमा (फ्रान्स, नेपाल) कुनै राज्य उपनिवेशबाट स्वतन्त्र र सार्वभौम राष्ट्र हुने अवस्थामा (भारत, अमेरिका) जनक्रान्ति वा जनआन्दोलनमार्फत संविधान वा शासन प्रणाली फेर्ने आवश्यकता भएमा वा राज्यको पुनःसंरचना गर्ने आवश्यकता महसुस भएको स्थितिमा नयाँ संविधान आवश्यक पर्छ। त्यो संविधान निर्माणमा जनताको सहभागिता र समावेशी प्रतिनिधित्व गराउन संविधानसभाको आवश्यकता पर्छ। जनताको सहभागिता र समावेशीकरणबाट निर्मित संविधानप्रति जनताको विश्वास, स्वामित्व र अपनत्व हुन्छ। नेपालमा पनि इतिहासमा पहिलोपटक हुन गइरहेको संविधानसभाबाट नेपाली जनताले आफ्नो सार्वभौमिकता प्रकट गर्न चाहेका छन्। र, यस संविधानसभालाई नेपालको राजनीतिक इतिहासमा पटकपटक पुनरावृत्त हुने निरङ्कुश राजतन्त्रलाई सदाका लागि अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने उपयुक्त अवसर मानेका छन्। विगत केही वर्षयता माओवादी विद्रोह र त्यसका कारण उत्पन्न सामाजिक अशान्तिको अन्त्य गर्दै दिगो शान्ति स्थापना गर्ने निकासको मिलनविन्दु संविधानसभा हुनसक्छ। देशमा बहुसङ्ख्यामा रहेका जनजातिहरू, भाषाभाषीहरू, दलित, महिला, मधेसी र अल्पसङ्ख्यामा रहेका विभिन्न धर्मावलम्बीहरू नयाँ राज्य संरचनाको माग गर्दै सङ्घर्ष र आन्दोलनमा उत्रेका छन्। उनीहरूका माग र समस्याहरूलाई सम्बोधन गर्दै राज्यलाई लोकतान्त्रिक र समावेशी ढाँचामा पुनःसंरचना गर्न पनि संविधानसभा एउटा सार्थक अभियान हुनसक्छ भन्ने विश्वास हुन गइरहेको संविधानसभाको औचित्यताका आधारहरू हुन्।

**संविधानसभा र निर्वाचन प्रणाली**

संविधानसभाको प्रतिनिधित्वको आधार र स्वरूप निर्धारित गर्ने प्रमुख आधार निर्वाचन प्रणाली हो। निर्वाचन प्रणाली भनेको जनताको चाहना र प्राथमिकतालाई मतको आधारमा रूपान्तरण गर्ने संयन्त्र हो। शासितहरूको सहमतिमा मात्र शासन सञ्चालन गर्ने परिपाटीमा निर्वाचन जनचाहना अभिव्यक्त गर्ने माध्यम र शासन प्रणालीको वैद्यता पुष्ट्याइँ गर्ने महत्त्वपूर्ण आधार पनि हो। लोकतन्त्रमा जनता सार्वभौमसत्ता हुन्छन्। यो सार्वभौमसत्ताको प्रयोग निर्वाचन प्रणालीमार्फत आफ्ना प्रतिनिधिमा हस्तान्तरण गर्दछन्। विश्वमा मुख्य रूपले तीनथरीका निर्वाचन प्रणाली प्रचलित छन् : बहुमतीय (बढी मत, बहुमत) निर्वाचन प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र मिश्रित निर्वाचन प्रणाली।

बहुमतीय निर्वाचन प्रणालीमा बढी मत र बहुमत दुई प्रणाली प्रचलित छन्। बढी मत प्रणालीमा निर्वाचनमा खडा भएका उम्मेदवारमध्ये सबभन्दा बढी मत पाउने विजयी हुन्छ, जसलाई पहिलो हुने निर्वाचित हुने प्रणाली पनि भनिन्छ। विगतमा नेपालमा भएका प्रतिनिधिसभाको निर्वाचन यही प्रणालीमा आधारित थियो। तर, बहुमत प्रणालीमा उम्मेदवारले खसेको कुलमतको ५० प्रतिशतभन्दा बढी मत ल्याएर मात्र विजयी हुन्छ।

समानुपातिक प्रतिनिधित्वको प्रणालीमा जुन पार्टी वा समूहले जति प्रतिशत मत ल्याउँछन्, सोको अनुपातमा प्रतिनिधित्वको अवसर पाउँछन्। समानुपातिक प्रतिनिधित्वको प्रणालीमा पनि एकल सङ्क्रमणीय समानुपातिक प्रणाली र सूची समानुपातिक प्रणाली प्रचलित छन्। एकल सङ्क्रमणीय समानुपातिक प्रणालीमा मतदातासँग जति सदस्य निर्वाचित गर्ने हो, त्यति नै सङ्ख्यामा मतको अधिकार हुन्छ र मतदाताले मतको प्राथमिकताका आधारमा (१,२,३...) भोट खसाल्छन्। विजयी हुनेले पनि अरूले भन्दा धेरै मत प्राप्त गरेर मात्र हुँदैन। निर्धारित कोटाबराबरको मत प्राप्त गर्नुपर्ने हुन्छ, जुन नेपालको विगत राष्ट्रियसभाको निर्वाचनमा प्रयोग गरिएको थियो।

मिश्रित प्रणाली भनेको बहुमत (बढी मत) निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको संयुक्त स्वरूप हो। मिश्रित निर्वाचन प्रणालीमा पनि मिश्रित (सदस्य) समानुपातिक प्रणाली र समानान्तर प्रणाली गरी दुई स्वरूप हुन्छन्। मिश्रित समानुपातिक प्रणालीमा बहुमतीय र समानुपातिक प्रतिनिधित्वका आधारमा निर्वाचित स्थान वितरण गर्ने र त्यसबाट उत्पन्न

हुने कुनै अमिल्दो अनुपातलाई एकअर्काबाट क्षतिपूर्तिको स्थान दिई दुई किसिमका निर्वाचन प्रणालीलाई जोडेर कूल परिणामलाई समानुपातिक बनाइन्छ । समानान्तर मिश्रित प्रणालीमा एकअर्कामा निर्भर नहुने बहुमतीय र समानुपातिक दुई छुट्टाछुट्टै निर्वाचित हुनेर परिणामसमेत एकअर्कामा सम्बन्ध नहुने र परिणामसमेत भिन्न हुने हुन्छ । नेपालमा यही मिश्रित निर्वाचनको समानान्तर मिश्रित प्रणाली अवलम्बन गर्ने निर्णय भएको छ । जस अन्तर्गत कूल चार सय ९७ को संविधानसभामा निर्वाचित हुने चार सय ८० सीटको ५० प्रतिशत अर्थात् दुई सय ४० सीट बढी मत प्रणाली र ५० प्रतिशत अर्थात् दुई सय ४० सीटमा समानुपातिक प्रतिनिधित्वको सूची प्रणालीबाट निर्वाचित हुन्छन् । यी दुई प्रणाली दुई समानान्तर रूपमा निर्वाचन हुने र परिणामलाई एकअर्कामा आबद्ध नगरिने व्यवस्था छ ।

**संविधानसभाको सफलताको सर्त : स्वच्छ र निष्पक्ष निर्वाचन**

संविधानसभाको निर्वाचनमा जनताको अधिकतम सहभागितालाई सुनिश्चित गर्न सकिएन भने संविधानप्रति जनताको भावनात्मक सम्बन्ध र अपनत्वको स्थिति रहँदैन । निर्वाचनमा जनताको अधिकतम सहभागिताको सर्त भनेको स्वच्छ, निष्पक्ष र धाँधलीरहित शान्तिपूर्ण रूपले निर्वाचन सम्पन्न गर्नु हो । सामान्यतया निर्वाचनमा हुने धाँधली भन्नाले निर्वाचनका समयमा हुने हिंसा, अनियमितता, गुण्डागर्दी, बलप्रयोगको डरत्रास, पैसा र प्रलोभनको प्रभाव, बुथ कब्जा आदि लगायतका कुनै पनि प्रकारले निर्वाचनमा पारिने प्रभावलाई मानिन्छ । फर्जी मतदाता नामावली प्रयोग गरी मतदाता दर्ता, हातहतियारको प्रदर्शन तथा प्रयोगले निर्वाचनमा हुने धाँधलीलाई बल पुर्‍याउँछ । निर्वाचनका क्रममा मतदाता र उम्मेदवारमाथि साङ्घातिक हमला वा हमलाको धम्की हुनु, हत्याहिंसा हुनु वा धम्की दिनु, मतपत्र वा मतपेटिका लुट्नु तथा बम विस्फोट गराउनुजस्ता क्रियाकलापले निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन सक्दैन । त्यसैले उपरोक्त किसिमका क्रियाकलाप हुन नदिन सम्बन्धित सबै पक्षमा आवश्यक सजगता र पूर्वतयारी आवश्यक छ । देशको राजनीतिमा सहमतिको खोजी, सुरक्षा प्रबन्धको सुदृढीकरण र बेवास्ता वा उपेक्षाको संस्कृतिलाई निरुत्साहित गरिनुपर्छ । यसप्रति निर्वाचन आयोग, सरकार, सुरक्षा निकाय, प्रशासनयन्त्र, राजनीतिक दल, नागरिक समाजलगायत आमजनसमुदायमा आवश्यक सजगता, समन्वय हुनुपर्छ । स्वतन्त्र र धाँधलीरहित निर्वाचनले मात्र जनताको साँचो रोजाइ र मत अभिव्यक्त हुने अवसर प्राप्त हुन्छ । यसबाट मात्र लोकतन्त्र संस्थागत हुने र शासनले वैधता प्राप्त गर्दछ ।

**निष्कर्ष**

सिङ्गो मुलुक संविधानसभाको चुनावको अभियानमा केन्द्रित भएका बेला लक्षित उद्देश्य प्राप्त गर्ने गरी यसलाई सम्पन्न गर्न सघाउनु सम्पूर्ण देशवासीको साझा दायित्व हो । संविधानसभा सफल हुन मुख्यतया समावेशीकरणको सिद्धान्तबमोजिम यसको गठनमा नै विशेष ध्यान पुर्‍याउनुपर्छ । जनसङ्ख्या, भूगोल, क्षेत्रीयता, वर्ग, सबैको न्यायोचित प्रतिनिधित्वको आवश्यक पर्दछ । संविधानसभाको कार्यप्रणाली सरल र विषयवस्तुहरूले जनताका समस्यालाई सम्बोधन गरी लोकतन्त्रलाई स्थापित र राजनीतिक स्थिरता कायम गर्न सकेमा संविधानसभा सफल भएको मान्न सकिन्छ । यसका लागि सबैको सकारात्मक सोच र समन्वय आज मुलुकको आवश्यकता बनेको छ । ■

# गणतन्त्रका लागि गद्दी त्याग !

**' सूर्य थापा**

ऐतिहासिक जनआन्दोलनको सफलतासँगै सिङ्गो मुलुक गणतन्त्रमय बन्दै अघि बढेको छ । राजनीतिक बहस-छलफलको केन्द्रविन्दुमा गणतन्त्र छ । राजतन्त्र नारायणहिटी राजदरबारभित्र सीमित छ । र, व्यवस्थापिका-संसद्ले राजामाथि कारबाही गरी राजतन्त्र अन्त्यको घोषणा गर्न सक्ने व्यवस्था अन्तरिम संविधानको दोस्रो संशोधनबाट गरिसकेको छ । संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको भविष्य फैसला गर्ने राजनीतिक निर्णय भएअनुरूप मङ्सिर ६ गते संविधानसभाको चुनाव गर्ने मिति पनि तय भइसकेको छ । तर, राजतन्त्र र गणतन्त्रको विषयमा २०६२ भदौ १४-१७ को एघारौं महाधिवेशनपश्चात् 'निरपेक्ष नीति' अख्तियार गरेको नेपाली काङ्ग्रेस अझै स्पष्ट हुनसकेको छैन । यसले संविधानसभाबाट निर्णय गर्ने उल्लिखित सहमतिलाई समेत जोखिमपूर्ण र खतराको विन्दुतर्फ धकेलिरहेको छ । नेपाली काङ्ग्रेसले राजतन्त्रप्रतिको मोह सम्पूर्ण रूपले त्याग्न नसकेकाले नै राष्ट्रिय राजनीतिमा यस सम्बन्धमा व्यापक अन्योल कायमै छ । फलतः राजतन्त्र भर्सेस गणतन्त्रको राष्ट्रिय माहोल सिर्जना गर्दै राजनीतिक दलहरू एक ढिक्का भएर अघि बढ्न सम्भव भइरहेको छैन ।

**बीपीको मेलमिलाप : अन्योलको कारक**

नेपाली काङ्ग्रेसका संस्थापक नेता बीपी कोइरालाले आफ्नो जीवनको उत्तरार्द्धमा राजासँगको सहकार्यमा जोड दिएका थिए । उनले ०३८ मङ्सिरमा उल्लेख गरेका छन्- 'यस देशलाई जोगाउनका लागि राजाको आवश्यकता छ । सेन्ट्रल फोकल प्वाइन्टका निम्ति राजाको आवश्यकता छ । मैले क्रूर शासक हुनुपर्छ भनेको छैन, नत्रभने प्रजातन्त्रको मेरो मागको कुनै माने नै रहँदैन । राष्ट्र निर्माण पनि अहिले नै चाहिएको छ, प्रजातन्त्र पनि अहिले नै चाहिएको छ र आर्थिक विकास पनि अहिले नै चाहिएको छ । एकैसाथ यी सब काम गर्नका निम्ति जति राष्ट्रिय चरित्रका शक्तिहरू छन्, सबैलाई एकताबद्ध गर्नुपरेको छ । मेरो राष्ट्रिय एकता र मेलमिलाप भनेको यही हो ।'

बीपीको मेलमिलापको राजनीतिलाई बितेको तीन दशकका राजनीतिक घटना-परिघटनाले असान्दर्भिक र गलत नै सावित गरिसकेका छन् । तर, नेपाली काङ्ग्रेसले इतिहासको यस कटु वास्तविकतालाई आत्मसात् गर्न सकेको छैन । फलतः अहिलेसम्म

राजतन्त्रप्रतिको उसका तमाम नीति यही सीमाबाट गुज्रिएका छन् । एघारौँ महाधिवेशनले पार्टीलाई राजतन्त्र निरपेक्ष बनाएको भए तापनि त्यसका प्रायः नेताहरूमा मेलमिलापको धङधडी मेटिन सकेको पाइँदैन । फलस्वरूप 'निष्क्रिय राजतन्त्र', 'संवैधानिक राजतन्त्र', 'सेरेमोनियल किङ' र 'नाबालक राजा' जस्ता असान्दर्भिक शब्दावली प्रयोग गरेर नेपाली राजनीतिलाई अन्योलग्रस्त बनाउने क्रम जारी छ । अहिले पनि नेपाली काङ्ग्रेसको नेतृत्वलाई ००७ सालमा जस्तै 'कम्युनिस्ट खतरा'ले तर्साइरहेको छ । बीपीले यही कारणले गर्दा जीवनको अन्तिम घडीमा समेत जोड दिएका थिए- 'राजा यथार्थमा वैधानिक भएर बस्न सक्छन् भने त्योजस्तो सजिलो वैधानिक राष्ट्राध्यक्ष अरू कुनै हुन सक्दैन ।' तर काङ्ग्रेसको समर्थन नपाएको भए इतिहासमा एकपटक भागिसकेका त्रिभुवन फेरि नेपालमा राजा हुन पाउँदैनथे । बीपीकै शब्दमा- 'इतिहासका धेरै राजाहरू अहिले लण्डनमा छन्, धेरै राजाहरू पेरिसमा छन् । सायद हाम्रा त्रिभुवन पनि त्यस्तै राजा हुन्थे ।' तसर्थ, नेपालमा राजतन्त्र उन्मूलनको माग जबर्जस्त रूपमा उठिरहेको सन्दर्भमा मुख्यतः नेपाली काङ्ग्रेस शीतयुद्धकालीन विश्व परिस्थितिमा अख्तियार गरेको कम्युनिस्ट विरोधी र राजापक्षधर गलत नीतिबाट पूर्णतः मुक्त भएर कमसेकम लोकतन्त्रलाई गणतन्त्रको विन्दुमा पूर्ण बनाउने स्पष्ट नीति र दृष्टिकोणका साथ अघि बढ्न सक्नुपर्थ्यो । र, विगत दुई वर्षमा यस दिशामा विकसित घटनाक्रमलाई आत्मसात् गरेर राजतन्त्र निरपेक्ष मात्रै होइन, लोकतान्त्रिक गणतन्त्रको पक्षधर भएर मुलुकमा तदनुरूपको संवैधानिक र राजनीतिक व्यवस्थापन गर्न अग्रसर भइसक्नुपर्दथ्यो ।

**प्रधानमन्त्रीको बोलीमा उतारचढाव**

११ वैशाख ०६३ को राती राजा ज्ञानेन्द्रले आन्दोलनका सामु घुँडा टेकिसकेपछि नेपालको राजनीतिमा राजतन्त्र अर्थहीन नै भइसकेको छ । त्यसलाई राजनीति र शासनका हिसाबले वञ्चित गर्दै संविधानसभाको चुनाव गर्ने र त्यसबाट नै अन्तिम रूपमा टुङ्गोमा पुग्ने निर्णय भएर मुलुक अघि बढिरहेको छ । यस कामलाई सफल पार्ने मुख्य दायित्व सरकार र त्यसका प्रधानमन्त्रीको हो । तर, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालामा देखापरेको द्विविधा र उतारचढावले गर्दा अपेक्षाकृत रूपमा मुलुक द्रुतगतिका साथ अघि बढ्न सम्भव भएको छैन ।

द्विविधाजनक अभिव्यक्तिकै क्रममा ०६३ फागुन २९ मा विराटनगरमा कोइरालाको यस्तो धारणा सार्वजनिक भयो- 'राजाकै व्यवहार र क्रियाकलापले गणतन्त्रको बाटो खुलेको छ । नचाहिँदो वक्तव्य र क्रियाकलापले गर्दा उनले आफ्नो घुँडामा आफैँ बञ्चरो हाने । बुद्धि पुऱ्याएर राजा र युवराज दुवैले मुकुट-गद्दी त्यागेको भए राम्रो किसिमको वातावरण बन्ने थियो- उनीहरूका लागि तर त्यसो गर्नुको साटो बरु चलखेल बढाए ।'

उनले जोड दिए- 'संविधानसभाले गणतन्त्रको घोषणा गर्छ । ... त्यसभन्दा अघि घोषणा गर्नुभन्दा राजाले नै स्टेपडाउन (त्याग) गरिदिए हुन्छ ।'

यसअघि राजालाई पनि स्पेस दिनुपर्ने उनको कथन विराटनगरबाटै सार्वजनिक भएको थियो । तर, फागुन ७ को राजा ज्ञानेन्द्रको वक्तव्यपछि कोइरालाले आवेगमा भने- 'त्यो पुरानो कुरा भइसक्यो । राजाले गलत बुझे । त्यतिबेला राजालाई स्पेस दिने भनेको अस्थिरता दिन भनेको होइन । राजा र युवराजले राजगद्दी छाडेपछि अथवा छाडेको भए राम्रो हुन्थ्यो र त्यसपछिको अवस्थामा चाहिँ स्पेस दिने कुरा गरेको हुँ । अब पनि राजाले मैले गद्दी छाडेँ भन्छन् भने त्यसले नयाँ वातावरण सिर्जना गर्छ ।'

प्रधानमन्त्री कोइरालाको यस अभिव्यक्तिको चौतर्फी आलोचना भए पनि ४ असार ०६४ मा उनले पुनः दोहोऱ्याए- 'संविधानसभाको चुनावअगावै राजा र युवराजले गद्दी त्यागे राजतन्त्र रहन सक्नेछ । हिज मेजेस्टीलाई मैले क्लियरली भनिसकेको छु- 'तपाईं र युवराज जनतासामु अलोकप्रिय हुनुभयो, साइड लाग्नुस् । 'माइनर किङ' को अवधारणामा जाँदा राम्रो हुन्छ ।' पाकिस्तानी पत्रकारहरूसँगको भेटमा कोइरालाले यस्तो धारणा राख्नुभएको कुरा सार्वजनिक भएपछि अझ चर्को आलोचना भयो । त्यसपछि पत्रकारले अङ्ग्रेजी नबुझेको भनेर उनले खण्डन गर्न खोजे । तर, तथ्यहरूबाट के स्पष्ट भएको छ भने कोइराला 'बेबी किङ' वा 'माइनर किङ' भन्दा अगाडि 'नो किङ' को स्थितिमा पुग्न सकेको देखिन्न ।

यद्यपि, २० असार ०६४ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रधानमन्त्री कोइरालाले व्यवस्थापिका-संसद्‌को रोस्ट्रमबाट मौखिक भाषण गर्दै राजाले गद्दी त्यागी क्रान्तिका निम्ति सहयोग गर्न आग्रह गरे । उनको कथन थियो- 'राजा गइहाले हुन्छ, देशभित्र बाहिर कहाँ जाने हो ? महात्मा गान्धीले भारतको स्वतन्त्रतासङ्ग्राम सफल बनाउन अङ्ग्रेजहरूले पनि खुट्टाले (भागेर) सहयोग गर्ने बताएका थिए । त्यो कुरा यहाँ पनि लागू हुनसक्छ ।' लिखित रूपमा चाहिँ नेपाली काङ्ग्रेसको विधान, नीति एवम् सरकारको नीति तथा कार्यक्रम र कुनै पनि दस्तावेजमा यो कुरा उल्लेख हुनसकेको छैन । कोइरालाको अस्वस्थ र अति बृद्ध उमेरका कारण यस्ता उतार-चढावयुक्त धारणा सार्वजनिक हुने गरेका छन् । उनमा गणतन्त्रको प्रश्नमा प्रस्टता र दृढताको पूर्ण अभाव कायमै देखिन्छ ।

**राष्ट्रप्रमुखको हैसियत : राष्ट्रपतिको आकाङ्क्षा**

अन्तरिम संविधान-०६३ ले राजाको परम्परागत हैसियत समाप्त पारिदिएको छ । विदेशी राजदूतहरूको ओहदाको प्रमाणपत्र बुझ्ने काम प्रधानमन्त्रीले नै गर्ने नयाँ संवैधानिक व्यवस्थाबमोजिम सर्वप्रथम चिनियाँ राजदूतको ओहदाको प्रमाणपत्र प्रधानमन्त्री कोइरालाबाटै बुझ्ने काम भयो । त्यस दिनदेखि राष्ट्रप्रमुखको हैसियतका काम स्वयम् प्रधानमन्त्रीबाट हुने गरेका छन् ।

२४ असार ०६४ मा नेपाल सरकार गृह मन्त्रालयले सूचनामार्फत प्रस्ट उल्लेख गऱ्यो- '.. राष्ट्रप्रमुखका हैसियतले सम्माननीय प्रधानमन्त्रीज्यूबाट श्री रातो मच्छिन्द्रनाथको भोटो अवलोकन हुने कार्यक्रम रहेकाले ... आफूखुसी राष्ट्रिय पोसाकमा ... सबै महानुभावहरूलाई अपरान्ह ५:१० बजे उपस्थितिका लागि अनुरोध गरिएको छ ।' १५ सय वर्षअघि लिच्छवि राजा नरेन्द्रदेवको पालादेखि सुरु गरिएको भोटोजात्रामा पृथ्वीनारायण शाहकै समयदेखि राजाले भोटो अवलोकन गर्ने परम्परा थियो । यसका साथै श्रीपञ्चमी, इन्द्रजात्रा, घोडेजात्रा, फूलपाती, महाअष्टमी, विजयादशमी, कात्तिक पूर्णिमा र होलीको अवसरमा

राजाका सांस्कृतिक विशेषाधिकार र उपस्थितिसमेत समाप्त पारिएको छ। र, राजाको सट्टा प्रधानमन्त्री नै राष्ट्रप्रमुखको हैसियतमा उपस्थिति हुने नयाँ परम्परा सुरुवात गरिएको छ।

प्रधानमन्त्री कोइराला स्वयम्मा 'माइनर किङ'को पक्षपाती रहेको भए पनि परिस्थितिले राष्ट्रप्रमुखको जिम्मेवारीसमेत बहन गर्नुपर्ने बाध्यता खडा गरेको छ। उनले टुँडिखेल र जाउलाखेलमा राष्ट्रप्रमुखको रूपमा सलामी ग्रहण गरिसकेको स्थिति छ। त्यसैले उनमा साँच्चिकै निर्वाचित राष्ट्रपतिको मोह बढेको र राजाको मोह त्याग्न बाध्य हुने अवस्था बनिरहेको अनुमान गर्न सकिन्छ। जेठ २८ गते उनले माओवादी अध्यक्ष प्रचण्डसँगको भेटमा भनेका थिए- 'काङ्ग्रेस राजतन्त्रको पक्षमा जाँदैन। पहिलो कुरा संविधानसभाको निर्वाचन हो। त्यसमा हामी एक भएर लागौँ।' तर, यही कुरालाई पार्टीको नीति र लिखित दस्तावेजमार्फत अघि बढाउन नखोजेकाले उनको भूमिकाको आलोचना भइरहेको छ। र, आशङ्का गर्ने ठाउँ अझ कायमै छ। भोलि संविधानसभाको पूर्वसन्ध्यामा राजा, नेपाली काङ्ग्रेस र वैदेशिक शक्ति राष्ट्रहरूहरूका बीच गठजोड बनेर तिनीहरूले 'माइनर किङ' लाई नै संस्थागत गर्ने प्रयत्न नगर्लान् भन्न सकिन्न। तर, नेविसङ्घको चितवन महाधिवेशनमा गणतन्त्र पक्षधर नेतृत्व चुनिएको, जिल्ला सभापतिहरूको भेलामा बहुसङ्ख्यकले गणतन्त्रको पक्षमा जोड दिएको र सिङ्गो मुलुक गणतन्त्रमय बनिरहेको स्थितिमा त्यसको दबाब स्वाभाविक रूपले काङ्ग्रेस र त्यसको नेतृत्वमाथि समेत परिरहेको अवस्थाले गर्दा कोइराला स्वयम् पनि रूपान्तरित हुने अपेक्षा गर्नु अन्यथा हुँदैन। यद्यपि, काङ्ग्रेसभित्र मुख्यतः कोइराला परिवारकै नेता-नेतृहरू हालसम्म जुनसुकै रूपको भए पनि राजतन्त्रको पक्षमा देखिँदै र उभिँदै आएको अवस्था छ।

**बाह्य चासो र अन्तर्निहित चाहना**

अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले स्वदेश फर्कनुअघि २९ असारमा एउटा रहस्योद्घाटन गर्दै भने-'अब राजाको बेला समाप्त भइसकेको छ। राजाबाट नाटकीय कदम चालिनु जरुरी छ।' मोरियार्टीको कथन थियो-'राजतन्त्रको भविष्य आगामी संविधानसभाको चुनावले तय गर्नेछ, मेरो सरकारको धारणा पनि यही हो।' उनले पत्रकार सम्मेलनमार्फत बताए-'मेरो व्यक्तिगत सुझावमा भने राजाले तत्काल गद्दी त्याग्नुपर्छ।' साथै, 'माघ १९' को शाही कदमपछि 'झन्डै पाँच महिना जति राजालाई विश्वास गर्नुलाई' आफ्नो तीन वर्षे कार्यकालको 'सबभन्दा ठूलो त्रुटि'का रूपमा उल्लेख गर्दै उनले भने-'राजाले दलहरूसँगको सहकार्यमा प्रजातन्त्र पुनःस्थापना गर्नेछन् भन्ने लागेको थियो, जुन पछि असत्य सावित भयो। म त्यसमा पछुतो मान्छु।'

यसप्रकार प्रधानमन्त्री कोइरालाका सार्वजनिक बोलीमा अमेरिकी संस्थापनले प्रेरित गरेको स्पष्ट भएको छ। मोरियार्टीलाई 'प्रजातन्त्र र मानव अधिकारका प्रवक्ता' का रूपमै सार्वजनिक प्रशङ्सा गरेका कोइरालाले अमेरिकी संस्थापन पक्षसँगको सल्लाहमै 'राजालाई स्पेश दिने', 'राजा र युवराजद्वारा गद्दीत्याग गरिनुपर्ने' र 'बेबी किङ्ग' वा 'माइनर किङ्ग' मा जोड दिने आदि काम गरेको तथ्य उद्घाटित भएको छ। यसबाट अमेरिका, बेलायत वा भारत आदि मुलुक तत्काल गणतन्त्रको पक्षमा खुला रूपमा अग्रसर हुन अनिच्छुक रहेको मनस्थिति बुझिन्छ र त्यसको प्रभाव नेपाली काङ्ग्रेसको नीतिमा प्रतिविम्बित भइरहेको छ। चीन, जापान, युरोपेली युनियन आदि समेत यस सम्बन्धमा नेपाली जनताको आकाङ्क्षाअनुरूप अघि बढ्ने कुरामा स्पष्ट हुनसकेका छैनन्। विदेशीहरू संविधानसभाको चुनावमा समेत 'माइनर किङ्ग' कै पक्षमा नेपाली काङ्ग्रेसलाई उभ्याउन प्रयत्नरत देखिन्छन्। जसको दबाब वा प्रभावका कारण काङ्ग्रेसको नीति गणतन्त्रमुखी बन्नसकेको छैन।

**दबाबको खाँचो**

नेपाली काङ्ग्रेसलाई तानेर गणतन्त्रको पक्षमा उभ्याउने गरी राष्ट्रव्यापी दबाब क्रमशः मुखर बन्न थालेको छ। नेकपा (एमाले) को पन्ध्रौँ बैठकले काङ्ग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउनुपर्नेमा जोड दिएको छ। यसले नयाँ आधार दिएको छ- सिङ्गो राष्ट्रलाई। यदि मुलुकमा राजतन्त्रको अन्त्य गर्ने हो भने राजतन्त्रबाहेकका शक्तिहरूलाई एउटा मोर्चामा गोलबन्द गर्नैपर्छ। त्यसका लागि आठदलीय गठबन्धनलाई गणतान्त्रिक मोर्चामा रूपान्तरित गर्नु अपरिहार्य हुन्छ। जसको नेतृत्वमा सिङ्गो राष्ट्र गणतन्त्रलाई संस्थागत गर्न सक्षम हुनसक्छ। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले 'त्यस्तो गणतान्त्रिक मोर्चामा वामशक्तिहरूले एकताबद्ध भई गुबीको काम गर्न सक्नुपर्छ' भनेर काङ्ग्रेसलाई गणतन्त्रका पक्षमा ल्याउन जरुरी रहेको सार्वजनिक रूपमा औँल्याइसक्नुभएको छ।

यदि नेपाली काङ्ग्रेस गणतन्त्रको पक्षमा स्पष्ट हुने हो भने देशभित्रको आम जनताको आकाङ्क्षालाई साकार पार्न र मुलुकमा राजतन्त्र भर्सेस गणतन्त्रको नयाँ स्थिति सिर्जना गर्न सम्भव छ। त्यसको औचित्य आत्मसात् गर्न धेरै ढिलो गर्ने स्थिति छैन। प्रधानमन्त्री कोइरालाले संविधानसभाअघि राजा र युवराजलाई गद्दी त्याग गर्न भनेर 'बेबी किङ' को पक्षपोषण गरिरहेको स्थितिमा एमाले महासचिव नेपालले सुझाव दिनुभएको छ- 'गणतन्त्रका निम्ति नै गद्दीत्याग गर्नु उपयुक्त हुन्छ।' यस कथनबाट राजा, युवराज र नवयुवराज कसैलाई पनि यो मुलुक राजा मान्न तयार छैन, गणतन्त्रको घोषणा हुनुपर्छ भन्ने नै अझ प्रस्ट भएको छ। राजाले आफ्नो 'हीरक जन्मोत्सव' का नाममा राजनीतिक जमघट एवम् भड्किलो भोजभतेर गरेर सरकारलाई चुनौती दिन खोजेको सन्दर्भले अन्तरिम संविधानसभाको धारा १५९ स्पष्ट आकर्षित भएको छ, जसमा उल्लेख छ :

*३(क) राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेको ठहर भएमा संविधानसभाको चुनाव हुनुअगावै पनि व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट राजसंस्था कायम नरहने गरी प्रस्ताव पारित गर्नसक्नेछ।*

*३(ख) उपधारा ३(क) बमोजिमको प्रस्ताव पेस गर्ने निर्णय मन्त्रिपरिषद्ले गर्नेछ र यस्तो प्रस्ताव व्यवस्थापिका-संसद्समक्ष पेस गरिनेछ।'*

राजाको जन्मदिनमा आयोजित भोज प्रधानमन्त्री, सभामुख, शीर्ष नेताहरू तथा आमलोकतन्त्रका हिमायती व्यक्ति र संस्थाहरूले बहिष्कार गरेर गतिलो पाठ सिकाएका छन्। दरबारिया सहयोग र प्रायोजनमा अनेकौं अज्ञात समूहहरू तराईमा संविधानसभाको चुनाव बिथोल्ने षड्यन्त्रमा तल्लिन छन्। राजधानीमै अज्ञात समूहहरूले हत्याको शृङ्खला बढाइरहेका छन्।

यस्तो अवस्थामा राजा र उनका छोरा-नातिले गद्दीत्याग गर्ने अपेक्षा गर्नुभन्दा गद्दीच्यूत गर्नैपर्ने नै पूर्वाधार खडा भइरहेको छ। यो तथ्य आत्मसात् नगरी 'बेबी किङ', वा 'माइनर किङ' को भ्रममा रहिरहने हो भने राजावादीहरूले संविधानसभाको चुनाव बिथोल्न ठूलो रक्तपात मच्चाउनसक्ने खतरालाई उपेक्षा गर्न मिल्दैन। संविधानसभाको चुनाव बिथोल्दा त्यसले राजतन्त्रको भविष्य निर्धारण गर्ने राजनीतिक सहमति पनि बिथोलिन जान्छ। यस कुरामा शीर्ष नेतृत्व, मन्त्रिपरिषद् र व्यवस्थापिका-संसद् र आम जनसमुदाय गम्भीर बन्नु आवश्यक छ। ■

# बेलायती गोर्खा सेनाको आन्दोलन

**' हेमराज राई**

अहिले बेलायती गोर्खा भूतपूर्व सैनिकहरू न्याय र समानताका मागहरू अघि सारेर सङ्घर्षमा छन्। उनीहरूले यो सङ्घर्षलाई नेपाल र संयुक्त अधिराज्य दुवै देशहरूमा चलाइरहेका छन्। यी देशहरूका सडक र न्यायालयहरूमा आफ्नो सङ्घर्षलाई केन्द्रित गरेका छन् र दुवै देशका विधायकहरूबीच प्रभाव फैलाउँदै गतिविधि बढाइरहेका छन्।

यो आन्दोलन सुरु भएको करिब डेढ दशक भइसकेको छ र अहिले यसले अन्तर्राष्ट्रिय क्षेत्रमा अधिकारवादीहरू, न्यायप्रेमी जनसमुदाय र सङ्घसंस्थाहरू अनि राजनीतिक दल, बुद्धिजीवी, पत्रकार र न्यायिक क्षेत्रसमेतले गोर्खा भूतपूर्व सैनिकले उठाएका मागहरूप्रति आ-आफ्नै तरिकाले समर्थन र ऐक्यबद्धता जनाइसकेका छन्। यस्तो व्यापक समर्थनका साथ गोर्खा भूतपूर्व सैनिकहरूले सडक, न्यायालय, संसद् र अन्तर्राष्ट्रिय मञ्चहरूमार्फत दबाब सिर्जना गरिरहेकाले आन्दोलनले पनि एकपछि अर्को सफलता पनि प्राप्त गरिरहेको छ। दोस्रो विश्वयुद्धका जापानी युद्धबन्दी गोर्खा सैनिकहरूलाई क्षतिपूर्ति दिनुपर्ने र गोर्खा सैनिकका पेन्सनलगायत अन्य मागहरूबारे बेलायती रक्षा मन्त्रालयले गोर्खा भूतपूर्व सैनिक सङ्घ (गेसो) सँग वार्ता गर्नुपर्ने भनी बेलायतको उच्च न्यायालयले गरेको फैसला यस आन्दोलनको सफलताका उदाहरणहरू हुन्। त्यति मात्र होइन, आन्दोलनको चौतर्फी दबाबका कारण बेलायती सरकार गोर्खा सैनिकका सेवा र सर्तहरूका बारेमा नयाँनयाँ घोषणा गर्न बाध्य भएको छ भने अहिले आएर समान कामका लागि समान ज्याला पाउनुपर्ने भनी गोर्खा भूतपूर्व सैनिकहरूले अगाडि सारेको मागलाई स्वीकार गर्न बाध्य पनि भएको छ। पछिल्लो समयमा बेलायती रक्षा मन्त्रालयले प्रेससमक्ष 'ई. १९९७ पछिका अवकाशप्राप्त गोर्खा सैनिकहरूलाई ...' भन्दै समान पेन्सन पाउने र बेलायती कानुनबमोजिम नागरिकता पनि खुला हुने भनी जुन कुरा भनियो, त्यसको सार बेलायती नागरिकसरह गोर्खा सैनिकहरूले पनि समान पारिश्रमिक, पेन्सन र सुविधाहरू पाउनुपर्छ भनी गोर्खा भूतपूर्व सैनिकहरूले अघि सारेको मागलाई नै स्वीकार गर्नु हो। त्यसैले भन्न सकिन्छ, गोर्खा भूतपूर्व सैनिकका मागहरू जायज छन् र उनीहरूले ती प्राप्त गरिछाड्नेछन्।

वि.सं. २०४६/०४७ को संयुक्त जनआन्दोलनले निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको स्थापना भएपछि देशमा राजनीतिक दलहरूको गतिविधि तीव्र बन्नुका साथै विभिन्न जातीय, भाषिक, धार्मिक, वर्गीय, लिङ्गीय र पेसागत जनसमुदायहरूको भेला, छलफल आदि पनि तीव्र बने। यस्ता भेला र छलफलहरूबाट उनीहरूले आफ्ना सामूहिक समस्याहरू पहिल्याउने र ती समस्याहरू समाधान गर्न अनि आफ्नो सामूहिक हकहित र प्रगतिका निम्ति सङ्गठित रूपमा अघि बढ्न विभिन्न सङ्घसंस्थाहरूको निर्माण गर्ने कामहरू हुन थाले। यसैक्रममा नेपालका भूतपूर्व सैनिकहरू पनि विभिन्न भेला र छलफलहरूमा जुट्न थाले। धेरै सङ्गठनहरू पनि बन्न थाले। नेपालका भूतपूर्व सैनिकहरूमध्ये बेलायती गोर्खा भूतपूर्व सैनिकहरू आफ्नो बेग्लै पहिचान र समस्याहरू भएका कारण बेग्लै भेला र छलफलमा जुट्नु स्वाभाविक थियो। उनीहरूको यस्तै भेला र छलफलहरूबाट आफ्ना समस्याहरू पहिचान गर्दै आफ्नै स्वतन्त्र सङ्गठन बनाउने निर्णयका साथ गोर्खा भूतपूर्व सैनिक सङ्घ (गेसो) को समेत गठन गरे। त्यही गोसोले अघि सारेको समानता र स्वाभिमानका मागहरूमा अघि बढेको आन्दोलन नै अहिले बेलायती गोर्खा भूतपूर्व सैनिकहरूको आन्दोलनको रूपमा चर्चित भइरहेछ।

बेलायती सेनामा नेपालीहरूको भर्ती ई. १८१४-१६ को नेपाल-अङ्ग्रेज युद्धको परिणाम थियो। त्यस युद्धमा नेपाली सैनिकहरूको नीडरता, युद्धकौशल, वीरता र सैनिक सौर्यताबाट अत्यन्तै प्रभावित भएका छन्। अङ्ग्रेज फौजका कमान्डर अफिसरहरू नेपालीहरूलाई आफ्नो फौजमा सामेल गराउन लालायित बने। अनि, युद्धमोर्चामा पराजित भएका नेपाली फौजलाई घेराबन्दी गरी नेपाली सैनिक कमान्डर अफिसरहरूलाई सम्झौता गर्न बाध्य पारी नेपालीलाई अङ्ग्रेज फौजमा भर्ती गर्न अनुमति प्राप्त गरे। त्यही बाध्यकारी परिस्थिति पारेर अनुमति प्राप्त गरेपछि जनरल अक्टरलोनीले कम्पनी सरकारसँग स्वीकृति लिई युद्धबन्दी नेपाली सेनासमेतलाई लिई नेपाल-अङ्ग्रेज युद्ध चलिरहेकै अवधि सन् १८१५ मा मलाउ क्षेत्रमा प्रथम र

द्वितीय नेर्सरी र सिरमोर बटालियन गरी जम्मा तीन बटालियन नेपाली फौजको गठन गरे। यसरी गोर्खा भर्ती सुरु भयो र आजसम्म जारी रहेको छ।

सुरुमा गोर्खा भर्तीप्रति नेपालका सरकारबाट नकारात्मक व्यवहार गरिए पनि पछि आएर आफ्नो निरङ्कुशसत्ता जोगाउन राणा शासकहरूले अङ्ग्रेज खुसी बनाई उनीहरूको समर्थन पाउन गोर्खा भर्तीलाई माध्यम बनाए। त्यही क्रममा राणा शासकहरूले गोर्खा भर्तीलाई व्यवस्थित गर्न इस्तिहार जारी गर्ने, एजेन्टहरूलाई देशका विभिन्न भागहरूमा जान दिने र रेक्रुटेहरूका लागि नेपाली जवान सङ्कलन गर्न आफ्नैतर्फबाट पनि मान्छे खटाउनेसमेतका कामहरू गरे। गोर्खा भर्तीका बारेमा नेपाल र अङ्ग्रेजबीच औपचारिक कुनै व्यवस्था नै नभई सुरु भएको गोर्खा भर्ती राणा शासक र अङ्ग्रेज दुवैको स्वार्थ पूरा गर्ने माध्यम बन्यो। अङ्ग्रेज आफ्नो विश्वसाम्राज्य कायम राख्न बहादुर गोर्खा सेनाको मनलाग्दो प्रयोग गर्न चाहन्थे र राणा शासकहरू गोर्खा जवानहरू अङ्ग्रेजलाई मनलाग्दो प्रयोग गर्न दिएर अङ्ग्रेजबाट आफ्ना लागि राजनीतिक समर्थन, सम्पत्ति र ऐसआराम प्राप्त गर्दथे। यही दुवै पक्षको स्वार्थ पूरा गर्ने माध्यम बनेको गोर्खा भर्ती नै नेपाल र भारतबीचको सुमधुर सम्बन्धको कडी बन्यो। यही सम्बन्धले प्रथम तथा दोस्रो विश्वयुद्धहरूमा लाखौँ गोर्खालीहरू सहभागी बन्नु पर्‍यो, पचासौँ हजारले ज्यान गुमाउनुपर्‍यो र लाखौँको अङ्गभङ्ग हुनुपर्‍यो भने हजारौँहरू बेपत्ता बन्नुपर्‍यो। सन् १८१५ देखि सुरु भएको गोर्खा भर्ती सन् १९४७ नोभेम्बर ९ मा आएर नेपाल-अङ्ग्रेज र भारतबीच त्रिपक्षीय सन्धि भई बेलायती गोर्खा र भारतीय गोर्खाका रूपमा दुई देशबीच अंशबण्डा गरी निरन्तरता पाइरहेको छ। यसो भनौँ, सन् १८१५ देखि सुरु भएको गोर्खा भर्ती १ सय ३७ वर्षसम्म बिनावैधानिक व्यवस्था सञ्चालन भएर ई. १९४७ देखि सन्धिमार्फत व्यवस्थित भयो। सन् १९४७ मा भारत अङ्ग्रेजको औपनिवेसिकताबाट मुक्त भइरहेथ्यो भने नेपालमा निरङ्कुश राणा शासनका विरुद्ध उठिरहेको नेपाली जनताको राजनीतिक जागरण र सङ्घर्षबाट राणा शासकहरू आफ्नो सत्ता अन्त्य हुने डरले आतङ्कित बनेका थिए र सत्ता जोगाउन राणाहरू भारतीय र बेलायती शक्तिको आशीर्वाद खोजिरहेका थिए। यस्तो परिस्थितिमा भएको गोर्खा भर्तीसम्बन्धी त्रिपक्षीय सन्धि फेरि नेपाल, भारत र बेलायतबीचको सुमधुर सम्बन्धको कडीका रूपमा स्वीकार गरियो। सन् १९४७ नोभेम्बर ९ मा भएको त्रिपक्षीय सन्धिको परिशिष्ट बनाएर भारत र बेलायतबीच सन् १९४७ नोभेम्बर ७ मा गोर्खा पल्टनको बाँडफाँट र सेवासर्तबारे भएको सन्धिलाई समेत समावेश गरिएको जुन परिशिष्ट नै बेलायती गोर्खा सैनिकहरूलाई भेदभाव गर्ने बेलायती सरकारको आधार बनेको छ। सन् १९४७ को त्रिपक्षीय सन्धिबाट नै आजसम्म गोर्खा भर्तीले निरन्तरता र वैधानिकता प्राप्त गरिरहेको छ।

बेलायती गोर्खा भूतपूर्व सैनिकहरूले उठाएका सवालहरू अत्यन्तै महत्त्वका छन्। गहिराइमा पुगेर विचार गर्ने हो भने ती सवालहरू अत्यन्तै मर्मस्पर्शी समेत छन्। जनताप्रति गैरजिम्मेवार सरकार (सत्ता, शासन) हुँदा जनता कसरी अस्तित्वहीन र पीडित-दुःखित बन्न पुग्छन् भन्ने कुराको राम्रो उदाहरण नै हो सैनिकहरूले भोगेको इतिहास।

पहिलो कुरा त आफ्नो शासन जोगाउनका लागि राणा शासकहरूबाट गोर्खा भर्तीका निम्ति जारी इस्तिहार र रेक्रुट सङ्कलनको व्यवस्था तत्कालीन सन्दर्भमा नेपालीका लागि बाध्यकारी आदेश थियो। त्यसैले नेपाली जवानका लागि गोर्खा भर्ती बाध्यकारी भर्ती बनेको थियो। भर्ती बाध्यकारी भएपछि भर्ती हुनेहरूमाथि भर्ती गर्नेहरूको मनपरी चल्ने त स्वाभाविक थियो। अझ दुई देशबीच औपचारिक व्यवस्थासमेत नगरी अङ्ग्रेज खुसी पार्न उपलब्ध गराइएको गोर्खा जवानहरूप्रति अङ्ग्रेजद्वारा मनलाग्दी व्यवहार हुनु स्वाभाविक थियो। बेलायती सैनिक सेवामा गोर्खाली जवानहरूलाई अभिभावकविहीन दासका रूपमा राणा शासकहरूले पठाउने परम्पराको सुरुआत गरेका थिए। त्यसैले प्रथम र दोस्रो विश्वयुद्धमा भाग लिएका गोर्खा सैनिकमध्ये कतिले मृत्युवरण गरे, कतिको अङ्गभङ्ग भयो, कति बेपत्ता भए आदिको कुनै विवरण राखिएन मात्र होइन, बाँचेर फर्केका गोर्खा सैनिकहरूलाई पनि बिनापारिश्रमिक, बिनापेन्सन घर पठाइयो, मृतकका परिवारलाई न खबर गरियो, न क्षतिपूर्ति र बेपत्ता भएका सैनिकका परिवारलाई बिनासूचना, बिनाजीवनवृत्ति प्रतीक्षारत बनाई ल्याइयो। कति हृदयविदारक र मर्मस्पर्शी छ गोर्खा सैनिकको इतिहास। यस हृदयविदारक यथार्थतालाई, गोर्खा सैनिकले भोगेको ऐतिहासिक पीडालाई विश्वसामु उद्घाटित गरेको छ गोर्खा भूतपूर्व सैनिक सङ्घ (गेसो) र सञ्चालन भइरहेको आन्दोलनले। यस्तो व्यवहार प्रथम तथा दोस्रो विश्वयुद्धहरूमा मात्र होइन, सन् १९४७ को सन्धिपश्चात् भएको मलाया, बोर्लियो र फोकल्यान्डको युद्धमा सहभागी गोर्खा सैनिकहरूलाई समेत गरियो। आज यही सवालहरूको क्षतिपूर्ति गोर्खा सैनिकहरू उठाइरहेका छन्। अङ्ग्रेजले गोर्खा सेनामाथि गरेको अन्यायको क्षतिपूर्तिको माग उठाइरहेका छन्।

गोर्खा भूपू सैनिकहरूले उठाएको दोस्रो सवाल भनेको बेलायती सरकारले गोर्खा सेनामाथि गरेको भेदभाव र असमान व्यवहारविरुद्धको सवाल हो। समान कामका लागि समान पारिश्रमिक दिइनुपर्छ भन्ने विश्वमान्य अवधारणाविपरीत बेलायतले आफ्नो सैनिक सेवामा कार्यरत गोर्खालीहरूलाई त्यही सेवामा कार्यरत बेलायती नागरिकको दाँजोमा अत्यन्तै न्यून पारिश्रमिक दिई चरम भेदभाव गरिरहेको छ। एउटै पदमा रहेका बेलायती नागरिकले भन्दा गोर्खा सैनिकलाई पद हेरि छ गुणादेखि १० गुणा कम पारिश्रमिक र पेन्सन दिने गरिएको छ। यस्तो चरम भेदभाव र करिब दुई शताब्दीकालअघिदेखि आजसम्म जारी छ। यस्तो भेदभाव र असमानताका विरुद्ध आन्दोलन अघि बढाएकाले नै गोर्खा भूपू सैनिकहरूको आन्दोलनलाई न्याय र समानताको आन्दोलन भन्ने गरिन्छ। यस चरम भेदभावको सत्यततालाई विश्वसामु उद्घाटित गर्‍यो यस आन्दोलनले। सबै किसिमका असमानता र भेदभावको अन्त्य गर्दै सबै क्षेत्रमा समानता कायम गरिनुपर्ने विश्व मान्यताविपरीत बेलायत सरकारले गोर्खा सैनिकमाथि गरिरहेको चरम भेदभावको आज विश्वभर विरोध सुरु भएको छ र बेलायती नागरिक स्वयम् यस विरोधमा सामेल भइरहेछन्।

तेस्रो सवालका रूपमा अवकाशप्राप्त गोर्खा सैनिकहरूले बेलायत र यसका राष्ट्रमण्डल देशहरूमा आवतजावत गर्न र काम गर्न अनुमति प्राप्त गर्नुपर्ने अधिकारलाई उठाइएको छ। आज गोर्खा सेनाहरू आफ्नो जीवनको महत्त्वपूर्ण ऊर्जाशील जीवन बेलायतको सुरक्षा र शान्ति सुव्यवस्थामा अर्पित

गर्छन् तर जब उनीहरू अवकाश प्राप्त गर्छन्, तब आफूले सेवा गरेको राष्ट्रमा नै घुमफिर गर्न पाउँदैनन् । यो कस्तो विडम्बना, देशको राष्ट्रिय सेनाको सदस्यले अवकाश पाएपछि त्यो देशमा प्रवेश पाउँदैन । यस्तो विडम्बनाभित्र गोर्खा सेना रहेका छन् । यस विडम्बनाको अन्त्य गरिनुपर्छ भन्ने माग गोर्खा भूतपूर्व सैनिकहरूको हो । १ सय ८२ वर्ष अघिदेखि वफादार सैनिकका रूपमा गोर्खा सेनाले बेलायतको सीमाको सुरक्षा गऱ्यो, युद्धहरूमा विजयी बनायो र बेलायतको इज्जत-प्रतिष्ठालाई सधैँ उच्च र सम्मानित बनाइराख्यो । यी गौरवपूर्ण र ऐतिहासिक कामहरू गरेबापत पनि बेलायतले अवकाशप्राप्त गोर्खा सेनाहरूलाई बेलायतमा आवतजावत गर्न र काम गर्न अनुमति दिनुपर्छ भन्ने गोर्खा सेनाको हकदावीसमेत हो । आज आफ्नो परिवार पाल्न र सन्तानको लालनपालन अनि शिक्षादीक्षाका लागि खर्च जुटाउन काम खोज्दै विदेश जान बाध्य रहेका भूतपूर्व गोर्खा सेनाहरू त्यो कामका लागि बेलायत किन जान नपाउने भन्ने प्रश्न उनीहरू उठाइरहेका छन्। बेलायती गोर्खा भूतपूर्व सैनिकहरूले बेलायत जान र काम गर्न पाउनुपर्छ भनी उठाएको सवाल ज्यादै सामयिक र जायज छ ।

चौथो सवाल गोर्खा सेनाका सन्तानहरूको शिक्षा र रोजगारीसँग सम्बन्धित छ । अङ्ग्रेजका पल्टनहरू रहेको विदेशी ठाउँहरूमा जन्मने र प्रारम्भिक शिक्षा प्राप्त गरी हुर्कने गोर्खा सेनाका सन्तानहरू नेपाल फर्कंदा बानी बेहोरा, रहनसहन र चालचलनले नेपाली समाजभन्दा पृथक् भएका हुन्छन् । जसको कारण उनीहरू अन्योलग्रस्त बन्छन्। उनीहरूको उमेर कलिलै भएकाले भोग्नुपरेको फरकपनलाई सजिलै पचाउन पनि सकिरहेका हुन्नन्, जसको परिणति उनीहरूमा निराशा, पलायन र अधोगति सुरु भई बर्बादीतिर जाकिन पुग्छन् । आज अधिकांश गोर्खा सेनाका सन्तान समस्यामूलक बन्नुमा यही परिस्थिति जिम्मेवार छ। यस स्थितिले एउटा पुस्ता बिग्रिरहेको छ र जातिगत असन्तुलन देखापरिरहेको छ। यस पक्षलाई ध्यान दिएर गोर्खा सेनाका सन्ततिको शिक्षा र रोजगारीको सवाललाई गम्भीरतापूर्वक उठाइएको छ। हरेक सरकारको कर्तव्य पनि हो कि आफ्नो राष्ट्रिय सेनामा संलग्न जवानहरूको परिवार र सन्तानको पालनपोषण, स्वास्थ्य, शिक्षा र रोजगारको सुप्रबन्ध गर्नु । तर, बेलायत सरकारले माध्यमिक तहको शिक्षा उपलब्ध गराउने व्यवस्था गरे पनि उच्च शिक्षा र रोजगारीको प्रबन्ध भने गरेको छैन । त्यसैले आफ्नो राष्ट्रिय सेनाको रूपमा रहेको गोर्खा सैनिकका सन्ततिका निम्ति शिक्षा र रोजगारको समुचित व्यवस्था गरिनुपर्ने माग अस्वाभाविक छैन ।

यसरी गोर्खा भूतपूर्व सैनिकहरूले उठाएका सवालहरू इतिहासका गल्तीहरूलाई सच्याउने, उनीहरूमाथि विगतमा गरिएका अन्यायहरूको लेखाजोखा गर्दै राहत प्रदान गर्ने अनि वर्तमानमा न्याय, समानता र स्वाभिमानपूर्ण स्थितिको निर्माण गर्दै नयाँ सुरुआत गर्ने विषयहरू रहेका छन् । त्यसैले यो सवाल गोर्खा भूतपूर्व सैनिकहरूको आन्दोलनको सवाल मात्र नभएर नेपाल र बेलायत दुवै राज्यले गम्भीरतापूर्वक ग्रहण गर्ने विषयहरू हुन् । एउटा दुःखको विषय यहाँ उठाउनैपर्छ, जसरी विगतमा निरङ्कुश राणा शासकहरूले आफ्नो सत्ता स्वार्थका निम्ति गोर्खा जवानहरूलाई नोकरका रूपमा बिनाअभिभावकत्व अङ्ग्रेजसमक्ष सुम्पिए, आज गोर्खा भर्ती सुरु भएको १ सय ८२ वर्षपछि लोकतान्त्रिक सरकार भएको समयमा पनि गोर्खा सैनिकहरूले नेपाल सरकारबाट अभिभावकत्व पाउन सकिरहेका छैनन् । यहाँ एउटा दुःखद कुरा उठाउनैपर्छ-बेलायतको उच्च न्यायालयमा समान पारिश्रमिक र पेन्सनबारे गेसोले गरेको मुद्दाबारे फैसला गर्ने क्रममा स्पष्ट रूपमा उच्च न्यायालयले उल्लेख गऱ्यो- '...जहाँसम्म पारिश्रमिक पेन्सन र सेवासुविधासँग सम्बन्धित प्रश्न छ, गोर्खाहरूको सन्दर्भमा आफ्नो नागरिकका लागि सरकारले बढी सरोकार राख्नुपर्ने हो तर यसबारे नेपालको सरकारले त्यस्तो कुनै सरोकार राखेको पाइएन ....।' यस फैसलाको बुँदाले नेपालको प्रजातान्त्रिक सरकार आफ्नो नागरिकप्रति कति गैरजिम्मेवार भएर रहेको छ भन्ने कुरा प्रस्ट छ । कतिपय पक्षहरू परिवर्तन भए पनि गोर्खा सैनिकहरूप्रति अभिभावकत्व प्रदान गर्ने सन्दर्भमा वीरशमशेरको सोच र वर्तमान सरकारको सोचमा तात्विक भिन्नता रहेको छैन भन्दा बढी नहोला ।

अहिले गोर्खा भूतपूर्व सैनिकहरूका मागहरूका सम्बन्धमा बेलायत सरकार नयाँ ढङ्गले व्यवस्था गर्ने तयारीमा छ भन्ने धेरै सङ्केतहरू आएका छन् । यसबेला नेपालको सरकार र जिम्मेवार राजनीतिक दलहरूले गोर्खा सेनाका सेवासर्तहरू सम्बन्धमा आफ्नो दृष्टिकोण प्रस्ट पार्नु आवश्यक छ । तर, पार्टीहरूले यसबारे आफ्नो दृष्टिकोण अघि ल्याइराखेका छन् । गोर्खा भूतपूर्व सैनिकका प्रतिनिधिहरूले पार्टी नेतासमक्ष आफ्ना कुरा राख्दा वा गोष्ठीहरूमा बोल्दा मौखिक समर्थन जनाउन सिवाय आधिकारिक निर्णय बाहिर ल्याएका छैनन् । यस सम्बन्धमा नेपालको प्रतिनिधिसभाको परराष्ट्र मामिला तथा मानव अधिकार समितिले प्रतिनिधिसभाको बैठकमा पेस गरेको प्रतिवेदन र प्रस्तावहरूसमेतलाई सरकारले स्वीकार्ने र त्यसैका आधारमा सरकारी दृष्टिकोण अघि ल्याउने आँट समेत गरिरहेको छैन । यहाँ एउटा कुरा उल्लेख गर्नैपर्छ कि गोर्खा भूतपूर्व सैनिकहरूले अगाडि सारेका मागहरूको समर्थनमा नेपाली प्रतिनिधिसभामा विशेष समय लिएर कुरा उठाउने पहिलो राजनेता नेकपा (एमाले) का तत्कालीन अध्यक्ष तथा प्रमुख विपक्षी दलका नेता कमरेड मनमोहन अधिकारी हुनुहुन्थ्यो । उहाँको त्यस प्रस्तुतिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा निकै ठूलो दबाब सिर्जना गरिदियो । त्यस्तै-त्यस्तै अर्को यथार्थता पनि के हो भने बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका मागहरू र आन्दोलनप्रति आधिकारिक रूपमा समर्थन जनाउँदै ऐक्यबद्धता जाहेर गर्ने राजनीतिक दलहरूमा नेकपा (एमाले) नै एक मात्र भएको छ । नेकपा (एमाले) केन्द्रीय कार्यालय र केन्द्रीय भूतपूर्व सैनिक विभागद्वारा यस सम्बन्धमा पटकपटक प्रेस विज्ञप्ति जारी गरेको छ भने गत ०६३ भदौमा सम्पन्न भएको नेकपा (एमाले) केन्द्रीय कमिटीको बाह्रौँ बैठकले यस सम्बन्धमा '...बेलायती गोर्खा भूतपूर्व सैनिकहरूले अघि सारेका मागहरू जायज छन् । .... उक्त मागहरू पूरा गराउन नेपाल सरकारले तत्काल आवश्यक पाइला चालोस् भनी यो बैठक माग गर्दछ' भन्ने प्रस्ताव नै निर्णय गरी सार्वजनिक गरेको छ । तर, नेपाली जनताको यस्तो न्यायपूर्ण माग र आन्दोलनको पक्षमा देशका अन्य राजनीतिक दलहरूका तर्फबाट किन आधिकारिक दृष्टिकोण आइरहेको छैन, यो अचम्मलाग्दो विषय भएको छ ।

जेहोस्, बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका समस्याहरू यो देशको राष्ट्रिय समस्याका रूपमा बुझ्निनु आवश्यक छ । त्यसैले यस सम्बन्धमा सबै राजनीतिक दलहरूले साझा दृष्टिकोण बनाउनैपर्छ । त्यति मात्र होइन, अब गोर्खा सेनाहरूलाई अभिभावकत्व प्रदान गर्ने सन्दर्भमा नेपाल सरकारले गम्भीरतापूर्वक लाग्नैपर्छ । त्यसैले, गोर्खा सेनाहरूमाथि बेलायत सरकारबाट भइरहेको चरम भेदभावको अन्त्य गर्दै समानता र स्वाभिमान कायम गर्न र इतिहासमा भएका अन्यायप्रति उनीहरूका सन्ततिलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारले सार्वजनिक प्रतिबद्धता जाहेर गर्दै अविलम्ब कूटनीतिक कदम अघि बढाउनैपर्छ । बेलायती गोर्खा भूतपूर्व सैनिकहरूका जायज मागहरूका पक्षमा आज विश्वजनमत र बेलायती नागरिक स्वयम् सक्रिय बनिरहेको सन्दर्भमा नेपालका राजनीतिक दलहरू, नागरिक समाज, बौद्धिक र न्यायिक क्षेत्र अनि अधिकारवादी संस्थाहरू सबैले आफ्नो पहल अघि

बढाउन आवश्यक छ । सदियौँदेखिको गोर्खा सेनाहरूमाथि भएको चरम भेदभावको अन्त्य गर्दै समानता र स्वाभिमानको नयाँ सम्बन्ध निर्माण गर्न आवश्यक छ ।

# हामी पुष्पलाललाई किन सम्झन्छौँ ?

**' गोविन्द ज्ञवाली**

पुष्पलाल समकालीन नेपाली इतिहासका एक प्रतिनिधि चिन्तक हुनुहुन्छ । पुष्पलालका सामाजिक जीवनका विभिन्न पक्षहरूमा प्रवेश गरेर आकार नलिँदासम्म नेपाली जनताले युगौँदेखि भोग्नुपरेका समस्याहरू कहिले समाधान हुन नसक्ने समस्याका रूपमा प्रतिविम्बित हुन्थे र लाग्दथ्यो- यी हाम्रा एक प्रकारका नियति हुन् । प्राकृतिक रूपमा सम्पन्न भए तापनि हामीहरू गरिब थियौँ । गरिबी हाम्रो समस्या थियो । विश्वभरमा नै अत्यन्त पराक्रमी, शूर र वीरको रूपमा परिचित भए पनि हामीहरू शोषित थियौँ । शोषण हाम्रो समस्या थियो । औपनिवेशिक दासताका बन्धनहरूमा कहिले पनि बाँधिन नपरे तापनि हाम्रो समग्र राष्ट्रले राष्ट्रिय उत्पीडनका समस्याहरू भोग्नुपरेको थियो । प्रथम र द्वितीय विश्वयुद्धजस्ता भयावह युद्धहरूमा हाम्रो आफ्नो कुनै प्रकारको संलग्नता नहुँदा नहुँदै पनि हामीहरूले ठूलो मानवीय क्षति बेहोर्नुपरेको थियो । नेपाली जातिको रूपमा हामीहरू सङ्गठित भए पनि हाम्राबीचमा विभिन्न जाति, भाषा, धर्म र सम्प्रदायका विविधताका साथै तराई, पहाड र हिमाली क्षेत्रका क्षेत्रगत विविधता कायम थिए । तिनीहरूका बीचमा स्वतन्त्रता, समानता र भ्रातृत्वको सन्देश र व्यवहार पुर्‍याउन आवश्यक थियो । सर्वप्रथम पुष्पलालले यी समस्याहरूलाई पहिचान गर्नुभयो र त्यसको समाधानका उपायहरू पहिल्याउनुभयो । यी उपायहरूलाई व्यवहारमा उतार्नका लागि सङ्गठित र सचेतन प्रयत्नको आवश्यकता थियो- यस कामका लागि पुष्पलालले आफ्नो सानो उमेर अर्थात् २४ वर्षको उमेरमा नै नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्नुभयो र उहाँ यस पार्टीका संस्थापक महासचिव हुनुहुन्थ्यो ।

समकालीन नेपाली इतिहासमा पुष्पलालको अरूको भन्दा अलिकति बेग्लै ढङ्गको विशिष्ट योगदान छ । पुष्पलालले जुन बेलादेखि सोच्न र आफ्ना विचारहरूलाई आकार दिन सुरु गर्नुभयो, त्यसबेला हाम्रो समाजमा गतिहीन सामन्ती व्यवस्था थियो । त्यसलाई विश्व साम्राज्यवादी शक्तिको भरपूर आडभरोसा र समर्थन थियो । त्यस व्यवस्थाको केन्द्रभागमा निरङ्कुश शासकहरूका रूपमा राणा खलक थिए । मध्ययुगीन कालरात्रिको शब्दविहीन अन्धकार सर्वत्र फिजिएको थियो । यसै अन्धकारमय कालरात्रिमा एकाङ्की विचरण गर्ने कल्पित लोककथाका प्रेतात्माहरू जस्तै त्यसबेलाका शासकहरू निकै भयावह र कष्टप्रद प्रतीत हुन्थे । उनीहरूको निर्मम हत्या र वंशविनाशबाहेक यसबेलाका भय र कष्टहरूको कुनै नयाँ निकास देखापर्दैनथ्यो । हृदय परिवर्तनका यावत् धार्मिक प्रयत्नहरू एकपछि अर्को गर्दै प्रभावहीन भइसकेका थिए ।

नवीनतालाई देख्न, सुन्न र अनुभव गर्न नेपालदेखि धेरै टाढाको समुद्र किनारसम्म पुग्न पर्दथ्यो । पुष्पलालका सहोदर दाजु गङ्गालाल बालककालमा नै आफ्ना काका शङ्करलालसँग यस्तै समुद्र किनारको महानगरी कलकत्तामा पुग्नुभएको थियो । तीन वर्षसम्मको आफ्नो प्राथमिक शिक्षासमेत त्यहीको एक शिक्षण संस्थामा लिनुभएको थियो । कलकत्ताबाट फर्केपछि गङ्गालालले पुष्पलाललाई विश्वमा बदलिँदै गएका गतिशील समाजका नयाँ सन्देशहरू सुनाउनु भयो । यी सन्देशहरूमा नयाँ युगको चिन्तन थियो, त्यसका निम्ति आवश्यक उद्देश्य र लक्ष्यहरू थिए, कुनै पनि हतियारभन्दा शक्तिशाली ओजस्वी सङ्कल्पहरू थिए, त्यसै अनुरूपका प्रेरणाहरू थिए । गङ्गालालले पुष्पलालाई यी सबै सन्देशहरू सुनाउनु मात्र भएन, ती सबै सन्देशहरूलाई कार्यरूपमा सिर्जनात्मक सोचका साथ प्रयोग गरेर देखाउनु पनि भयो । आफ्नो महान् उद्देश्यका लागि हाँसीहाँसी मृत्युलाई वरण गर्ने काममा कुनै पनि प्रकारको भय, आशङ्का र हिचकिचाहट नभएका गङ्गालालले मृत्यु निश्चित भइसकेपछिको अन्तिम भेटमा समेत आफ्नो प्रेरणाप्रद सन्देशलाई सदर सेन्ट्रल जेलबाहिर पुष्पलालसमक्ष ससम्बोधन यसरी प्रस्तुत गर्नुभएको थियो- 'माहिला भाइ, यस जन्मभूमिमा प्रजातन्त्रको स्थापनाका लागि मैले बालेर गएको सानो दीयोलाई तिमीले प्रज्ज्वलित गरी नेपालका कुनाकाप्चामा समेत पुर्‍याउनेछौ । लगनशीलताका साथ क्रान्तिकारी गतिविधिलाई अगाडि बढाई राणाशाहीलाई ढाल्नुपर्छ । म त जानै लागेको छु । अधुरो कामलाई तिमीले जसरी भए पनि सम्पन्न गर्नुपर्दछ ।' यसको भोलिपल्ट शोभाभगवतीमा अमर सहिद गङ्गालालको चितालाई प्रज्ज्वलित गर्नुभन्दा पहिले त्यस चिताका अगाडि श्रद्धाञ्जलीस्वरूप नतमस्तक हुँदै पुष्पलालले आफ्नो ओजस्वी सङ्कल्पलाई यसरी प्रस्तुत गर्नुभएको थियो- 'जबसम्म देशबाट राणाशाहीको अन्त हुने छैन, जबसम्म नेपालका दलित, शोषित, पीडित जनताले शासन अधिकार पाउने छैनन्, तबसम्म सङ्घर्ष क्षेत्रमा डटिरहनेछु र आफ्नो जीवन देश र जनताका निम्ति समर्पित गर्नेछु ।'

अहिले पढ्दा र सुन्दा पनि आश्चर्य लाग्ने यी घटनाहरूको भावभूमि महान् त्याग र उत्सर्गको भावभूमि थियो । त्यस भावभूमिमा ऐश्वर्य र भोगलिप्सालाई कतै पनि स्थान थिएन । यिनै आधारहरूमा पुष्पलालका विचारहरूले आकार लिए ।

असम्भव र नियतिका रूपमा ठानिएका समस्याहरूको रहस्योद्घाटन हुँदै गयो । समस्याको सही पहिचान हुँदै गयो । समाधानका बाटाहरू खुल्दै गए ।

समस्याको पहिचान समाधानका उपायहरूलाई निश्चित गर्ने काममा पुष्पलालले सुप्रसिद्ध वैज्ञानिक दृष्टिकोण मार्क्सवादी विश्व दृष्टिकोणलाई आत्मसात् गर्नुभयो । यस विश्व दृष्टिकोणका आधारमा विभिन्न देशका मार्क्सवादी दार्शनिकहरूले आ-आफ्नो देशका समस्याहरूको कसरी पहिचान गरेर तिनको समाधानका लागि के-कस्ता सिर्जनात्मक सोच र सिद्धान्तहरूको निर्माण गरे भन्ने कुराको गम्भीर विश्लेषण गर्नुभयो । यस विश्लेषणका क्रममा पुष्पलालले देख्नुभयो- इतिहासमा नयाँनयाँ परिस्थिति र नयाँ नयाँ तथ्यहरू प्रकट हुँदै जान्छन् । नयाँ-नयाँ चुनौतीका साथ नयाँ-नयाँ सम्भावनाहरूको जन्म हुन्छ । त्यस अवस्थामा नयाँ सिद्धान्तको थप विकास गर्नु आवश्यक हुन्छ । उदाहरणका लागि-मार्क्सले आफ्ना विचारहरू प्रस्तुत गर्ने बेलासम्म एकाधिकार पुँजीवादले विश्वव्यापी अर्थव्यवस्थामा साम्राज्यवादी चरित्रको समग्र रूप लिइसकेको थिएन । साम्राज्यवादले आफ्नो समग्र रूप लिइसकेपछि आफ्नो शासन र शोषणको विस्तारका लागि आक्रामक युद्धहरूको प्रारम्भ गऱ्यो । त्यसबेला लेनिनले साम्राज्यवादका विरुद्ध सर्वहारा क्रान्तिको युगका नयाँ परिस्थिति र नयाँ तथ्यहरूको उद्घाटन गर्नुभयो, मार्क्सवादको सिर्जनात्मक प्रयोग र त्यसको पुष्टि र पुनःपुष्टिका लागि आफ्नो समयको युगको चरित्र निर्धारण गर्नुभयो । तत्कालीन सोभियत सङ्घको स्थापना, निर्माण र विकास गर्ने सन्दर्भमा उहाँका सैद्धान्तिक व्याख्याहरूको व्यावहारिक प्रयोग भयो । यसरी नै हाम्रो छिमेकी देश चीनको कृषि समाजमा माओत्सेतुङको नेतृत्वमा त्यहाँको कम्युनिस्ट पार्टीले मार्क्सवादको सिर्जनात्मक प्रयोग गऱ्यो । यी र यस्तै अरू पनि अध्ययन एवम् आफ्नै देशको विशिष्ट ऐतिहासिक परिस्थितिको उपजका रूपमा घटिरहेका घटना एवम् परिघटनाहरूका अनुभवहरूका आधारमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका लागि कम्युनिस्ट पार्टीको गठन र त्यसकै प्रकाशमा विभिन्न जनवर्गीय सङ्गठनहरूको निर्माण गरेर संयुक्त जनआन्दोलनको कार्यदिशालाई नेपाली सन्दर्भमा स्थापित गर्नुभयो ।

छरिएको र एकअर्कासँग एक्लिएको गतिहीन कृषि समाजलाई एउटा साझा उद्देश्य प्राप्तिको दिशामा गतिशील गर्नु र त्यसलाई समायोजित गर्दै संयुक्त जनआन्दोलनको रूप दिनु निश्चय पनि कठिन काम थियो । यस काममा पुष्पलाल लाग्नुभयो । इतिहासमा धेरै यस्ता महान् व्यक्तित्व छन्, जसले आफ्नो दूरदृष्टिद्वारा ठम्याएका वास्तविकहरूले उनीहरूको देहावसानपछि मात्रै कार्यरूप लिए । उनीहरूले आफ्नो जीवनमा त्यसलाई यथार्थमा परिणत गर्न निकै प्रयत्नहरू गरे । धेरैपटक असफल पनि भए । तर, असफलताबाट कति पनि विचलित भएनन् । कति पनि निराश भएनन् । आफ्नो काममा निरन्तर लागिरहे । उनीहरूले ठम्याएको सत्य उनीहरूको देहावसानपछि मात्र यथार्थमा परिणत भयो । अनि, उनीहरूले आजीवन भोगेका दुःखकष्ट, उपेक्षा एवम् वंचनाहरूले आत्मगौरव, श्रद्धा र सम्मानको रूप लिए । पुष्पलाल पनि इतिहासका तिनै व्यक्तिमध्येका एक हुनुहुन्छ । उहाँले विश्लेषण एवम् व्याख्या गरेको कार्यदिशाले उहाँले प्रतिपादन गरेको मार्गचित्रका आधारमा व्यावहारिक रूप लियो र यथार्थमा परिणत भयो ।

आज त्यसै आधारमा अगाडि बढ्दै जाँदा राज्यको पुनःसंरचनाका लागि संविधानसभाको निर्वाचनसम्म हामीहरू आइपुगेका छौं र आज हाम्रो देश संविधानसभामय भएको छ । यथार्थमा संविधानसभाको निर्वाचन पाँचपाँच वर्षको अवधिमा हुने प्रतिनिधिसभाको जस्तो आवधिक निर्वाचन होइन र यसबाट निर्मित हुने नीति नियमहरू पनि केही समयसम्मका लागि बन्ने र त्यसपछि छोटो अवधिमा नै बदलिन सक्ने खालका नीति नियमहरू होइनन् । संविधानसभाबाट बन्ने नीति नियम र विधि विधानहरूले एउटा लामो अवधिलाई अर्थात् इतिहासको एउटा युग अथवा एउटा चरणलाई प्रतिनिधित्व गर्दछन् । यसैले यिनीहरूको दूरगामी परिणाम एवम् प्रभाव हुन्छ । त्यस कुरामा अहिले नेपाली जनता सचेत छन् र यस सचेतनालाई व्यापक छलफल, अन्तरक्रिया र विचार विमर्शहरूद्वारा अझै विस्तार गर्नुपर्ने आवश्यकतासमेत रहेको छ । समावेशीकरण र सहभागिताको क्षेत्रलाई खुला एवम् विस्तृत गर्नुपर्ने भएको छ । सबैभन्दा प्रमुख रूपमा सहमतिको राजनीति र राजनीतिक सहकार्यको संस्कृतिलाई समेत भावी संविधानले स्थापित गर्नुपर्नेछ ।

यस अवस्थामा हामीहरूले हिमाल, पहाड, तराई क्षेत्रका यावत् समस्याहरू र सम्भावनाहरूलाई समेट्नुपर्दछ । सम्पूर्ण जाति, भाषा, धर्म, संस्कृति, लिङ्ग र क्षेत्रहरूका बीचका विभेदलाई समाप्त गर्नुपर्दछ । यसका लागि हामी एकअर्कालाई बुझ्ने, एकअर्काका समस्याहरूलाई पहिचान गर्ने र एकअर्कालाई सम्मान गर्ने संयुक्त जनआन्दोलनद्वारा विकसित राजनीतिक सहकार्यको संस्कृतिलाई अहिलेका आठ दलका बीचमा अझै बढी क्रियाशील र सशक्त बनाउन सक्नुपर्छ । यिनै प्रसङ्गहरूबाट नै मार्क्सवादका सैद्धान्तिक प्रस्थापनहरूले सिर्जनात्मक रूप लिनेछन् । यिनै सिर्जनात्मक सोचहरूको विस्तार र सुदृढीकरणका लागि हामीहरूले आज पनि पुष्पलाललाई सम्झन्छौं र भोलि पनि सम्झिरहनेछौं ।

## संविधानसभा निर्वाचन केन्द्रीय परिचालन कमिटी गठन

काठमाडौं । नेकपा (एमाले) को केन्द्रीय कमिटीको पन्ध्रौं बैठकले महासचिव माधवकुमार नेपालको संयोजकत्वमा संविधानसभा निर्वाचन केन्द्रीय परिचालन कमिटी गठन गरेको छ । आगामी मंसिर ६ गते हुने संविधानसभाको चुनावमा पार्टीलाई पूर्ण रूपमा परिचालन गर्न सो कमिटी गठन गरिएको हो ।

सो कमिटीमा स्थायी कमिटीका सदस्यहरू, १६ वटा अञ्चल इन्चार्जहरू, केन्द्रीय निकायका प्रमुखहरू, केन्द्रीय प्रचार, निर्वाचन, सम्पर्क, आर्थिक, संस्कृति, अतिरिक्त क्रियाकलाप, महिला र युवा तथा विद्यार्थी विभागका प्रमुखहरूका साथै जनसंगठनका फाँट प्रमुखहरू सदस्य रहनुभएको छ । कमिटीको आवश्यकतालाई हेरी सदस्यहरू थप गर्न सकिने व्यवस्था गरिएको छ ।

बैठकले स्थायी कमिटी सदस्य झलनाथ खनालको संयोजकत्वमा १९ सदस्यीय संविधानसभा निर्वाचन घोषणापत्र मस्यौदा समिति गठन गरेको छ । सो समितिमा भरतमोहन अधिकारी, मुकुन्द न्यौपाने, केशव बडाल, अशोक राई, सुरेन्द्र पाण्डे, रघु पन्त, भीम रावल, शंकर पोखरेल, रामचन्द्र झा, प्रदीप ज्ञवाली, उर्मिला अर्याल, प्रमेश हमाल, छविलाल विश्वकर्मा, रकम चेम्जोङ र गोकर्ण विष्ट रहनुभएको छ ।

**जिम्मेवारी हेरफेर**

बैठकले केही केन्द्रीय सदस्यहरूको जिम्मेवारीमा हेरफेर गरेको छ । मेची अञ्चल समन्वय कमिटीको इन्चार्जको जिम्मेवारी बैकल्पिक केन्द्रीय सदस्य नरेश खरेललाई दिइएको छ । यसअघिका इन्चार्ज घनेन्द्र बस्नेतलाई केन्द्रीय कानुन विभागको प्रमुखको जिम्मेवारी दिइएको छ । त्यसैगरी, बैकल्पिक केन्द्रीय सदस्य तुलबहादुर गुरुङलाई गण्डकी अञ्चल समन्वय कमिटीको सहइन्चार्जको जिम्मेवारी दिइएको छ । बैठकले गणेश तिमिल्सेना र रामलाल काफ्लेलाई केन्द्रीय सल्लाहकार कमिटीमा थप गरेको छ । विभिन्न अञ्चल समन्वय कमिटी र केन्द्रीय विभागहरूमा सदस्यहरू थप गरिएको छ ।

# सङ्क्रमणकाल र दलितको दायित्व

## ' ईश्वरी रिजाल

यतिखेर हाम्रो मुलुक सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । सङ्क्रमणकालको सन्दर्भमा विभिन्न दृष्टिकोण र विश्लेषणहरू हुन सक्दछन् । ती सबै दृष्टिकोण र विश्लेषणको व्याख्या गर्नु त्यति जरुरी छैन । अहिले मुलुकमा विकसित भएको ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा सङ्क्रमणकाललाई बुझ्नुपर्दछ । अहिले हाम्रो देशको परिस्थिति २०६२/०६३ मा सञ्चालित जनक्रान्तिको स्वरूप ग्रहण गरेको जनआन्दोलनले उपलब्ध गराएको परिस्थिति हो । यस परिस्थितिको जगमा मुलुक अहिले एउटा कालखण्डबाट अर्को कालखण्डमा फड्को मार्न लागेको अवस्था छ । जनआन्दोलनले ल्याएको मूलभूत पक्षहरूमध्ये सामन्तवादलाई संरक्षण दिने जुनसुकै संस्था वा व्यक्ति सधैँका निम्ति विलोप हुनुपर्ने, मुलुकमा कुनै पनि प्रकारको वा कुनै पनि उद्देश्य बोकेको हिंसात्मक गतिविधि सधैँका निम्ति त्याज्य हुनुपर्ने र यथास्थितिवादको चक्रव्यूहबाट सदाका निम्ति पार पाई मुलुकको अग्रगामी परिवर्तन गरिनुपर्ने रहेको छ । यसलाई सूत्रबद्ध गरी उल्लेख गर्नुपर्दा, सामन्तवादको छहारी बनिरहेको दुई सय ३८ वर्षदेखिको राजा र राजसंस्थाको पूर्ण उन्मूलन भई लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने, हिंसात्मक गतिविधिलाई प्रश्रय दिने उग्रपन्थी विचारहरू रूपान्तरित भई मुलुकमा दिगो शान्ति उदाउनुपर्ने र यथास्थितिवादको चङ्गोलबाट मुलुक अग्रगमनको दिशामा छलाङ् मार्नुपर्ने हुन्छ । तसर्थ, अहिलेको सङ्क्रमणकालको प्रसव वेदना भन्नाले राजतन्त्रका विरुद्ध लोकतान्त्रिक गणतन्त्र, उग्रपन्थी हिंसाका विरुद्ध दिगो शान्ति, यथास्थितिवादका विरुद्ध अग्रगमन हो भन्ने बुझ्नुपर्दछ ।

अहिले मुलुक दक्षिणपन्थी अवसरवाद र उग्रवाद पराजित गरी शान्तिपूर्ण तवरले गणतन्त्रको राजनीतिक विचार स्थापित हुने दिशामा निरन्तर अघि बढिरहेको छ । अहिले सङ्क्रमणकालीन अवस्थामा देखापर्ने तिक्तताहरूमाथि उल्लेख गरिएका विचार, प्रवृत्तिका बीचमा टकराव पैदा भई उत्पन्न भएका हुन् । सामन्ती निरङ्कुश राजतन्त्र टिकिरहनका लागि गर्ने विभिन्न हरकतहरू, उग्रपन्थी गतिविधिका आडम्वरीपन र क्रियाकलापले अग्रगामी परिवर्तनलाई खडा गर्ने बाधाव्यवधान र नेपाली जनताले चाहेको लोकतान्त्रिक गणतन्त्र, दिगो शान्ति र अग्रगमन यही वृत्तभित्र अहिलेको सङ्क्रमणकाल गुज्रिरहेको छ । यो सङ्क्रमणकालको पृष्ठभूमिमा नेपालमा परिवर्तन चाहने विभिन्न तह र तप्काका जनताले आ-आफ्नो पक्षबाट अत्यन्त सतर्कतासाथ खबरदारीको भूमिका निर्वाह गरिरहेका छन् । यही चक्रभित्र लामो समयदेखि आर्थिक उत्पीडन, सामाजिक अपहेलना र राजनीति वञ्चितीकरणको अवस्थाबाट गुज्रिँदै आएका दलित उत्पीडित समुदायहरू अब निर्माण हुने नयाँ नेपालमा सबै उत्पीडनबाट मुक्त हुन चाहन्छन् । राजनीति र नीति निर्माण गर्ने ठाउँमा सहभागिताविहीनताको स्थितिमा समानुपातिक सहभागिता कायम नगरी, आधारभूत आवश्यकता पूरा हुने गरी स्रोत साधनमाथि पहुँच कायम नभइन्जेलसम्म र समाजको हरक्षेत्रमा दुर्व्यवहारपूर्ण पराकाष्टाहरूको अन्त्य नभएसम्म दलित उत्पीडित समुदायका हकमा नयाँ नेपाल हुने छैन । ऐतिहासिक जनआन्दोलनले उपलब्ध गराएको उपलब्धिको कुनै अर्थ हुनेछैन । उनीहरूलाई कुनै नयाँ अनुभूति र नयाँ चीज प्राप्त गरेको महसुस हुने छैन । त्यसैले पुरानोको अन्त्य भई नयाँको उदय हुने यो सङ्क्रमणकालीन घडीमा दलित मुक्ति आन्दोलनका हिमायतीहरूले निर्वाह गर्नुपर्ने दायित्वले ठूलो महत्त्व राख्दछ । त्यसलाई सामान्य रूपमा निम्नानुसार चर्चा गर्ने जमर्को गरिएको छ :

१. सर्वप्रथम छुवाछूतको अमानवीय पर्खाल खडा गर्ने र त्यसलाई संरक्षण गरी राख्ने सवालमा सामन्तवाद नम्बर एकमा पर्दछ। सामन्तवादको विशेषता सदैव प्रगतिशील र अग्रगामी विचारहरूको विरुद्धमा उभिन्छ। समाजमा रहेको थोत्रो, मक्किसकेको परम्परा, रीतिरिवाजलाई प्रश्रय दिएर आफ्नो सामन्ती चरित्रलाई जोगाइराख्न चाहन्छ। नेपाली समाजमा रहेको वर्गीय, जातीय, लैङ्गिक, सम्पूर्ण भेदभाव र उत्पीडनहरू तिनै मक्किसकेको प्रथा, परम्पराको आडमा कायम छन्। त्यस्ता प्रगतिका बाधक प्रथाहरू र सामन्ती प्रवृत्ति प्रणालीको चिन्तन र चेतना जोगाइराख्न राजतन्त्रले शिरको भूमिका अदा गर्दै आएको छ। शिरलाई नढालेसम्म पुच्छर मर्न सक्दैन, त्यसैले ग्रामीण तहमा रहेको पुच्छरे सामन्तवादको प्रकोपबाट मुक्त हुन शिरको भूमिका निर्वाह गर्ने राजतन्त्र खत्तम गर्नु नै अहिलेको हाम्रो पहिलो दायित्व र कर्तव्य हो। सर्वप्रथम शिर खत्तम भएपछि त्यसका पुच्छरहरू मुर्झाउँदै र समाप्त हुँदै जानेछन्। तसर्थ, आमदलित मुक्ति आन्दोलनका अगुवाहरूले व्यापक मात्रामा सामन्ती राजतन्त्रका विरुद्ध दलित उत्पीडितहरूको जनमत सिर्जना गर्न अहोरात्र जुट्नुपर्दछ। उत्पीडित समुदायहरू सामन्तवाद र राजतन्त्रप्रति घृणा जगाउने काममा तल्लीन भएर लाग्नुपर्दछ। ऐतिहासिक जनआन्दोलनको उपलब्धिलाई दलित मुक्ति आन्दोलनको सेवामा लगाएर जातपात र छुवाछूतलगायत सम्पूर्ण उत्पीडनबाट मुक्त हुने अचुक दिशा तय गर्न सामन्ती निरङ्कुश राजतन्त्रको अन्त्य गर्नु नै अहिलेको मूल कार्यभार हो भन्ने सम्झेर बलिदानीका साथ उत्रनुपर्दछ।

२. जनताको लोकतान्त्रिक अधिकारहरू स्वतःस्फूर्त प्रस्फुटन हुन नदिने, जनताको स्वेच्छाले कुनै पनि राजनीतिक विचारको पक्षपोषण गर्दै सङ्गठित हुन बाधा पुऱ्याउने कुराका साथै डर, त्रास, धम्की खडा गर्ने, जनताको निगरानी र नियन्त्रणलाई स्वीकार गर्ने भन्दा उल्टो जनतामाथि अस्वाभाविक निगरानी र नियन्त्रण लाद्न खोज्ने काम उग्रपन्थी प्रवृत्तिहरूले गरिराखेको स्थिति छ। यी प्रवृत्तिहरू जबसम्म रूपान्तरित हुँदैनन्, तबसम्म जनता आफैँ जागरुक भएर मूल दुश्मनका विरुद्ध उभिन सक्दैनन्। विगत बाह्रबुँदे सहमतिले उग्रपन्थताको अराजक गतिविधिलाई रोक्ने काम भएपछि जनआन्दोलनको उभार खडा भई राजतन्त्रले घुँडा टेक्नुपरेको अनुभव हामीसँग ताजै छ। अहिले त्यही अनुभवका आधारमा उत्पीडित दलित समुदायलाई भयमुक्त स्थिति सिर्जना गरी परिवर्तनको समरमा उभ्याउनु छ। त्यसका लागि उग्रवामपन्थी क्रियाकलाप र गतिविधिलाई रूपान्तरण गर्न दलित उत्पीडित समुदायका अगुवाहरूले वैचारिक र सैद्धान्तिक सङ्घर्षलाई तीव्र बनाउँदै गलत विचार र क्रियाकलापको जनताकै सहभागितामा भण्डाफोर गर्नु जरुरी छ। अनि मात्र जनताले चाहेको हिंसारहित शान्तिपूर्ण नयाँ नेपाल निर्माण गर्न सम्भव हुनेछ।

३. अहिले जनताको अग्रगामी परिवर्तनको प्रयत्नलाई यथास्थितिवादी अवरोधले बाधा पुऱ्याएको छ। जनता छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन गराई आफ्नै पहलबाट आफ्नै लागि नयाँ संविधान बनाउन चाहन्छन्। मुलुकको पुनःसंरचना गराई सङ्घात्मक शासन र राज्यमा सबैको समानुपातिक सहभागिता सुनिश्चित हुने समानुपातिक निर्वाचन प्रणाली कायम गर्न चाहन्छन्। राज्यका तर्फबाट घोषणा भएका घोषित कुराहरूलाई व्यवहारमा प्रयोग भएको देख्न चाहन्छन्। जनताको यो आमूल परिवर्तनतर्फ फड्को मार्ने चाहनालाई यथास्थितिवादी चिन्तन र गतिविधिले समस्या खडा गरेको छ। संसद्बाट मुलुकलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको छ। उक्त घोषणामा दलितहरूको गरिबीलाई पहिचान गरी उनीहरूको आधारभूत आवश्यकता पूरा गर्ने प्रतिबद्धता जाहेर भएको छ। उक्त कुरा घोषणा भएको लामो समय भए पनि उत्पीडित समुदायले छुवाछूतको मार भोगिरहनुपरेको छ, जसलाई कार्यान्वयन गर्न आवश्यक पर्ने नीति, ऐन, कानुन र राजनीतिक पार्टीको समेत सबै तहमा समानुपातिक समावेशीको सन्तोषजनक प्रयास भएको देखिँदैन। यी सबै कुरा यथास्थितिवादी चिन्तनका उपज हुन्, जसले अग्रगामी यात्राको लगामलाई बलपूर्वक खैँचिरहेको छ। अब दलित आन्दोलनका पक्षधरहरूका बीचमा सबै तहमा रहेका यथास्थितिवादका विरुद्ध सङ्घर्षमा उभिनुपर्ने एक मात्र विकल्प देखिन्छ। यथास्थितिवादको बन्धन चुडाउन सकिएन भने सङ्क्रमणकालपछिको नेपाल वर्तमान नेपालभन्दा फरक र नयाँ बन्न सक्दैन। यसर्थ, दलित उत्पीडित समुदायका नेतृत्ववाहकको काँधमा राजतन्त्रलाई मास्नुपर्ने, उग्रवामपन्थतालाई रूपान्तरण गर्नुपर्ने र यथास्थितिवादलाई पछाडि धकेलेर अगाडि बढ्नुपर्ने असिम दायित्व थपिएको छ। यो सङ्क्रमणकालमा यी काम सम्पन्न गर्नका लागि त्यागको भावनाले ओतप्रोत भई निडरता र निस्वार्थको उच्चतम नमुना प्रदर्शन गर्दै जनताको बीचमा पुगेर नयाँ चेतना फैलाएर जातपात, छुवाछूतरहितको न्याय, समानतासहितको लोकतान्त्रिक गणतन्त्र नयाँ नेपाल बनाउन थप जनमत सिर्जना गरी आन्दोलित पार्न अत्यन्तै सक्रियतापूर्वक जुट्नुपर्दछ। यही नै अहिले वर्तमान समयको माग हो, तमाम दलित उत्पीडित जनताको मुक्तिको बाटो हो। मुक्तिकामी दलित योद्धाहरूलाई सङ्क्रमणकालीन परिवेशमा गरिने आह्वान हो। ■

# चौतारीको अधिवेशन र प्रेस स्वतन्त्रता

**' गणेश बस्नेत**

व्यावसायिक र जनपक्षीय पत्रकारितालाई मूलमन्त्रका रूपमा अघि बढाउन प्रतिबद्ध नेपाली सञ्चारकर्मीहरूको साझा संस्था प्रेस चौतारी नेपालको पाँचौं राष्ट्रिय अधिवेशन 'पूर्ण प्रेस स्वतन्त्रताका लागि लोकतान्त्रिक गणतन्त्र' भन्ने नाराका साथ ३०-३१ जेठ, २०६४ मा काठमाडौँमा सम्पन्न भएको छ।

राजा ज्ञानेन्द्रको निरङ्कुश एवम् तानाशाही कदमविरुद्ध सञ्चालित आन्दोलनमा सबैभन्दा अग्रिम मोर्चामा उभिएर दृढतापूर्वक लडाइँ लड्दै आफूलाई अग्रगामी र परिवर्तनकारी शक्तिका रूपमा स्थापित गरेको प्रेस चौतारी नेपालको यही अधिवेशनले विधानको प्रस्तावनामै संविधानसभामार्फत मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना हुनुपर्ने व्यवस्था गरेको छ।

मुलुक राजतन्त्र वा गणतन्त्रबीच तीव्र ध्रुवीकरण भइरहेका बेला विभिन्न बहानामा नेपाली जनताको अपेक्षाविपरीत लोकतान्त्रिक गणतन्त्रमा लाग्न नसक्ने वा नचाहने सञ्चार संस्था र सञ्चारकर्मीहरूमा रहेको द्विविधा हटाउन र उनीहरूलाई सही बाटोमा ल्याउन प्रेस चौतारी नेपालको यस निर्णय एउटा कोसेढुङ्गा सावित भएको छ। प्रेस चौतारी नेपालको पाँचौं अधिवेशनले गरेको यस निर्णयसँगै नेपाली सञ्चार क्षेत्रमा पलाएको उत्साह, आत्मविश्वास र बहस यसैको एउटा नमुना हो।

पूर्ण प्रेस स्वतन्त्रताका लागि लोकतान्त्रिक गणतन्त्रको स्थापना अहिले आमनेपाली सञ्चारकर्मीहरूको साझा आवाज हो। तर, यसलाई मुद्दाका रूपमा अघि बढाउने हिम्मत भने कसैले गर्न सकेका छैनन्। केही सैद्धान्तिक भ्रम र मुलुकको धरातलीय यथार्थलाई बुझ्न नसक्दा पछिल्लो समयमा यस्तो समस्या पत्रकारहरूका विभिन्न संस्थाहरूमा देखा परेको छ। सञ्चारकर्मीहरूले पनि मुलुकको माग र जनताको चाहनाबमोजिम आफूलाई वैचारिक रूपमा प्रस्ट पार्दै लोकतान्त्रिक गणतन्त्रको अगुवाइ गर्नुपर्छ भन्ने प्रेस चौतारीको निर्णयले अन्य सङ्घसंस्थाहरूमा पनि गम्भीर प्रभाव पार्ने निश्चित छ। यस अर्थमा प्रेस चौतारी नेपालको पाँचौं राष्ट्रिय अधिवेशन ऐतिहासिक सावित भएको छ।

अधिवेशनको अर्को महत्त्वपूर्ण पक्ष लोकतान्त्रिक विधि र अभ्यास अर्थात् निर्वाचनद्वारा समावेशी नेतृत्वको चयन हो। यस अधिवेशनले लोकतान्त्रिक परिपार्टी र समावेशीको मुद्दालाई कोरा नारामा मात्र सीमित नराखी व्यवहारमा लागू गरिनुपर्छ भन्ने अठोटसहित सीमान्तकृत वर्ग तथा क्षेत्रलाई समावेश गर्दै नयाँ कार्यसमितिको चयन गरेको छ। नेता हुन कार्यकर्ताको भावना जित्नुपर्छ र सबैले लोकतान्त्रिक अभ्यासलाई अनुशरण गर्नुपर्छ भन्ने सन्देश पनि दिएको छ। समावेशीको मुद्दालाई व्यवहारमा लागू गर्ने क्रममा पहिलोपटक चौतारीको नेतृत्वमा निर्वाचनबाटै उत्पीडित/दलित, महिला, मधेसी, आदिवासी, जनजाति र पिछडिएको वर्गको प्रतिनिधित्व भएको छ। अधिवेशनको यो महत्त्वपूर्ण सफलता हो।

नेपाल पत्रकार महासङ्घले पनि समावेशीको सवालमा प्रेस चौतारी नेपालको निर्णयलाई अनुशरण गरेको छ। यस अर्थमा पनि प्रेस चौतारी नेपाल सञ्चार क्षेत्रसँग आबद्ध सबै सङ्गठनहरूभन्दा अग्रगामी र परिवर्तनशील शक्तिका रूपमा स्थापित मात्र भएको छैन, वैचारिक रूपमा सबैको नेतृत्वकर्ता र मार्गदर्शक सङ्गठन बनेको छ।

देशभरिका ६१ जिल्लाका तीन सय ९० जना क्रियाशील पत्रकारको सहभागिता रहेको यस अधिवेशनले वैचारिक स्पष्टता र व्यावसायिक दक्षताबिना कुनै पनि सङ्गठन अघि बढ्न सक्दैन भन्ने सन्देश पनि दिएको छ। साथै, बदलिएको परिस्थितिमा वैचारिक दृष्टिकोणलाई दृढताका साथ अगाडि बढाउने प्रतिबद्धता जाहेर गरेको छ।

प्रेस स्वतन्त्रताको पक्षमा पनि अधिवेशनले महत्त्वपूर्ण निर्णयहरू गरेको छ। अधिवेशनले संसद्मा छलफलमा रहेको सूचनाको हकसम्बन्धी विधेयक यथाशीघ्र पारित गरी लागू गर्न, श्रमजीवी पत्रकार ऐन, श्रमजीवी पत्रकारको हितमा हुने गरी संशोधनसहित तुरुन्त लागू गर्नुपर्ने निर्णय गरेको छ।

देशका विभिन्न भागमा पत्रकारहरूमाथि भइरहेका आक्रमण र धम्कीका घटनाको घोर निन्दा र भर्त्सना गर्दै अधिवेशनले त्यस्ता धम्की दिने र आक्रमण गर्ने तत्त्वहरूमाथि कडा कारबाही गर्न र पत्रकारको सुरक्षाका लागि विशेष कानुनी व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ। यस्तै द्वन्द्वपीडित पत्रकार र तिनका आश्रित परिवारलाई उचित क्षतिपूर्ति र जीवनवृत्तिको ग्यारेन्टी गर्न तथा पत्रकारहरूको जीवन तथा दुर्घटना बीमाको व्यवस्था गर्न सरकारसँग जोडदार माग गरेको छ।

अधिवेशनले ऐतिहासिक जनआन्दोलन दबाउन सक्रिय रहेका व्यक्तिहरूका सम्बन्धमा गठित रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरी तत्काल कार्यान्वयन गर्नुपर्ने फैसला पनि गरेको छ। यसैगरी मोफसलका समेत सबै सञ्चारमाध्यमलाई न्यायोचित रूपमा विज्ञापन दिने व्यवस्था गर्नुपर्ने निष्कर्ष निकालेको छ भने सरकारी सञ्चारमाध्यमलाई संसद्प्रति उत्तरदायी हुने गरी स्वायत्त संस्थाका रूपमा सञ्चालन गर्न र उच्चस्तरीय मिडिया आयोगको गठन गर्नुपर्ने निर्णय गरेको छ।

प्रेस चौतारी नेपालको पाँचौं अधिवेशनको यी सबै निर्णय र निष्कर्षहरू प्रेस स्वतन्त्रताको आन्दोलनलाई बलियो बनाउने र नेपाली सञ्चार क्षेत्रलाई संस्थागत विकास गर्ने दिशातर्फ केन्द्रित रहेको छ। यसलाई सबैले अनुशरण गर्न आवश्यक छ। ■

## निर्वाचित नेतृत्व

अध्यक्ष - बालकृष्ण चापागाईं
उपाध्यक्ष - गणेश बस्नेत
क्षेत्रीय उपाध्यक्षहरू
पूर्वाञ्चल - मनोहर पोखरेल
मध्यमाञ्चल - महेश दास
पश्चिमाञ्चल - नवराज सुवेदी
मध्यपश्चिमाञ्चल- शिव डोटेल
सुदूरपश्चिमाञ्चल - हेमन्त पौडेल
महासचिव - गगन विष्ट
सचिव - भीमसेन राजवाहक
कोषाध्यक्ष - बालकुमार नेपाल
सदस्य - तीर्थ सिग्देल (मेची)
" - नरेन्द्र राई (कोसी)
" - प्रकाश खतिवडा (सगरमाथा)

'' - द्वारिका काफ्ले (जनकपुर)
'' - देवराज रिमाल (नारायणी)
'' - माधव नेपाल (वाग्मती)
'' - रोहित दाहाल (उपत्यका)
'' - प्रेमप्रसाद शर्मा (गण्डकी)
'' - दुर्गाप्रसाद शर्मा (धौलागिरि)
'' - शेरबहादुर केसी (लुम्बिनी)
'' - नूमराज खनाल (राप्ती)
'' - विष्णुप्रसाद तिमल्सिना (कर्णाली)
'' - सुरेन्द्र काफ्ले (भेरी)
'' - प्रकाशविक्रम शाह (सेती)
' - निशा विश्वकर्मा
'' - भगवान भण्डारी
'' - राजेन्द्र फुयाल
'' उत्पीडित/दलित - शिवजी गायक
'' महिला - गङ्गा बराल (पूर्वाञ्चल)
'' - अनिता श्रेष्ठ (मध्यमाञ्चल)
'' - दुर्गा भण्डारी (पश्चिमाञ्चल)
'' - सिर्जना आचार्य (मध्यपश्चिमाञ्चल)
'' - नीमा काफ्ले (सुदूरपश्चिमाञ्चल)
'' मधेसी - वीरेन्द्रकुमार साह
'' - सीताराम चौधरी
'' आदिवासी - सिद्धराज राई
'' - इन्द्रसिंह राजवंशी

अधिवेशनपछि बसेको केन्द्रीय कमिटीको पहिलो बैठकले विष्णु रिजाल, राजकुमार दिक्पाल र केशव खनाललाई केन्द्रीय समितिमा चयन गर्दै १३ सदस्यीय सचिवालयसमेत गठन गरेको छ ।

# सङ्घर्षशील कमरेड ओजराज

गोर्खा पालुनटारका ओजराज भट्टराई बाल्यकालदेखि नै फटाहा र शोषकविरोधी आन्दोलनमा लाग्नुभयो । कम्युनिस्ट नीति र सिद्धान्त बुझेर भन्दा पनि गाउँका जिमुवाल, बडाहाकिम र ठूलाबडाको अत्याचार सहन नसकेर नै उहाँ वर्गीय मुक्तिका खातिर सङ्घर्षरत नेपाल कम्युनिस्ट पार्टीप्रति प्रतिबद्ध हुनुभयो । त्यतिबेलाको कम्युनिस्ट पार्टीका विभिन्न गतिविधिमा सक्रियता देखाएपछि उहाँले १९ वर्षको उमेरमा पार्टी सदस्यता प्राप्त गर्नुभएको थियो । यतिबेला भट्टराईको उमेरले सत्तरीको नेटो काटिसकेको छ । तर पनि पार्टीप्रतिको प्रतिबद्धता, जाँगर र उत्साहमा बुढ्यौलीको कुनै छनक छैन । 'जीवनभर पार्टीकै काम गरियो । अहिले भूगोल र कार्यकारी अधिकार छैन । असजिलो लाग्छ । अब बचेको ऊर्जा पनि पार्टीकै लागि खर्च गर्ने प्रण छ'- उहाँको कथन छ । पार्टीप्रतिको प्रतिबद्धतालाई जीवनभर कायम राख्नुपर्नेमा उहाँ दृढ हुनुहुन्छ ।

वि.सं. १९९४ वैशाख २ गते गोरखाको पालुनटार-९ ठाटीपोखरीमा जन्मनुभएका भट्टराई प्रतिबद्ध कम्युनिस्ट बन्नलाई तत्कालिक समाज नै पर्याप्त थियो । जसले गर्दा कम्युनिस्ट पार्टीको दर्शन र घोषणापत्रमा घोत्लिएर बुझ्नुपर्ने आवश्यकता नै परेन । त्यसमाथि पनि पारिवारिक रूपमा परेको शोषण र अत्याचारले उहाँलाई स्पष्ट बनायो । चार वर्षको हुँदा नै बुबा दुर्गादत्त भट्टराईले छाडेर गएपछि विधवा आमासँग टुहुरो जीवन बिताउनुपर्दाको क्षण कमरेड ओजराजका लागि निकै दुःखद थियो । पीडाको त्यस क्षणमा उहाँमाथि समाज र ठूलाठालूले नुनचुक छर्के । 'आमाले जहिले पनि अन्याय भएको खबर

सुनाउनुहुन्थ्यो। त्यो अत्याचारले मलाई सधैँभरि घोचिरह्यो। त्यसपछि फटाहा, जाली र शोषकविरोधी भावना मेरो बालमस्तिष्कमा पऱ्यो'- बाल्यकालको स्मरण गर्दै कमरेड ओजराज भन्नुहुन्छ।

समाजमा होचो देखे हेप्ने प्रवृत्ति अझै पनि छ। तत्कालीन समाज त झनै राणाकालीन न थियो ! त्यस समाजका अत्याचारी क्रियाकलापहरू उहाँको मस्तिष्कमा अझै पनि ताजै छन्। कमजोर भएकै कारण समाज र आफ्नै नातागोताले पनि ओजराजकी कान्छी आमाको लास मसानघाटसम्म नपुऱ्याएको घटनाले उहाँलाई अझैसम्म पनि पिरोलिरहन्छ। अन्त्यमा उहाँकी आमा मानकुमारीले नै सासुको लास डोकोमा राखेर चेपेघाटसम्म पुऱ्याउनुभएको थियो। यस्तै सामाजिक र राजनीतिक परिस्थितिमा हुर्किनुभएका ओजराजले परिवर्तन खोजिरहनुभएको थियो भने उहाँको मनोविज्ञान क्रान्तिकारी थियो। त्यही बेला ००७ सालको क्रान्तिको जिम्मा लिएर गोर्खा जिल्ला कब्जा गर्न पुगेका राजेश्वर देवकोटा र कृष्णप्रसाद भट्टराईसँग लागेर तीन-चार किलोमिटर जुलुसमा सहभागी भएको अनुभव उहाँसँग छ। १४ वर्षको उमेरमा उहाँ घरबाट भागेरै जुलुसमा सहभागी हुनुभएको थियो।

त्यसलगत्तै उहाँ ०१० सालमा अखिल नेपाल किसान सङ्घको सम्पर्कमा जानुभयो। भर्खर स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीले खुला कार्यक्रमको घोषणा गरेको थिएन। किसान सङ्घमार्फत पार्टीका क्रियाकलापहरू सञ्चालन गर्ने जिम्मेवारीसहित गोर्खाका बैकुण्ठ कट्टेल, हिक्मतसिंह भण्डारी, तनहुँका कृष्णलाल प्रधान र कदमकुमार श्रेष्ठ गोर्खा पुगेका थिए। कमरेड ओजराजलाई पछि मात्रै थाहा भयो कि ती मान्छेहरू राजनीतिक रूपमा चर्चित रहेछन्। पार्टी प्रतिबन्ध भएपछि किसान सङ्घ नयाँ रूपमा अगाडि बढेको थियो। सङ्घले फटाहालाई कारबाही गर्ने र मोसो दल्ने कार्य गऱ्यो, जुन कुराले फटाहाबाट पीडित हुनुभएका ओजराजलाई चित्त बुझ्यो र किसान सङ्घतर्फ आकर्षित भएर फटाहाविरोधी आन्दोलनमा सक्रिय हुनुभयो।

सक्रियताको मूल्याङ्कन गर्दै उहाँलाई नेपाल कम्युनिस्ट पार्टीले सदस्यता दियो। १९ वर्षको उमेरमा पार्टीको सदस्यता प्राप्त गर्नुभएका ओजराजको जोस-जाँगर चुलिँदो अवस्थामा थियो। पार्टीले पनि घुसखोरी, अन्याय र अत्याचारका विरुद्ध प्रभाव छेडिरहेको थियो। कमरेड ओजराजले सदस्यता लिनुभन्दा एक वर्षअघि नै गोर्खाको पालुनटार, गाइखोर र मसलेमा किसान सङ्घले 'भकारी फोर अभियान' चलाइसकेको थियो। 'एक मुरी धानलाई एक तोला सुन लिने' सूदखोर विरुद्धको आन्दोलन थियो यो। बाढीले गर्दा भोकमरीमा छट्पटाइरहेका गरिब जनतालाई किनेर पनि अन्न नदिने सामन्तका विरुद्धको आन्दोलनमा सक्रिय हिक्मतसिंह भण्डारी, कृष्ण प्रधान, बैकुण्ठ कट्टेल, लक्ष्मणबाबु श्रेष्ठलाई प्रहरीले समात्यो। तत्कालीन बडाहाकिम मकरबहादुर वान्तवाले लाठीचार्ज गरेर आन्दोलन दबाउन भीषण दमन गरे। अन्त्यमा आन्दोलन सफल भयो, पैसा लिन चाहने साहूलाई पैसा दिन र नलिनेलाई मालपोतमा जम्मा गरेर धान वितरण गरियो।

'भकारी फोर अभियान' सँगै गोर्खामा फटाहाविरोधी आन्दोलन सुरु भयो, जसमा कमरेड ओजराजको सक्रिय सहभागिता रह्यो। 'निर्दोष महिलालाई बलात्कार गर्ने, जन्मेको बच्चाको न्वारनसमेत नगरेर महिलाको जीवन बर्बाद गर्ने, जसको स्वास्नी पोइल गए पनि जारी खाने, जबरजस्ती घरजग्गा कब्जा गर्ने फटाहाविरुद्ध लागेका थियौँ'- सो आन्दोलन चलाउनुको कारण प्रस्ट्याउँदै उहाँले भन्नुभयो। गोर्खाका नामूद फटाहा काजी वीरबहादुर, अमृतबहादुर र भट्ट परिवारलाई लक्षित गरेर आन्दोलन चलाइएको थियो। 'फटाहाविरोधी आन्दोलनमा झडपबहादुरले आफ्नै भिनाजु अमृतबहादुरलाई उसकै खुर्पा खोसेर घाइते बनाएको थियो'- आन्दोलनको स्मरण गर्दै उहाँ भन्नुहुन्छ- 'फटाहाविरोधी आन्दोलनले मलाई केही हदसम्म सन्तुष्ट बनाएको थियो।'

उहाँले ०१४ सालमा २१ वर्षको उमेरमा जिल्ला कमिटीको सदस्य रहेर काम गर्नुभयो। त्यसपछि पञ्चायती दमनका कारण पार्टी विस्तारको क्रम रोकियो। अनि, ०१७ सालमा उहाँ काठमाडौँ हानिनुभयो। स्वअध्ययन गर्नुभएका भट्टराई काठमाडौँस्थित विकास भवन इङ्लिस हाइस्कुल, क्षेत्रपाटीमा कक्षा १० मा भर्ना हुनुभयो। प्रवेश परीक्षाबाट भर्ना हुनुभएका कमरेड भट्टराईले टेस्ट परीक्षा उत्तीर्ण पनि गर्नुभयो। एसएलसी परीक्षा दिँदा शिक्षकसँगै झडप भयो। अनि, उहाँ विद्यालय फर्किनुभएन।

ओजराजले लमजुङको एक निम्न माध्यमिक विद्यालयमा शिक्षकका रूपमा काम गर्नुभयो। पञ्चायती निरङ्कुशताले सङ्गठन विस्तारमा अवरोध पुऱ्याएकोमा भतभती मुटु पोलेको अनुभव गर्नुभएका कमरेड ओजराजले सङ्गठन विस्तारका लागि सम्पर्क पनि बढाइरहनुभयो। राजनीति र पारिवारिक जीवनतिर बाँडिनुभएका उहाँ पुनः गोर्खा फर्किनुभयो र गोर्खाकै प्राथमिक विद्यालयमा पढाउन थाल्नुभयो। कम्युनिस्ट पार्टीमा लागेको आरोपमा प्रहरीले छपटकसम्म समात्ने र छोड्ने काम गऱ्यो। अन्ततः ०२६ सालमा उहाँलाई राजीनामा गराइयो र उहाँ जागिरे जीवनबाट सधैँका लागि बिदा हुनुभयो।

जागिरे जीवनपछि विरक्तिएको मन बुझाउने खालको पार्टीको राजनीति पनि थिएन। ०१९ सालमा पुष्पलाल र केशरजङ्ग रायमाझीको अन्तरद्वन्द्वले नेपाल कम्युनिस्ट पार्टी विभाजित भयो। सङ्घर्षलाई जीवनको पर्यायका रूपमा स्वीकार गर्ने कमरेड ओजराजले हरेस भने खानुभएन। पुष्पलालको विचारसँग नजिक रहनुभएका उहाँले प्रवासमा पुगेर हिक्मतसिंह भण्डारीसँग सम्पर्क गर्नुभयो। असहज परिस्थितिका बाबजुद भूमिगत रूपमै भए पनि बलराम उपाध्याय गोर्खा

पुग्नुभएको थियो। ०२८ सालमा हिक्मतसिंह पनि गोरखामै फर्कनुभयो। 'सेलाएको राजनीतिले गति लिन लाग्यो। हामीहरूले पालुनटारका सुकुम्वासीको पक्षमा अर्को आन्दोलन सुरु गऱ्यौँ'- उत्साहित हुँदै कमरेड ओजराजले *'नवयुग'* सँग भन्नुभयो।

पालुनटारमा तीन सय सुकुम्वासीलाई त्यहाँका ऐलानी जग्गा वितरण गरिएको थियो। प्रशासनले सो काम सहन सकेन। ओजराजलगायतका विरुद्ध मुद्दा लगायो। दमन भयो र वारेन्ट जारी भयो। प्रतिकूल अवस्थामै भए पनि उहाँ काठमाडौँ आएर तत्कालीन गृहमन्त्री पीताम्बरध्वजसँग सबै कुरा खुलस्त राख्नुभयो। 'म राज्य बोलिरहेको छु। तपाईं जिल्लामा गएर मुद्दा बोक्नुस्'- गृहमन्त्री कड्किएर उहाँलाई उल्टै धम्क्याए। फेरि गोर्खा फर्कनुभयो। फर्कनेबित्तिकै उहाँलाई मरणासन्न हुने गरी प्रहरीले कुट्यो। '१५ दिन थला परेँ। दाहिने कान बिग्रियो, राम्ररी सुनिँदैन'- यातनाबाट 'टिव' दुखिरहने बताउँदै उहाँले दुःख पोख्नुभयो।

कुटाइले सुकुम्वासीको पक्षमा भएको आन्दोलन रोकिएन। झगडिया छ घर पञ्चलाई सामाजिक बहिष्कार भयो। पञ्चको जग्गामा जोत्न ल्याइएका ३८ हल गोरु कब्जा गर्न पनि उहाँ नै अघि सर्नुभयो। 'कि म मर्नुपर्छ कि मैले पञ्चलाई खानुपर्छ' भनेर खुला आन्दोलनमा उत्रनुभएका ओजराजले अन्ततः विजय पनि प्राप्त गर्नुभयो। उतिबेला नै वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल गोरखा पुगेर सुकुम्वासीको पक्षमा मुद्दा लेखिदिएको कमरेड ओजराजले अझैसम्म भुल्नुभएको छैन। अन्त्यमा ५० घर धुरी सुकुम्वासीलाई सो जग्गा उपलब्ध गराइयो। चेपे नदीको किनारमा रहेको सो दोभान बस्तीमा पुग्दा सबै दुःख बिर्सने गरेको उहाँको अनुभव छ।

ओजराजको सङ्घर्षले विजय हासिल गरिरहेको थियो। विडम्बना, कम्युनिस्ट पार्टीको विभाजनले उहाँलाई पीडित बनायो। ०३५ सालमा पुष्पलाल समूहमा सहाना प्रधान र मनमोहन अधिकारीबीच विभाजन भयो। कमरेड ओजराजले मनमोहन अधिकारीको नेतृत्वको पार्टीमा रहेर अञ्चल कमिटी सदस्यको रूपमा जिम्मेवारी सम्हाल्नुभयो। फेरि ०३६ सालमा मनमोहन र हिक्मतसिंह भण्डारीबीच फुट आयो। ओजराज हिक्मतसिंह भण्डारीको बाटोमा उभिनुभयो। लगत्तै ०३८ सालमा हिक्मतसिंह, तुलसीलाल र विष्णुबहादुर मानन्धरबीच वामपन्थी एकता मञ्च बन्यो। फेरि तुलसीलालले मञ्च छोड्नुभयो। यसबीचमा दुई पार्टीको एकीकरण भयो र उहाँ केन्द्रीय कमिटी सदस्य रहनुभयो।

कमरेड ओजराज पछि फेरि मनमोहन अधिकारीले नेतृत्व गरेको पार्टीमा प्रवेश गर्नुभयो र पार्टी एकतासँग नेकपा (एमाले) मा समाहित हुनुभयो। उहाँलाई पार्टीले अञ्चल र जिल्ला कमिटीमा राखेर जिम्मेवारी दियो। ०५४ सालको एमाले विभाजनपछि पनि उहाँ एमालेमै रहनुभयो। जिल्ला सचिवसहितको नेतृत्व मालेमा गएपछि उहाँले गोर्खा जिल्ला कमिटीको सचिव भएर नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो। एमाले केन्द्रीय कमिटीको बैठकले ओजराजको भूमिकालाई मूल्याङ्कन गर्दै केन्द्रीय सल्लाहकार कमिटीको सदस्यमा राखेर सम्मान गरेको छ।

सात दशक लामो जीवनमा उहाँले कुनै संसदीय पदको मोह राख्नुभएन। निरन्तर सङ्घर्षमै रहनुभयो। जीवन जिउने क्रममा थुप्रै दुःखका भागी ओजराजले आफ्नो यात्रा सहज रूपमा पार गर्नुभएको छ। थोरै पारिवारिक दुःख छ भने बाँकी राजनीतिक। एउटै आमाको कोखबाट जन्मिएकी दिदी भवी भट्टराईसँगको विछोडले उहाँको विरक्तिलाई थपिदिएको छ। 'रजस्वलापछि विवाह भए भाइलाई पिर्ने' भन्ने सामाजिक सोचाइले १४ वर्ष उमेर नपुग्दै विवाह बन्धनमा बाँधिएकी दिदीलाई उहाँले ६१ वर्षदेखि भेट्न पाउनुभएको छैन।

०४२ सालमा भएको सत्याग्रहको आन्दोलनमा उहाँ पोखराबाटै गिरफ्तार हुनुभयो। गिरफ्तारीपछि उहाँलाई पोखराको पार्दी जेलमा छ महिना थुनियो। राजनीतिक यात्राका क्रममा ओजराजले पुष्पलाल, मदन भण्डारी, जीवराज आश्रितलगायतका चर्चित नेताहरूसँग नजिक रहेर काम गर्नुभयो। यद्यपि, गुटबन्दी र फुटले पार्टी जीवनमा बेहोर्नुपरेको दुःख पनि थुप्रै छन्। तर पनि उहाँमा असन्तुष्टि छैन। 'औपचारिक शिक्षाबिना पार्टी जीवन र जगत्‌लाई बुझेँ। निरीह परिवारमा विधवा आमाले हुर्काएको बालकले आज यो क्षितिज हेरिरहेको छु'- ओजराजले सन्तोष व्यक्त गर्नुभयो।

ओजराजको पहलमा विकट भए पनि गोर्खामा एमालेले आफ्नो छुट्टै प्रभाव पारेको छ, जुन कुरा विगतको स्थानीय एवम् संसदीय निर्वाचनले देखाएको छ। पार्टी विभाजन नभएको भए गोर्खामा एमालेको एकछत्र कब्जा हुने उहाँको भनाइ छ। पार्टी एकीकरणसँगै एमालेको राजनीतिक माहोल फस्टाउँदै गएको छ। खासगरी संसदीय राजनीतिमा सक्रिय भएपछि पार्टी कार्यकर्ताको गुणस्तर बढाउनुपर्ने ओजराजको भनाइ छ। 'मदन भण्डारीको विचारलाई कार्यकर्ताका बीचमा लिनुपर्छ। पार्टीको वैचारिक स्वास्थ्य सुधारे एमालेलाई कसैले चुनौती दिन सक्दैन'- कार्यकर्ताको पार्टी जीवन र सङ्गठनलाई सुदृढ बनाउनुपर्ने सुझाव दिँदै उहाँले भन्नुभयो।

❑ **भद्र शर्मा**

# माओवादीद्वारा बेपत्ता पारिएकाहरूका परिवारका सम्बन्धमा

**पृष्ठभूमि**

द्वन्द्वपीडितहरूको समस्या समाधान नगरी द्वन्द्व रूपान्तरण हुन नसक्ने यथार्थका बाबजुद मुलुकमा विगतदेखि चलेको हिंसाले अल्पकालीन पूर्णविराम लागेको र द्वन्द्वरत पक्षबीच वार्ता र सहमतिको प्रक्रियाद्वारा निकासको खोजी भइरहेको वर्तमान सन्दर्भमा पनि हिजोको द्वन्द्वमा प्रत्यक्ष पीडा भोग्न बाध्य भएका द्वन्द्वपीडित पक्षका सवालमा कुनै प्राथमिकता दिइएको पाइँदैन। शान्ति प्रक्रिया चलिरहँदा माओवादीले राज्यले बेपत्ता पारेको भनिएका वा पीडित भएका आफ्ना कार्यकर्ताका सम्बन्धमा काठमाडौँमा आन्दोलन गर्ने र सैनिक मुख्यालय घेर्ने काम गरिरहँदा पनि माओवादी पक्षबाट बेपत्ता भएका/बनाइएका नागरिकका बारेमा कुनै चर्चासम्म चलेन। द्वन्द्वका क्रममा को कुन पक्षबाट पीडित भयो भनेर भन्नु भन्दा पनि द्वन्द्व समाधानका लागि निःशस्त्र नागरिकमाथिको ज्यादती समग्र रूपमा उठ्न जरुरी छ। माओवादीद्वारा बेपत्ता पारिएका नागरिकहरूका बारेमा आवाज उठ्न नसकेको सम्बन्धमा प्रत्यक्ष द्वन्द्वको मार खेपेका हामी टुहुराहरूको मन व्याकुल हुनु स्वाभाविक हो।

**बेपत्ता नागरिकका सम्बन्धमा प्राप्त तथ्यहरू एवम् पारिवारिक अवस्था**

**बर्दिया**

१. डेउडाकला-९, बर्दियाका सेनामा रहेका दाजुभाइ कृष्णप्रसाद अधिकारी (माओवादी दबाबमा केही समयअघि जागिर छोडी घरमै बसिरहेका) र धर्मेन्द्र अधिकारीलाई बेपत्ता पारिएपछि बाबु सन्न्यासी बनेका छन्। बेसहारा बनेकी धर्मेन्द्रकी २३ वर्षीय श्रीमती तुलसी बालबच्चाको लालनपालन कसरी गर्ने भनी झोक्राइरहन्छिन्।

२. ताराताल-५, शक्रबस्ती बर्दियाकी चारमहिने सुत्केरी अनिता विकलाई छोरालाई दूध ख्वाइरहेको बखतमा बच्चाबाट छुटाई माओवादीले अपहरण गरेपश्चात् उनको छोरालाई बाख्राको दूध ख्वाएर हुर्काइएको छ।

३. साँझमा घरमा बसिरहेका कालिका-४, बर्दियाका नारायण सापकोटालाई अपहरण गर्न ०६० फागुन २ गते दुई जना आए। 'बिरामी छु, जान सक्दिनँ' भनेपछि पाँच जना आई लिएर गए। आमा पदममाया सापकोटा भन्छिन्- 'छोराको मुख देख्न पाए आँखाको आँसु रोकिन्थ्यो कि बाबु, बच्चाबच्चीको दबाइ गर्दागर्दा हैरान परियो, ऋणैऋण छ, घरजग्गा धितोमा छ।'

४. माओवादीको कुटाइमा सख्त घाइते भएका गुलरिया-५ का राजिन्दर बन्जाराको भारतमा उपचार गर्दागर्दै ६० माघमा मृत्यु भयो, उनको उपचारकै क्रममा रहँदा भाइ धनेश बन्जारालाई ६० पुसमा माओवादीले अपहरण गरे, उनको स्थिति अझै अज्ञात छ, बुढेसकालका साहरा दुवै छोरा नभएपछि राजिन्दरका छ जना बालबच्चा र बुहारीको कसरी पालनपोषण गर्ने भन्ने पिरलोले बुवा पन्नालाल बन्जराको हात जहिले पनि टाउकोमा हुन्छ।

५. मोतीपुर-९ बर्दियाका केशव थारु माओवादीले २०६२ माघ ११ गते नेपालगन्जको आक्रमणमा आफ्नो ट्याक्टर प्रयोग गर्ने भएपछि लगेकाले सो ट्याक्टर फिर्ता आउने सम्भावना नदेखेर ट्याक्टरसँगै गएका थिए। उनी अझैसम्म फर्किएका छैनन्। आक्रमणमा मरेका मानिसको खालमा आफ्नो छोराजस्तो लागेकाले यही होला भनी सनाखत गर्न खोज्दा प्रहरी प्रशासनले होइन होला भनी सनाखत गर्न नदिएपछि रित्तै फर्किएका उनका बुबा दरबारी थारु (६६) अझै पनि छोराको बाटो हेरिरहेका छन् भने उनकी १८ वर्षीया श्रीमती र दुई बच्चाको बिचल्ली भएको छ।

६. कालिका-४ बर्दियाका दिलबहादुर खड्कालाई दुई जनाले लिएर गए। अपहरणबारे ठूलो छोराले केही भन्न खोज्दा घर विस्फोट गर्ने धम्की दिए। माओवादीले हत्या गरेको भन्ने हल्ला बेलाबेलामा गरिए पनि परिवारले यकीन आधार भेटाएको छैन। परिवारजन भन्छन्, 'कुकुर भुक्दा पनि उहाँ आउनुभयो कि जस्तो लाग्छ।' घरमा धान नभएकी उनकी श्रीमतीलाई जसरी पनि धान दिनुपर्ने उर्दी लगाएपछि उनले तीन किलो धान सापट गरेर दिन बाध्य भइन्।

७. ०६२ फागुन १८ मा माओवादीद्वारा अपहरणपश्चात् रूपान्तरण भनिने आफ्नो पार्टीको कार्यकर्ता बनाउने नाममा श्रम शिविरमा राखिएका कालिका-५ बर्दियाका रामबाबु रेग्मी एवम् बानियाभार-३, बर्दियाका सन्तोष थारुलाई परिवारजनलाई भेट्न नदिने तर बिरामी खर्च परिवारले बेहोर्नुपर्ने बाध्यता छ।

८. ०६१ कात्तिक १२ मा अपहरण गरिएका गुलरिया-२, बर्दियाका निरज यादवलाई छुटाइदिन्छौं भन्दै माओवादी कार्यकर्ता तथा केही टाठाबाठाले आफ्नो माओवादीसँग सम्पर्क भएको र पैसा दिए छुटाइदिने भन्दै परिवारबाट लाखौं रकम मागेर खाइदिएका छन्।

९. बहिनीको घरबाट फर्कंदै गरेका सानो सिरु-३, बर्दियाका रेशमबहादुर डाँगीलाई ०६१ चैत ६ मा अपरण गरे। सुरक्षा निकायमा जागिर सुरु गरेका डाँगी जागिर जान नपाई माओवादी अपहरणमा परी बेपत्ता भएका छन्।

१०. ०६१ चैत २२ मा माओवादीद्वारा अपहरण गरिएका चिलाउनेवास-२, स्याङ्जाका भीमबहादुर विकको स्थिति अझै अज्ञात। क्याम्पस पढ्दै गरेका उनलाई माओवादीले प्रहरी भएको आरोप लगाएको छ।

११. बाहिरबाट घरतिर आउँदै गर्दा ०६० चैत ४ मा माओवादीद्वारा अपहरण गरिएका डेउडाकला-९, बर्दियाका उत्तमप्रसाद थारुको अझै अत्तोपत्तो छैन।

१२. घरबाटै माओवादीद्वारा अपहरण गरिएका डेउडाकला-९ का प्रेमबहादुर थारु ०६१ चैत २३ देखि बेपत्ता।

१३. घरमा सुतिरहेका बखत मुखमा पट्टी बाँधेको एक समूहद्वारा अपहरित गुलरिया-४, बर्दियाका मोहरसिंह बन्जाराको स्थिति एवम् पीडक पक्षसमेत अझै अज्ञात। उनको शरीरको कपडा माओवादी कार्यकर्ताको घरमा पाइएको दाबी उनकी श्रीमतीको रहेको छ।

१४. ०५९ कात्तिक २४ मा राती ११ बजे सुराकीको आरोपमा डेउडाकला-७, बर्दियाका रोजन वली माओवादीद्वारा अपहरित। स्थिति अझै अज्ञात।

**बाँके**

१. ०६० भाद्र २५ गते श्राद्धमा बसिरहेका कोहलपुर-४, बाँकेका भोजराज ढकाललाई माओवादीद्वारा अपहरण। १६ वर्षीया छोरी दीपा ढकाल बुबालाई सम्झिँदै पटकपटक बेहोस् हुनाले नियमित औषधि सेवन गर्नुपर्ने अवस्था। श्रीमतीले अर्को विवाह गरेका कारण भोजराजकी आमा विष्णुमाया र तीन जना बालबच्चा बेसहारा बनेका छन्। उनले आफ्नो छोरा सार्वजनिक गर्न माग गर्दै प्रचण्डलाई ०६३ भदौ २५ गते पत्र पठाएकी छन्।

२. सामान्य पसल गर्ने मोतिपुर-७, बाँकेका ध्रुवप्रकाश श्रेष्ठलाई ०६० असार १३ मा खाना पकाइदेऊ भनेका माओवादीले खानै नखाई अपहरण गरे। स्थिति अझै अज्ञात।

३. खाना नदिएको एवम् कार्यक्रममा नगएको आरोपमा हातमा हत्कडी लगाई माओवादीद्वारा अपहरण गरिएका कोहलपुर- ५, बाँकेका प्रेमबहादुर ओलीको स्थिति अझै अज्ञात।

४. कचनापुर-१, बाँकेका लालबहादुर डाँगीलाई माबाइल फोन राखेको र चन्दा नदिएको आरोपमा ०६० असोज २ गते राती माओवादीद्वारा कुटपिट, लुटपाट अनि अपहरण, स्थिति अझै अज्ञात।

**सुर्खेत**

१. माइतीबाट घर हिँडेकी छिन्चु-२, सुर्खेतकी १६ वर्षीया देउकली माझी ०६३ भदौ २८ मा माओवादीद्वारा बाटैबाट अपहरित, स्थिति अझै अज्ञात।

२. छिन्चु-२, सुर्खेतकी भीमकली माझी माओवादीद्वारा ०६३ भदौ २८ मा बाटैबाट अपहरित, स्थिति अझै अज्ञात।

**दाङ**

१ सीतापुर गाविस दाङका पदमलाल सार्कीलाई ०६२ माघ २९ मा अपहरण गरी बेपत्ता।

२. डुरुवा गाविस दाङमा भएको घर लुटपाटको घटनाको उजुरी गरेको आरोपमा सोही गाविस-६ की भीमाकुमारी सेनओली माओवादीद्वारा ०६१ कात्तिकमा अपहरित, स्थिति अझै अज्ञात।

३. रोल्पा सरुवा भएका सिंचाइ कार्यालय नेपालगन्जमा कार्यरत तुलसीपुर नपा-११ का प्रताप शाह त्यसतर्फ जाँदै गर्दा ०५८ पुस २५ मा माओवादीद्वारा अपहरित, स्थिति अझै अज्ञात।

४. तुलसीपुर नपा-५ का भीमसेनबहादुर शाहलाई सुराकी र गुण्डागर्दीको आरोपमा माओवादीद्वारा ०५८ पुस २५ मा अपहरण, स्थिति अझै अज्ञात।

५. त्रिभुवन नपा- ३, दाङकी सुष्मा चौधरीलाई सुराकीको आरोपमा ०६२ वैशाख २७ मा माओवादीद्वारा अपहरण, स्थिति अझै अज्ञात।

६. हेपुली-४ दाङका युवराज शर्मालाई ०५८ माघ १५ मा माओवादीद्वारा गाउँमा खेतिपातीको सामान्य विवादमा अपहरण, स्थिति अझै अज्ञात।

**बेपत्ता नागरिकको पारिवारको अवस्था**

क. अपहरित नागरिक छुटाइदिने नाममा माओवादी कार्यकर्ता तथा समाजका टाठाबाठा नागरिक माओवादीसमेतले सो परिवारमाथि पैसाको चलखेल गरेको।

ख. अपहरणपछि आफन्तको खोजतलास तथा उजुरी गरेमा मारिदिने धम्की दिएको। त्यसकारण परिवारबाट कुनै प्रकारको खोजतलास तथा उजुरी नभएको।

ग. पीडक पक्षलाई पीडित पक्षले आदर-सत्कार गर्नुपर्ने बाध्यता।

घ. आफ्नो परिवारका सदस्य बेपत्ता पारिएपछि पनि परिवार एवम् समाजमा खोजीको सम्बन्धमा कहाँ के कसरी गर्ने भन्ने चेतनाको अभाव।

ङ. चिन्तामा डुबेका परिवारजन एकदिन फर्केर आउने छन् भन्ने दृढ आशामा रहेको पाइयो।

च. बेपत्ता नागरिकको आफन्तजन बेपत्ताका बारेमा अन्तिम जानकारी पाउन व्याकुल रहेको पाइयो।

छ. विभिन्न हल्लाका बाबजुद बेपत्ता नागरिकका परिवारले बेपत्ता नागरिकको काजकिरिया गर्ने-नगर्ने दोधारमा रहेको पाइयो।

ज. अपहरणका सम्बन्धमा सुरक्षा निकाय र माओवादीबीच एकआपसमा आरोप प्रत्यारोपका कारण पीडक पक्ष पहिचानमा अन्योल।

झ. घरमा कमाउने मानिस नै बेपत्ता पारिएकाले परिवारको आर्थिक अवस्था अत्यन्तै नाजुक पाइयो। आर्थिक एवम् अभिभावक नभएका कारण बालबालिका विद्यालय जाने वातावरण छैन।

ञ. बालबालिकाले आफ्नो बुबाका बारेमा पटकपटक सोधिरहँदा परिवारका सदस्यमाथि पीडामाथि पीडा थपिएको छ।

ट. हाल पनि व्याप्त माओवादी ज्यादती एवम् उर्दीले उनीहरूलाई मानसिक रूपमा अझ विक्षिप्त पारेको पाइयो।

**अबको आवश्यकता**

माओवादीद्वारा बेपत्ता नागरिकका बारेमा यथार्थता पत्ता लगाउने, पीडितजनमा गुम्सिएर रहेको भावना समेट्ने, त्यसलाई सम्बन्धित निकायमा पुऱ्याउने र समस्त पीडितलाई न्याय प्रदान गरिनुपर्दछ। बेपत्ता नागरिकका परिवारलाई राहत सम्बन्धमा हालसम्म पनि कुनै नीति बनेको छैन। मुलुकमा हुने हरेक प्रकारका मानवीय ज्यादतीको तथ्याङ्क राख्ने तथा पीडित पक्षलाई कानुनी उपचारका लागि सहयोग गर्ने उद्देश्यले स्थापित भएका मानव अधिकार आयोगको तथ्याङ्क नै अपुरो पाइयो। मध्यपश्चिमका चार जिल्लाको भेटघाट भ्रमणबाट प्राप्त तथ्याङ्क एवम् अनुभवका आधारमा अन्य विकास क्षेत्रका पनि केही प्रतिनिधिमूलक जिल्लाको स्थलगत भेटघाट विवरण सङ्कलन गर्न सकिएमा समग्र देशका बेपत्ता नागरिकका सम्बन्धमा मोटामोटी आकलन गर्न सकिने आधार

बन्नसक्ने देखिएको छ। केही पीडितहरूका सम्बन्धमा सङ्कलित सामग्रीहरूको समुचित व्यवस्थापन एवम् उपयोग गरी समस्त पीडितहरूको सामूहिक हकहितका लागि उपयोग गर्नेतर्फ हामी समर्पित हुन चाहन्छौँ। द्वन्द्वरत पक्षलाई आफूले बेपत्ता पारेका नागरिकहरूको स्थिति सार्वजनिक गर्न दबाब दिने, बेपत्ता नागरिकहरूको वास्तविकता सार्वजनिक गर्ने, बेपत्ता नागरिकलाई आवश्यक राहत प्रदान गर्नका लागि सरकार एवम् बेपत्ता नागरिकका सम्बन्धमा कार्य गर्ने सङ्घसंस्थाहरूबीच समन्वय स्थापित गर्न उक्त सामग्रीहरू वृत्तचित्र, लेख एवम् प्रतिवेदन वितरण गर्नुपर्ने देखिन्छ।

*(आतङ्कपीडित टुहुरा समाजका अध्यक्ष केपी अधिकारीको नेतृत्वमा गरिएको स्थलगत अध्ययनको अंश)*

# शिक्षा तथा खेलकुद मन्त्रालयमा सय दिन

- विश्वविद्यालयहरुमा उपकूलपतिलगायतका पदाधिकारीहरुको नियुक्ति गरिएको छ।
- कक्षा १-८ तथा ९-१२ को समग्र शिक्षा पद्धतिका लागि मूल दस्तावेजको मस्यौदा गरी एसियाली विकास बैंकलाई बुझाइएको छ।
- नतिजामुखी व्यवस्थापन (एमएफडीआर) अन्तर्गत संस्थागत सुधारका लागि रिजल्ट चेनको विकास गर्ने प्रक्रिया सुरु भएको छ।
- शिक्षा ऐन तथा नियमावलीको संशोधनका लागि प्राप्त सुझावहरुलाई समायोजन गर्न गठित समितिले काम गरिरहेको छ।
- पुस्तकालय तथा सूचनासम्बन्धी राष्ट्रिय नीति तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइएको छ।
- २५ मिलियन यूरो अनुदानका लागि युरोपेली सङ्घसँग र ८ मिलियन अमेरिकी डलर अनुदानका लागि एसियाली विकास बैङ्कसँग सम्झौता हुने तयारीमा रहेको छ।
- उच्च शिक्षा परियोजना सञ्चालनका लागि विश्व बैङ्कसँग ६० मिलियन डलरको सम्झौता भएको छ।
- विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका जारी भएको छ।
- शिक्षाका लागि सञ्चार रणनीतिको मस्यौदा तयार भएको छ।
- छात्रवृत्ति नियमावलीमा प्रथम संशोधन गरिएको छ।
- प्रति विद्यार्थी एकाइ लागत अनुदान सञ्चालन निर्देशिकाको मस्यौदा तयार भएको छ।
- एसएलसीको नतिजा विभिन्न सञ्चारमाध्यमबाट प्रकाशित हुने व्यवस्था मिलाइएको छ। एक्जेम्प्टेड परीक्षार्थीका हकमा लब्धाङ्कपत्रसमेत प्रकाशित भएको। अब उप्रान्त हुने नतिजामा सबै विद्यार्थीको लब्धाङ्कपत्रसमेत इन्टरनेटमा राखिनेतर्फ कारबाही सुरु भएको छ।
- परीक्षा नियन्त्रण कार्यालयमा सीसीटीभी राखिएको छ। सबै कोठामा कम्प्युटर नेटवर्किङ तथा इन्टरनेटको सुविधाको व्यवस्था गरिएको छ।
- त्रिवर्षीय योजना तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको छ।
- निजी क्षेत्रबाट पूर्वाञ्चल विकास क्षेत्रमा कक्षा ५ का पाठ्यपुस्तक छपाई गरी वितरण गरिएको छ।
- मन्त्रालयको कार्यहरुलाई आइटी बेस बनाउन विद्युतीय सुशासनसम्बन्धी सफ्टवेयरको प्रयोग गरिएको छ। हाल बाहिरबाट प्राप्त पत्रहरुलाई दर्ता गर्ने कार्य परीक्षणका रुपमा सञ्चालन सञ्चालन गरिएको छ।
- विभिन्न मेडिकल विषयका ४२ जना पोस्ट ग्र्याजुयट विद्यार्थीलाई मनोनयन गरी चीनमा अध्ययनार्थ पठाइएको छ।
- विश्वविद्यालयहरुको छाता ऐनको मस्यौदा तयार गर्ने काम भएको छ।
- दक्षिण एसियाली खेलकुद र १५ औं एसियाली खेलकुद प्रतियोगितामा विजयी खेलाडी, प्रशिक्षक र सम्बन्धित खेलका राष्ट्रिय सङ्घहरुलाई पुरस्कार बृद्धि भएअनुरुप वितरण गरिएको छ।
- २६ औं एथलेटिक्स तथा २९ औं छात्र र २७ औं छात्रा भलिवल प्रतियोगिता सम्पन्न गरिएको छ।
- नेपाल पाराओलम्पिक कमिटीले सुस्तमनस्थितिका लागि बोचिया खेल तालिम सम्पन्न भएको छ।
- दृष्टिविहीन, बहिरा, सुस्तश्रवण र शारीरिक अपाङ्गका लागि टेबलटेनिस तालिम सम्पन्न भएको छ।

*(नेकपा (एमाले) का तर्फबाट प्रदीप नेपाल, शिक्षा तथा खेलकुदमन्त्री र मोहनसिंह राठौर, शिक्षा तथा खेलकुद राज्यमन्त्री भएपछि भएका यी केही बुँदागत कामहरु हुन् ।)*

# राजतन्त्रको अर्थराजनीति

पत्रकार सूर्य थापाको यो तेस्रो पुस्तक हो । यसभन्दा अघि ‘विश्वमा राजतन्त्र : उत्थान, पतन र भविष्य’ र ‘नेपालमा राजतन्त्र र दलहरूबीचको सङ्घर्ष’ नामक दुईवटा चर्चित पुस्तकहरू उनबाट पाठकहरूले प्राप्त गरिसकेका छन् । ती दुवै पुस्तकले नेपालमा राजतन्त्रको तानाशाही विरुद्ध लडिरहेका जनतालाई वैचारिक रूपले खुराक र लड्नका लागि ऊर्जा प्रदान गरेको थियो ।

यस पुस्तकमा तेह्रवटा उपशीर्षकहरू र चौधवटा अनुसूचीहरू रहेका छन् । ‘दस पुस्तामा खर्बौपति’ भन्ने उपशीर्षकमा राजाको पुर्ख्यौली सम्पत्तिदेखि वर्तमान सम्पत्तिसम्मको लेखाजोखा गर्ने प्रयत्न गरिएको छ । तर, त्यसबारे ठ्याक्कै उल्लेख गर्न नसकिएको प्रसङ्ग उल्लेख गर्दै ‘संसद्, सरकार र आमनेपाली जनताले जान्न चाहँदासमेत सम्पत्ति विवरण उपलब्ध गराउन नमान्ने नारायणहिटी विवरण उपलब्ध गराउन सक्नेछन्’ भनेर लेखकले पुस्तकमा लेखेका छन् । यसले नेपालको राजतन्त्र अपारदर्शी रहेको तथ्यलाई प्रस्ट देखाएको छ । ‘राजा त्रिभुवन लखपति, राजा महेन्द्र करोडपति, राजा वीरेन्द्र अर्बपति र ज्ञानेन्द्र खर्बपति’ रहेको निष्कर्षमा पुग्ने यथेष्ट आधारहरू यो अध्यायमा पनि पाइन्छ ।

राजाको सम्पत्तिका बारेमा विगतदेखि बारम्बार प्रश्न उठ्ने गरेको भए पनि त्यसलाई खोजबिन गर्ने काम गरिएको थिएन । तर, महान् र ऐतिहासिक दोस्रो जनआन्दोलनदेखि भने राजा र राजपरिवारको सम्पत्ति खोज्ने आवाज चर्को रूपमा उठ्यो । फलस्वरूप पुनःस्थापित प्रतिनिधिसभा र सरकारले यस दिशातर्फ केही पाइला चाले । प्रतिनिधिसभाका सार्वजनिक लेखा समिति र प्राकृतिक स्रोत साधन समितिले यसतर्फ केही पाइला चाले । राजाको जग्गा-जमिन सम्बन्धमा स्वयम् सूर्य थापाकै पहिलो पुस्तकमा पनि केही चर्चा गरिएको थियो ।

अहिलेसम्म नेपाली जनतालाई राजा वीरेन्द्रको सम्पत्ति कति थियो भन्ने थाहा छैन । राजा वीरेन्द्रको सम्पत्ति राष्ट्रियकरण गरेर ट्रस्ट बनाउने भनिए पनि त्यसबारेमा कुनै ठोस पाइला चाल्न सरकारले सकेको छैन । दरबारले भने एउटा राजाको सम्पत्ति स्वतः अर्को राजामा सरेको भनेर लुकाउन चाहेको छ । आफ्नो घोषणालाई कार्यान्वयन गर्न स्वयम् सरकारले पनि जाँगर देखाएको छैन । संसारभरका राजा र धनी मानिसहरूको सम्पत्ति कति बढ्यो र कति घट्यो भनेर वर्षैपिच्छे संसारका विभिन्न पत्रपत्रिकाले जानकारी दिन्छन् । अन्य देशका राजाको सम्पत्ति कति छ भन्ने थाहा पाए पनि आफ्नै देशका राजा र राजपरिवारको सम्पत्तिबारे नेपाली जनताले अहिलेको समयमा पनि थाहा पाउन नसक्नु विडम्बना हो ।

राजाको नगद, सुन-चाँदी र हीरा-जवाहरातका बारेमा थाहा पाउन नसकिए पनि राजा र राजपरिवारका नाममा र राजपरिवारसँग सम्बन्धित उद्योग-धन्दाका नाममा रहेका अचल सम्पत्तिका बारेमा पुस्तकले प्रमाणसहित विस्तृत जानकारी भने दिएको छ । यसरी जग्गा-जमिन जोड्दै जाने क्रममा कस्ता-कस्ता तिकडम राजतन्त्रले गऱ्यो भन्ने जानकारी दिन पनि पुस्तक सफल छ । पुस्तकको दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं अध्यायमा यस सम्बन्धमा विस्तृत र खोजमूलक जानकारीहरू रहेका छन् ।

‘ढुकुटीको नाश : संसद्को आत्मसमर्पण’ भन्ने अध्यायमा लेखकले इङ्ल्यान्डमा त्यहाँका राजा र संसद्बीच भएको द्वन्द्वको सन्दर्भ उल्लेख गर्दै नेपालको संसद्ले बेलायतको संसद्ले जति पनि खर्चको मामलामा राजालाई नियन्त्रण गर्न नसकेको विचार व्यक्त गरेका छन्, जुन कुरामा सत्यता छ ।

नेपालमा अहिले पनि राजतन्त्र र संसद्बीच सङ्घर्ष जारी छ र क्रमशः संसद्ले आफूलाई कानुनी रूपमा बलियो बनाउँदै लैजाने प्रयत्न गरेको छ । हालै अन्तरिम संविधानको दोस्रो संशोधनबाट राजालाई संसद्ले कारबाही गर्नसक्ने बाटो खुलेको छ । राजालाई दिने रकमका बारेमा पनि संसद्भित्र बारम्बार आवाज उठेको छ र त्यसलाई रोक्नुपर्ने दिशातर्फ संसद्ले पाइला चाल्नुपर्ने चर्को रूपमा उठेको छ ।

प्रस्तुत पुस्तकले तथ्यहरूलाई केवल चर्चा र सुने-सुनाएका भरमा मात्र चित्रण नगरेर कागजात र प्रमाणपत्रहरूका आधारमा सकेसम्म पुष्टि गर्ने प्रयत्न गरेको छ । पुस्तकमा रहेका चौधवटा अनुसूचीहरू त्यसका प्रमाण हुन् ।

यो पुस्तक नेपालको राजनीतिमा राजतन्त्रको आर्थिक भूमिका कस्तो रह्यो भनेर विश्लेषण गर्न चाहनेहरूका लागि एउटा महत्त्वपूर्ण सन्दर्भसामग्री हुनेछ । नेपालको इतिहासमा राजतन्त्रको भूमिकाको विश्लेषण गर्न चाहनेहरूलाई पनि यो पुस्तकले राम्रो सहयोग पुऱ्याउनेछ । राजनीति गर्ने प्रत्येकका लागि यो एउटा पढ्नैपर्ने पुस्तकका रूपमा रहेको छ । लेखक मूलतः पत्रकार भएकाले उनले आफ्ना विचार र भनाइहरूलाई सकेसम्म तथ्य र प्रमाणमा आधारित गर्ने प्रयत्न गरेका छन्, जुन पुस्तकको उल्लेख्य पक्ष हो । पुस्तक सरल भाषामा छ ।

■ **रघु पन्त**